
फागुन – १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष ३२, अङ्क २१ | २०८० फागुन १-१५ | पूर्णाङ्क ७५९



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

**Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np**

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिस्ट्रार श्री देवेन्द्रराज ढकाल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री विश्वराज कोइराला, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिस्ट्रार श्री विमल पौडेल, सर्वोच्च अदालत** | **- सदस्य** |
| **अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री हरि शंकर निरौला, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **डा.कृष्णप्रसाद बस्याल, डिन, त्रिभूवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री दीक्षा प्रधानाङ्ग

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री सुजता उप्रेती
शाखा अधिकृत श्री सुकराम मोक्तान
शाखा अधिकृत श्री विनिता महर्जन
शाखा अधिकृत श्री समिता श्रेष्ठ
नायब सुब्बा श्री सन्तोष घिमिरे
नायब सुब्बा श्री रेखा दाहाल
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री विदुर खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री अच्युतप्रसाद दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री खिमा पोखरेल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
सिनियर प्लेटमेकर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर बुकबाइन्डर श्री तारा वाग्ले
सहायक कार्टोग्राफर श्री विपिन अधिकारी
बुकबाइन्डर श्री सरिता चक्रधर
बुकबाइन्डर श्री मदन तिमल्सिना
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
कार्यालय सहयोगी श्री धनमाया नगरकोटी
कार्यालय सहयोगी श्री रमेश नेपाल

**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | ३ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | १४ |
| इजलास नं. ३ | २५ |
| इजलास नं. ४ | १ |
| **जम्मा** | **४७** |

| | |
|---|---|
| इजलास नं. ५ | ४ |
| इजलास नं. ८ | १ |
| **जम्मा** | **५** |

**कूल जम्मा ४७ + ५ = ५२**

# नेपाल कानून पत्रिकामा

## प्रकाशित भएका फैसलाहरू (२०१५ सालदेखि हालसम्म)

## हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

## मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्ने छः**

**सअ बुलेटिन, २०८..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०८०, फागुन – १, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

## सूचना

**"नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन"** को **"वार्षिक ग्राहक"** बन्न चाहनेका लागि **२०७६ वैशाख अङ्क**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **नेपाल कानून पत्रिका रू.७५** र **सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ४** |
| १. | अपहरण तथा शरीर बन्धक (सङ्गठित अपराध) | हरेसकुमार चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रदिप विश्वाससमेत | १ |
| २. | जबरजस्ती करणी | कृष्णबहादुर विष्ट वि. नेपाल सरकार | २ |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रामकुमारी रानासमेत | ३ |
| **इजलास नं. १** | | | **४ - ७** |
| ४. | कर्तव्य ज्यान | नेपाल सरकार वि. पञ्चबहादुर भन्ने मानबहादुर मगर | ४ |
| ५. | मानव बेचबिखन तथा ओसारपसार | प्रदिप झा वि. नेपाल सरकार | ५ |
| ६. | उत्प्रेषण / प्रतिषेधसमेत | आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व कार्यालय, सिमरा, बारासमेत | ६ |
| ७. | लिखत बदर | बासुदेव अर्यालसमेत वि. बुद्धिप्रसाद अर्याल | ७ |
| **इजलास नं. २** | | | **७ – १७** |
| ८. | जग भत्काइ जग्गा खाली गराई चलनसमेत | कृष्णबहादुर मानन्धरसमेत वि. कमला सुब्बा | ७ |
| ९. | जग्गा खिचोला | कुलानन्द शर्मा वि. मिश्रीलाल दास तत्मासमेत | ९ |
| १०. | लिखत बदर | सुनिता श्रेष्ठसमेत वि. प्रेमबहादुर श्रेष्ठसमेत | १० |
| ११. | कर्तव्य ज्यान | भवानी थापा भन्ने गौरीकुमारी थापा वि. नेपाल सरकार | १० |
| १२. | लागु औषधी ब्राउन सुगर | नेपाल सरकार वि. प्रतिक उपाध्याय | ११ |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. डिकबहादुर बस्नेत भन्ने हिकबहादुर बस्नेत, डिकबहादुर बस्नेत भन्ने हिकबहादुर बस्नेत वि. नेपाल सरकार | १२ |
| १४. | जबरजस्ती करणी | नेपाल सरकार वि. मेषराम वि.क. (कामी) | १३ |
| १५. | वैदेशिक रोजगार कसुर | श्यामराज पाण्डे वि. नेपाल सरकार | १३ |
| १६. | बहुविवाह | नेपाल सरकार वि. पदमबहादुर भुजेलसमेत | १४ |
| १७. | अंशबन्डा गरिपाऊँ | राकेश विलास वि. क्षमता ढकाल विलाससमेत | १४ |
| १८. | दूषित लिखत दर्ता बदर दर्ता | किरणकुमार खनाल वि. कान्छी श्रेष्ठ | १५ |

| | | | |
|---|---|---|---|
| १९. | उत्प्रेषणसमेत | दिपक सापकोटा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत | १६ |
| २०. | वैदेशिक रोजगार कसुर | मनोज थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. मनोज थापा | १६ |
| २१. | अंश दर्ता | संझादेवी मण्डल राजधोव वि. रामगोविन्द मण्डलसमेत | १७ |
| **इजलास नं. ३** | | | १८ – ४३ |
| २२. | बैंकिङ कसुर | कान्छाराम तामाङ (लामा) भन्ने कान्छाराम थिङ वि. नेपाल सरकार | १८ |
| २३. | बैंकिङ कसुर | देवकी घिमिरे थापा वि. नेपाल सरकार | १८ |
| २४. | बैंकिङ कसुर | विनोदकुमार अग्रवाल वि. नेपाल सरकार | १९ |
| २५. | राजस्व चुहावट | नेपाल सरकार वि. घनश्याम यादवसमेत | २० |
| २६. | राजस्व चुहावट | मोहम्मद साहिर अन्सारी वि. नेपाल सरकार | २२ |
| २७. | बैंकिङ कसुर | बेणीमाधव भट्टराई वि. नेपाल सरकार | २३ |
| २८. | बैंकिङ कसुर | उत्तम तिमल्सिना वि. नेपाल सरकार | २४ |
| २९. | बैंकिङ कसुर | नेपाल सरकार वि. ज्ञानबहादुर क्षेत्री | २५ |
| ३०. | बैंकिङ कसुर | अंख भन्ने अङ्कबहादुर बुढा वि. नेपाल सरकार | २६ |
| ३१. | बैंकिङ कसुर | सुरेन्द्रबहादुर थापा वि. नेपाल सरकार | २७ |
| ३२. | उत्प्रेषणयुक्त परमादेशसमेत | बिकेन थापा वि. जिल्ला खेलकुद विकास समितिको कार्यालय मोरङ, विराटनगरसमेत | २८ |
| ३३. | जालसाजी | पोषणराजपन्त वि. तेजकुमारी पन्तसमेत | २९ |
| ३४. | अंश चलन | पोषणराज पन्त वि. तेजकुमारी पन्त | २९ |
| ३५. | हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता कायम चलन | पोषणराज पन्त वि. तेजकुमारी पन्तसमेत | ३० |
| ३६. | अंश नामसारी | नगेन्द्रमान पाण्डे वि. धनबहादुर पाण्डेसमेत | ३१ |
| ३७. | उत्प्रेषणयुक्त परमादेशसमेत | कृष्णकुमार सहनीसमेत वि. रौतहट जिल्ला, गरूडा नगरपालिका, वडा नं. ४ स्थित गरूडा नगरपालिका कार्यालयसमेत | ३३ |
| ३८. | बहुविवाह | विष्णुबहादुर भण्डारी वि. नेपाल सरकार | ३३ |

| | | | |
|---|---|---|---|
| ३९. | लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरिपाऊँ | रूपा भण्डारी वि. गजेन्द्रनारायण विष्ट | ३४ |
| ४०. | लेनदेन | उदेश शाखकर्मी वि. कृष्णबहादुर श्रेष्ठ | ३५ |
| ४१. | कर्तव्य ज्यान | डिल्लीबहादुर सार्की वि. नेपाल सरकार | ३६ |
| ४२. | उत्प्रेषण परमादेशसमेत | डा. सवरी साह वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत | ३८ |
| ४३. | उत्प्रेषणयुक्त परमादेशसमेत | राजनप्रसाद पोखरेल वि. स्वास्थ्य कार्यालय, सिन्धुलीका कार्यालय प्रमुखसमेत | ३९ |
| ४४. | उत्प्रेषण / परमादेशसमेत | मदन भौकाजी वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत | ४० |
| ४५. | अंश चलन | पूर्णकेशरी श्रेष्ठ वि. अरूणा कार्की, सन्तोष श्रेष्ठ वि. अरूणा कार्की | ४१ |
| ४६. | दूषित शेषपछिको बकसपत्र लिखत बदर | पुनम शाही वि. बद्रीराम शाहीसमेत, बद्रीराम शाहीसमेत वि. पुनम शाही | ४२ |
| **इजलास नं. ४** | | | **४३ – ४८** |
| ४७. | जबरजस्ती करणी | नेपाल सरकार वि. देवराज पण्डितसमेत | ४३ |
| **इजलास नं. ५** | | | **४९ – ५१** |
| ४८. | बन्दी प्रत्यक्षीकरण | रेवतीराज ढुंगाना वि. उच्च अदालत पाटन, ललितपुरसमेत | ४९ |
| ४९. | हक कायम दर्ता नामसारीसमेत | शेरबहादुर महर्जन वि. गोविन्दप्रसाद खनाल | ४९ |
| ५०. | उत्प्रेषणयुक्त परमादेश | दिपकराज जोशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | ५० |
| ५१. | बन्दी प्रत्यक्षीकरण | प्रमोदकुमार खड्का वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत | ५० |
| **इजलास नं. ८** | | | **५१ – ५२** |
| ५२. | अबन्डा सम्पत्ति बन्डा गरिपाउँ | राधादेवी बस्नेत वि. नन्दकुमार बस्नेत, श्रीराज बस्नेत वि. नन्दकुमार बस्नेत, नन्दकुमार बस्नेत वि. सुरेशकुमार बस्नेत, सुरेशकुमार बस्नेत वि. नन्दकुमार बस्नेत, सञ्जयकुमार बस्नेत वि. नन्दकुमार बस्नेत | ५१ |

## संयुक्त इजलास

### १

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७४-CR-०६९५, अपहरण तथा शरीर बन्धक (सङ्गठित अपराध), हरेसकुमार चौधरी वि. नेपाल सरकार, नेपाल सरकार वि. प्रदिप विश्वाससमेत*

प्रतिवादी हरेशकुमार चौधरीसमेतका प्रतिवादीहरूले मिति २०७१।२।२१ गतेका दिन कृष्ण साहलाई अपहरण गरेकोले प्रतिवादीहरूलाई अपहरण तथा शरीर बन्धक कसुरमा कसुर कायम भई सजाय भएको तथ्यमा विवाद रहेन । प्रस्तुत वारदात सङ्गठित रूपमा गरेको हो होइन भन्नेतर्फ विचार गर्दा यससम्बन्धी कानूनी व्यवस्था हेर्नुपर्ने हुन्छ। सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ३ को उपदफा (२) मा उपदफा (१) को प्रयोजनको लागि कसैले आपराधिक समूहको लाभको लागि, आपराधिक समूहको निर्देशनमा, आपराधिक समूहको तर्फबाट, आपराधिक समूहसँग मिलेर वा आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य भई जानी जानी कुनै गम्भीर अपराध गरेमा निजले सङ्गठित अपराध गरेको मानिने छ भन्ने व्यवस्था रहेको छ । प्रस्तुत मुद्दामा संलग्न प्रतिवादीहरूले आपराधिक समूहको लाभको लागि आपराधिक समूहको निर्देशनमा काम गरेको देखिँदैन। प्रतिवादीहरू आपराधिक समूहको संस्थापक सदस्य वा सदस्य रहे भएको पनि देखिएन। सोही ऐनको दफा २ को (घ) मा "आपराधिक समूह" भन्नाले प्रत्यक्ष वा परोक्ष रूपमा परिच्छेद ३ मा उल्लिखित सङ्गठित अपराध गर्ने उद्देश्यले नेपालभित्र वा नेपालबाहिर रहे भएको सङ्गठित वा असङ्गठित तीन वा तीनभन्दा बढी व्यक्तिहरूको समूहलाई "आपराधिक समूह" मानी परिभाषा गरिएको छ । एकभन्दा बढी अपराधीहरूले सङ्गठित रूपमा कुनै अपराध गर्नु तथा अपराधहरू गर्ने मनसायले आपराधिक समूहको स्थापना गरी सङ्गठित रूपमा अपराध गर्नु फरक अवस्था हुन्। प्रस्तुत मुद्दामा तीन वा तीनभन्दा बढी व्यक्तिहरूको समूह संलग्न रहेको देखिए तापनि सङ्गठित अपराध गर्ने उद्देश्यले समूह निर्माण भएको देखिएन । सङ्ख्यात्मक रूपमा तिन वा तिनभन्दा बढी व्यक्तिहरू संलग्न हुँदैमा ऐ. ऐनको प्रयोजनार्थ आपराधिक समूह भन्ने नामकरण गर्न मिल्दैन । प्रतिवादीहरूले सङ्गठित आपराधिक समूहको रूपमा कसुर गरेको अवस्था मिसिलबाट पुष्टि नभएको र अपराधमा संलग्न व्यक्तिहरूको बढी सङ्ख्याका आधारमा मात्र सङ्गठित अपराध मान्न मिल्ने नदेखिएबाट प्रस्तुत मुद्दाको वारदातमा संलग्न रहेका प्रतिवादीहरूलाई अपहरण तथा शरीर बन्धकतर्फ मात्र कसुर कायम गरी मुलुकी ऐन अपहरण गर्ने शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम निजहरूलाई जनही ७।०।० (सात वर्ष) कैद र रू.५०,०००।- जरिवाना हुने र पीडितले प्रतिवादीहरूबाट जनही रू.१०,०००।- को दरले क्षतिपूर्ति भराइलिन पाउने ठहऱ्याई भएको पुनरावेदन अदालत विराटनगरको फैसलालाई अन्यथा मान्न मिनल्ने ।

तसर्थ, प्रतिवादीहरू हरेसकुमार चौधरी, अनिल भन्ने जितेन्द्रकुमार चौधरी, प्रदिप विश्वास, मनोज यादव, मोहमद चत्रू भन्ने नुरमोहमद मियाँ, बहुदल भन्ने नवीनकुमार गच्छेदार, देवनारायण गच्छेदार, वीरेन भन्ने वीरनारायण चौधरी र सत्यनारायण तिवारीलाई मुलुकी ऐन अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम जनही ७।०।० (सात वर्ष) कैद र रू.५०,०००।- जरिवाना हुने साथै सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम जनही कैद ३।६।० (तीन वर्ष छ महिना) थप सजाय हुने र पीडितले प्रतिवादीहरूबाट जनही रू.१०,०००।- को दरले क्षतिपूर्ति भराइलिन पाउने गरी मोरङ जिल्ला अदालतबाट भएको मिति

२०७३।३।१९।१ को फैसला सङ्गठित अपराध निवारण ऐन, २०७० को दफा ९(क) बमोजिम ३ वर्ष ६ महिना थप सजाय गर्ने गरेको हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीहरूलाई जनही ७।०।० (सात वर्ष) कैद र रू.५०,०००।- जरिवाना हुने र पीडितले प्रतिवादीहरूबाट जनही रू.१०,०००।- को दरले क्षतिपूर्ति भराइलिन पाउने गरी उच्च अदालत विराटनगरबाट मिति २०७४।३।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ पौष २१ गते रोज ५ शुभम्।

## २

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** *०७४-CR-०९०१, जबरजस्ती करणी, कृष्णबहादुर विष्ट वि. नेपाल सरकार*

मौकाको जाहेरी दरखास्त, सो जाहेरी बेहोरालाई पुष्टि हुने गरी पीडितले किटानीरूपमा यी पुनरावेदक प्रतिवादीसमेतले आफूलाई जबरजस्ती करणी गरेको भनी गरेको बकपत्र, अर्का प्रतिवादी मनोज डाँगीको मौकाको साबिती बयानसमेतका आधार प्रमाणबाट यी पुनरावेदक प्रतिवादी कृष्णबहादुर विष्टसमेतले सङ्केत नं. दाङ ५६ इलाका प्रहरी कार्यालय, तुलसीपुर १४ लाई मिति २०७२/१/२१ गतेका दिन सामूहिक रूपमा जबरजस्ती करणी गरेको तथ्य स्थापित हुने।

मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. मा कसैले कुनै महिलालाई निजको मन्जुरी नलिई करणी गरेमा वा सोह्र वर्षभन्दा कम उमेरकी बालिकालाई निजको मन्जुरी लिई वा नलिई करणी गरेमा निजले जबर्जस्ती करणी गरेको ठहर्छ भन्ने व्यवस्था रहेको सोबमोजिम गरेकोमा सोही महलको दफा ३ को देहाय ४ मा सोह्र वर्ष वा सोभन्दा बढी बिस वर्षभन्दा कम उमेरकी महिला भए पाँच वर्षदेखि आठ वर्षसम्म कैद सजाय हुने व्यवस्था रहेको देखिन्छ। पीडित १७ वर्षकी देखिएकोले प्रस्तुत दफा आकर्षित हुने नै देखिन्छ। पीडितउपर सामूहिक रूपमा जबरजस्ती करणी भएको पुष्टि हुन आएकोबाट मुलुकी ऐन, जबरजस्ती करणीको महलको ३क. नं. मा उल्लिखित महिलालाई सामूहिक रूपमा जबर्जस्ती करणी गर्ने वा गर्भवती, असक्त वा अपाङ्ग महिलालाई जबरजस्ती करणी गर्नेलाई यस महलमा लेखिएको सजायमा थप पाँच वर्ष कैद गर्नुपर्छ भन्ने व्यवस्था रहेको र यस्तो अवस्थामा यस अदालतबाट सामूहिक क्रियाबाट भएको जबरजस्ती करणी जस्तो कसुरमा पीडित र प्रतिवादीहरूले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष साथै अदालतमा गरेको कागज र बयान, प्रतिवादीहरूले एक अर्कामा गरेको पोल र वादी पक्षका साक्षीहरूसमेतले अदालतमा वारदातको तथ्य र त्यसमा प्रतिवादीहरूको संलग्नताको सम्बन्धमा गरेको बकपत्रहरूबिच देखिने बढीभन्दा बढी सामञ्जस्यतामा तथ्य र सत्य पहिल्याएर नै कसुरदार ठहऱ्याउनुपर्ने । अझ सामूहिक जस्ता क्रिया सबै वारदात र कसुरमा प्रत्यक्ष, ठोस एवं भौतिक प्रमाणहरू नै हुन्छन् भन्न सकिने अवस्था हुँदैन । प्रतिवादीले आफूलाई कसुरबाट निर्दोष साबित गराउन भरमग्दुर प्रयास गरे पनि निजहरूलाई कसुरदार ठहऱ्याउने यी यस्ता प्रकृतिका प्रमाणहरू नै पर्याप्त आधार हुने (ने.का.प.२०७४ अङ्क ११ नि.नं.१००६२) भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको देखिएबाट जबरजस्ती करणीको महलको ३क नं. आकर्षित हुने।

तसर्थ, यी पुनरावेदक प्रतिवादी कृष्णबहादुर विष्टसमेतले सङ्केत नं. दाङ ५६ इलाका प्रहरी कार्यालय, तुलसीपुर १४ लाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. बमोजिम जबरजस्ती करणी गरेको पुष्टि भएबाट निज प्रतिवादी कृष्णबहादुर बिष्टलाई सोही महलको ३ नं.को देहाय ४ बमोजिम ५ वर्ष र सोही महलको ३क. नं. बमोजिम सामूहिक जबरजस्ती करणी गरेकोले थप ५ वर्ष कैदसमेत गरी जम्मा १० वर्ष कैद

हुने र पुनरावेदक प्रतिवादी कृष्णबहादुर विष्टबाट समेत पीडितलाई सोही महलको १० नं. बमोजिम जनही रू.१५,०००।- (पन्ध्र हजार) क्षतिपूर्तिसमेत भराइदिने गरी सुरू दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७२/१२/९ मा भएको फैसला सदर हुने ठहर्‍याई उच्च अदालत तुलसीपुरबाट मिति २०७४।४।१६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : राजकुमार दाहाल

कम्प्युटर : चन्दनकुमार मण्डल

इति संवत् २०७९ पौष २१ गते रोज ५ शुभम्।

**३**

**स.का.मु.प्र.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७१-CR-१३२३, कर्तव्य ज्यान, नेपाल सरकार* वि. *रामकुमारी रानासमेत*

प्रतिवादी रामकुमारी रानाको मृतक खगिसरा थापाको ज्यान मार्ने नियत नभए तापनि ज्यान जानसक्ने प्रकारको क्रियाकलाप भने अवश्य पनि गरेको देखिन्छ। निजले उपचारको लागि भनी झारफुक गर्दा शारीरिक यातना, पीडा दिने काम गर्दा मानिसको ज्यान जान सक्छ भन्ने जानकारी हुँदाहुँदै पनि लापरवाहीयुक्त कार्य गरेको देखिन्छ। प्रतिवादी रामकुमारी रानाले मृतक खगिसरालाई हानि पुर्‍याउने नियतले काम गरेको नभए तापनि काम गर्दाको समयमा अपनाउनुपर्ने सावधानी नअपनाई कार्य गरेकोले उक्त घटना घटेको देखिन्छ। यसै सन्दर्भमा ऐ.ऐनको ऐन महलको ६(२) नं. मा होस नपुर्‍याई वा हेलचेक्र्‍याइँ गरी कुनै काम गर्दा भवितव्य परेकोमा पाँच सय जरिवाना र दुई वर्षसम्म कैद वा दुवै सजाय हुन्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। यसमा प्रतिवादी रामकुमारी रानाले मृतक खगिसरा थापालाई झारफुक गर्ने सिलसिलामा मृतकलाई कुटपिट गर्दा यातना दिँदा ज्यानैसमेत जानसक्नेतर्फ यी प्रतिवादी रामकुमारी राना सतर्क भएको नदेखिएको र अनुचित जोखिम लिएर काम गरेकोसमेत देखिँदा निजलाई कानूनले तोकेको अधिकतम सजाय २ वर्ष कैद र रू.५०० जरिवाना गर्ने गरी भएको पुनरावेदन अदालत बुटवलको फैसला मनासिब नै देखिने।

अर्को प्रतिवादी टोपबहादुर थापालाई सुरू अभियोग मागदाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदन जिकिरतर्फ हेर्दा, प्रतिवादी टोपबहादुर थापा र मृतक खगिसरा थापा श्रीमान् श्रीमती नाताको रहेको देखिन्छ। घटना घट्नु अघिल्लो दिन मृतक खगिसरा थापा आफैँ माताको घरमा गएर बस्छु भनी घरबाट निस्केको बेहोरा प्रतिवादीहरू टोपबहादुर थापा, रामकुमारी रानाको अधिकार प्राप्त अधिकारीसमक्षको बयान बेहोराबाट देखिन्छ। निजहरूको उक्त बयान मिति २०६८।५।२२ गते बेलुकी घरको सानो खुकुरी लिएर मम्मी लमेनी रामकुमारी रानाको घरतिर जानुभयो। त्यसको करिब १ घण्टापछि बाबा पनि त्यहाँ जानुभयो भनी मृतककी छोरी निर्मला थापाले गरेको कागजसमेतबाट समर्थित भइरहेको छ। यसरी मृतक आफैँ कसैको दबाब प्रभावबिना नै प्रतिवादी रामकुमारी रानाको घरमा गएको र प्रत्यर्थी प्रतिवादी टोपबहादुर थापा पनि निजको पछि लागी त्यहाँ गएकोमा सम्म विवाद नदेखिने।

प्रतिवादी टोपबहादुर थापा मृतक खगिसरा थापासँगै घटनास्थलमा रहेको भए तापनि निजको मृतकलाई आफूले कुटपिट गरेकोमा इन्कारी रही अनुसन्धान अधिकारी तथा अदालतसमक्ष बयान गरेको देखिन्छ। सो बयानलाई घटनाको प्रत्यक्षदर्शी (निर्मला थापा) ले समेत प्रतिवादी टोपबहादुर थापाले मृतकलाई कुटपिट गरेको भनी खुलाउनसकेको अवस्था नहुँदा यी प्रतिवादी टोपबहादुर थापाको समेत कसुरमा संलग्नता थियो भन्न सक्ने अवस्था देखिएन। प्रमाण ऐन,२०३१ को दफा २५ फौजदारी मुद्दामा अभियुक्तको कसुर प्रमाणित गर्ने भार वादीको हुने छ भन्ने कानूनी व्यवस्था रहेकोमा प्रस्तुत मुद्दाको सन्दर्भमा प्रतिवादी टोपबहादुर थापाको के कस्तो

कार्यबाट मृतकको मृत्यु भएको भन्ने वस्तुनिष्ठ आधार प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा निज प्रतिवादी टोपबहादुर थापाले शंकाको सुविधा पाउने।

अत: प्रतिवादी रामकुमारी रानाले मृतक खगिसरा थापालाई मार्नुपर्नेसम्मको रिसइवी केही नरहेको, मृतक आफैँ प्रतिवादी रामकुमारी रानाको घरमा झारफुक गर्न गएको र झारफुक गर्ने क्रममा प्रतिवादी रामकुमारी रानाले कुटपिट गरेको कारण सोही चोटले मृतकको मृत्यु भएको देखिँदा निज प्रतिवादी रामकुमारी रानालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६(२) नं. बमोजिम २ (दुई वर्ष) कैद र रू.५००।– जरिवाना र प्रतिवादी टोपबहादुर थापाको कसुरमा संलग्नता रहेको वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा निजलाई अभियोग दाबीबाट सफाइ दिने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट मिति २०६९।४।२३ मा भएको फैसलालाई सदर गर्ने गरी पुनरावेदन अदालत बुटवलबाट मिति २०७०।९।१७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : श्रद्धा बिष्ट

इति संवत् २०७९ साल असोज ३१ गते रोज २ शुभम्।

## इजलास नं. १

### ४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-०८०१, कर्तव्य ज्यान, नेपाल सरकार वि. पञ्चबहादुर भन्ने मानबहादुर मगर*

मृतक खुकुरीसमेत लिई प्रतिवादीकोमा झगडा गर्न आएको देखिन्छ। निज मृतक प्रतिवादीको घरभित्र पसी निजलाई छातीमा समाई तानी बाहिर आगनमा ल्याएर कुटपिट गर्न खोज्दा दुवैबिच झगडा हुन गएको तथा मृतकले ल्याएको खुकुरी तानातान हुँदा प्रतिवादीको हातसमेत काटेको भन्ने प्रतिवादीको बयान तथा बकपत्र गर्ने कविता मगरसमेतको बेहोराबाट समेत खुल्दछ। यस्तो अवस्थामा मृतकलाई कुटपिट गर्न प्रतिवादीसमेत अग्रसर भएको देखिन्छ। प्रतिवादी झगडा साम्य पार्न घटनास्थलबाट अन्यत्रै जाने वा अन्य मानिसहरूलाई बोलाउने कार्य गर्न सक्ने अवस्थामा सो नगरी दाउराको चिरपटले कुटपिट गर्न उद्यत भएको देखिन्छ। प्रतिवादीले मृतकसँग झगडा हुँदा दाउराको चिरपट प्रयोग गरेको भए तापनि उक्त चिरपटले मृतकको हातमा वा शरीरको अन्य भागमा प्रहार गरी मृतकबाट खुकुरी खोस्न सकिने अवस्था हुँदासमेत त्यसतर्फ ध्यान नपुऱ्याई मृतकको संवेदनशील अङ्ग टाउकोमा प्रहार गरेको भन्ने देखिन आएको हुँदा प्रतिवादीले लापरवाही गरी मृतकलाई कुटपिट गर्दा मृतकको ज्यान गएको भन्ने पुष्टि हुने।

कुनै कसुर हुनका लागि कसुरमा आपराधिक मनसाय र आपराधिक कार्य दुवै भएको पुष्टि हुनुपर्दछ। आपराधिक मनसायका विभिन्न तह र रूप हुन सक्छन्। लापरवाही पनि आपराधिक मनसायको एक रूप हो। लापरवाहीपूर्ण कार्य भएको थियो वा थिएन भनी हेर्न कुनै कार्यमा सामान्य सुझबुझ भएको मानिसले जति सावधानी अपनाउनुपर्ने हो त्यो तहको सावधानी अपनाइएको थियो वा थिएन भनी हेर्नुपर्ने हुन्छ। कुनै कार्य गर्न सावधानी अपनाइएको अवस्थामा घटना वारदातलाई पन्छाउन सकिने अवस्था रहेको हुन्छ। यस्तोमा उचित सावधानी नअपनाएको अवस्थामा कुनै कसुर हुन पुग्छ भने त्यस्तोमा लापरवाहीपूर्ण कार्यले गर्दा कसुर हुन गएको हुने।

घटना वारदातमा प्रतिवादी र मृतकबिचको झगडा मृतकको कारणले सुरू भएको देखिए तापनि प्रतिवादी मानबहादुर मगरले मृतकलाई कुटपिट गर्दा दाउराको चिरपटले टाउकोमा प्रहार गर्दा निजको ज्यानसमेत जानसक्ने अवस्थातर्फ प्रतिवादी सजग रहेको भन्ने देखिँदैन। मृतकसँग झगडामा दाउराको चिरपट प्रयोग गर्नु तथा शरीरको अन्य भागमा प्रहार गर्दासमेत हुने अवस्थामा प्रतिवादीले मृतकको

टाउकोमा प्रहार गर्नुले निज प्रतिवादीले लापरवाहीपूर्ण कार्य गरेको देखिन्छ । प्रतिवादीमा मृतकलाई मार्नेसम्मको मनसाय रहेको भन्ने नदेखिएको भए तापनि मृतकसँग झगडा हुँदा लापरवाही गरी मृतकलाई टाउकोमा प्रहार गर्दा मृतकको ज्यानसमेत जानसक्ने सम्भावनातर्फ ध्यान नपुऱ्याई मृतकको टाउकोमा दाउराको चिरपटले प्रहार गर्दा निज मृतकको मृत्यु हुन पुगेको भन्ने देखिएको छ । सो हुँदा प्रतिवादीलाई मुलुकी अपराध संहिताको दफा १८१ (१) बमोजिम लापरवाहीपूर्ण काम गरी ज्यान मारेको कसुर कायम गरी निज प्रतिवादीलाई दफा १८१(२) बमोजिम सजाय गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसला मिलेकै देखिने ।

अतः प्रतिवादीले लापरवाहीपूर्ण कार्य गर्दा मृतक सुरेश राईको मृत्यु भएको हुँदा सुरू फैसला केही उल्टी गरी प्रतिवादीले लापरवाहीपूर्ण कार्य गरी ज्यान मारेको कसुर कायम गरी  मुलुकी अपराध संहिता, २०७४ को दफा १८१ (१) बमोजिमको कसुरमा सोही दफा १८१(२) बमोजिम प्रतिवादी मानबहादुर मगरलाई ३ वर्ष कैद र रू.३०,०००।- जरिवाना सजाय हुने र सोही संहिताको दफा १८६ बमोजिम प्रतिवादीबाट रू.५०,०००।- मृतकको हकवालालाई क्षतिपूर्तिबापत भराइदिने गरी भएको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६।०३।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल
कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)
इति संवत् २०७७ जेष्ठ २५ गते रोज १ शुभम् ।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान**, *०७३-CR-०३७३, मानव बेचबिखन तथा ओसारपसार, प्रदिप झा वि. नेपाल सरकार*

कस्तो कार्यलाई ओसारपसार गरेको मानिन्छ भन्ने सम्बन्धमा मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ को दफा ४ (२) मा वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ प्रलोभनमा पारी झुक्याई जालसाज गरी प्रपञ्च मिलाई जबरजस्ती गरी, कर कापमा पारी अपहरण गरी शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी पद वा शक्तिको दुरूपयोग गरी अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक धम्की दिई, करकापमा पारी, कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने कार्य गरेमा मानव ओसार पसार गरेको मानिने छ भन्ने कानूनी व्यवस्था रहेको छ। यस परिप्रेक्ष्यमा प्रतिवादी प्रदिप झाले काल्पनिक नाम “२१ ग” लाई कुनै पनि प्रकारको प्रलोभन पारेको वा झुक्याई जालसाज गरेको वा काल्पनिक नाम “२१ ग” को नाजुक स्थितिको फाइदा लिएको बेहोरा काल्पनिक नाम “२१ ग” को बकपत्र, स्वास्थ्य रिपोर्ट तथा प्रतिवादी प्रदिप झाको अनुसन्धान अधिकारीसमक्ष तथा अदालतसमक्ष भएको बयानसमेतबाट नदेखिँदा उक्त कानूनी प्रावधानको उल्लङ्घन गरेको हो भन्न मिल्ने नदेखिने ।

काल्पनिक नाम “२१ ग” को लागि कक्षा १० को सर्टिफिकेट बनाइदिन प्रतिवादी प्रदिप झाले भारत सुरसन्डमा विद्यालय शिक्षकसँग कुराकानी गरी सर्टिफिकेट चाहिने व्यक्ति फर्म भर्न र परीक्षा दिन आफैँ उपस्थित हुनुपर्ने बताएपछि निजहरू उक्त कामको लागि भारत जान लागेको देखिन्छ । यी प्रतिवादीबाट मानव बेचबिखन तथा ओसारपसारको कसुर हुने कुनै पनि कार्य भएको नदेखिएको अवस्थामा प्रतिवादी प्रदिप झालाई मानव बेचबिखन तथा ओसारपसारको कसुरमा कसुरदार ठहर गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट भएको फैसला न्यायोचित नदेखिने ।

प्रतिवादी प्रदिप झाले मानव बेचबिखन तथा ओसार पसार नियन्त्रण ऐन, २०६४ को दफा १५(१)(ङ) बमोजिम १० वर्ष कैद र रू.१,००,०००।– जरिवाना गर्ने गरी सुरू महोत्तरी जिल्ला अदालतको फैसला केही उल्टी भई प्रतिवादी प्रदिप झालाई ८ वर्ष कैद गर्ने गरी पुनरावेदन अदालत जनकपुरबाट मिति २०७३।०१।१५ मा भएको फैसला मिलेको नदेखिँदा उक्त फैसला उल्टी भई प्रतिवादी प्रदिप झाले आरोपित कसुरबाट सफाइ पाउने।

इजलास अधिकृत : श्रद्धा विष्ट

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७७ साल असार ९ गते रोज ३ शुभम्।

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना**, *०६४-WO-०८६०, उत्प्रेषण / प्रतिषेधसमेत, आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व कार्यालय, सिमरा, बारासमेत*

रिट निवेदकले दिएको रिट निवेदनमा आर्थिक वर्ष २०५०/५१ र २०५१/५२ को अन्तःशुल्कसम्बन्धी विवादमा मिति २०६६।७।१२ मा रिट जारी भई अन्तःशुल्क अधिकृतबाट भएको अन्तःशुल्क निर्धारण आदेश बदर हुने गरी फैसला भएको (देवानी पुनरावलोकन नं. २०६४-NF-०००२, ०५३ सालको रिट नं. २८२५), यस्तै यिनै रिट निवेदकले दिएको आर्थिक वर्ष २०५५/५६ देखि २०५९/६० सम्मका अन्तःशुल्क मुद्दाहरू र आर्थिक वर्ष २०५८/५९ को आयकर मुद्दामा यसै अदालतको विशेष इजलासबाट मिति २०६६।१२।१९ मा अन्तःशुल्क तथा आयकर निर्धारण आदेशहरू बदर भएको (रिट नं. २०६३-WO-०३८७), आर्थिक वर्ष २०५८/५९को मूल्य अभिवृद्धि कर मुद्दा, आर्थिक वर्ष २०६२/६३ को आयकरसम्बन्धी मुद्दा, आर्थिक वर्ष २०६४/६५ को मूल्य अभिवृद्धि कर मुद्दामा आन्तरिक राजस्व विभागले आफूसमक्ष परेको प्रशासकीय पुनरावलोकनको निवेदनमा निर्णय गर्दा सर्वोच्च अदालतको पूर्ण इजलासबाट भएको मिति २०६६।७।१२ को फैसला र सो फैसलाका आधारमा अर्थ मन्त्रालय, राजस्व महाशाखाले लेखेको मिति २०६७।७।११ को पत्रलाई आधार लिई सम्बन्धित कर निर्धारण आदेशहरूलाई बदर गरेको भनी उल्लेख गरेको देखियो। सो सन्दर्भलाईसमेत विचार गरी प्रस्तुत रिट निवेदनको सम्बन्धमा हेर्दा सर्वोच्च अदालतमा परेका उल्लिखित सबै निवेदनहरू यसै विषयमा यस अदालतको पूर्ण इजलास एवम् विशेष इजलासबाट भएका फैसला आउनुभन्दा पहिले नै दर्ता भएको, प्रस्तुत विवादमा समेत आन्तरिक राजस्व कार्यालयबाट भएको निर्णयउपर आन्तरिक राजस्व विभागसमक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिनसक्ने नै अवस्था रहेको र सो प्रशासकीय पुनरावलोकनबाट हुने निर्णयमा चित्त नबुझे राजस्व न्यायाधिकरणमा पुनरावेदन गर्न सक्ने अवस्था विद्यमान हुँदा रिट जारी गर्नुपर्ने देखिएन।

तसर्थ, उपर्युक्त विवेचित आधार, कारणसमेतबाट आन्तरिक राजस्व कार्यालयले गरेको कर निर्धारण आदेशउपर आन्तरिक राजस्व विभागका महानिर्देशकसमक्ष प्रशासकीय पुनरावलोकनका लागि निवेदन दिन सक्ने नै अवस्था रहेको र प्रशासकीय पुनरावलोकनका लागि दिएको निवेदनमा विभागका महानिर्देशकले गर्ने निर्णयमा चित्त नबुझेमा राजस्व न्यायाधिकरणसमक्ष पुनरावेदन गर्न सक्ने नै अवस्था विद्यमान हुँदा रिट जारी गर्नुपर्ने देखिएन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : कुबेर पाण्डे

कम्प्युटर : रमला पराजुली

इति संवत् २०७८ साल वैशाख २ गते रोज ५ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६४-WO-०८६२, उत्प्रेषण/प्रतिषेधसमेत,

आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व कार्यालय, सिमरा, बारासमेत

- ०६४-WO-०८६१, उत्प्रेषण/प्रतिषेधसमेत, आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व कार्यालय, सिमरा, बारासमेत
- ०६४-WO-०१८२, उत्प्रेषण/प्रतिषेधसमेत, आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व कार्यालय, लाजिम्पाट, काठमाडौंसमेत
- ०६४-WO-०१८१, उत्प्रेषण/प्रतिषेधसमेत, आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व कार्यालय, लाजिम्पाट, काठमाडौंसमेत
- ०६५-WO-०९९६, प्रतिषेध, उत्प्रेषण / परमादेशसमेत, सुभ्राकेतन मित्रा वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत
- ०६५-WO-०२७३, प्रतिषेधसमेत, आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व कार्यालय, सिमरा, बारासमेत
- ०६५-WO-०१२१, उत्प्रेषण / परमादेशसमेत, आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व कार्यालय, लाजिम्पाट, काठमाडौंसमेत
- ०६६-WO-००७९, उत्प्रेषण / परमादेशसमेत, सुभ्राकेतन मित्रा वि. ठुला करदाता कार्यालय, हरिहरभवन, ललितपुरसमेत
- ०६५-WO-०३०७, उत्प्रेषण, / परमादेशसमेत, आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाडौंसमेत
- ०६५-WO-०३५९, उत्प्रेषण, / परमादेशसमेत, आनन्द आर बनर्जी वि. आन्तरिक राजस्व कार्यालय, सिमरा, बारासमेत
- ०६६-WO-०६८८, उत्प्रेषण / प्रतिषेधसमेत, सुभ्राकेतन मित्रा वि. आन्तरिक राजस्व कार्यालय, सिमरा, बारासमेत

**७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CI-०५५७, लिखत बदर, बासुदेव अर्यालसमेत वि. बुद्धिप्रसाद अर्याल*

वादीले यिनै प्रतिवादीबाट अंश पाउने गरी चितवन जिल्ला अदालतबाट मिति २०७१।३।३० मा भएको फैसला अन्तिम भई बसेको देखिँदा विवादित लिखत र.नं. १९९६(ग) मार्फत मिति २०६९।९।४ मा पारित जग्गाहरू प्रतिवादी बासुदेव अर्यालको निजी आर्जनको नभई यी वादी बुद्धिप्रसाद अर्यालसमेतको अंश हक लाग्ने सम्पत्ति भएकोले पुनरावेदन अदालत हेटौंडाको फैसलालाई अन्यथा भन्न मिलेन। पुनरावेदक बासुदेव अर्यालको पुनरावेदन जिकिर र निजतर्फका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

अत: सुरू चितवन जिल्ला अदालतबाट वादी दाबीबमोजिम लिखत बदर नहुने गरी मिति २०७१।३।३० मा भएको फैसलालाई उल्टी गरी विवादित र.नं.१९९६ ग मार्फत मिति २०६९।९।४ मा पारित लिखत वादीका हकसम्म २ भागको १ भाग बदर भई वादीको नाममा दर्ता रहने गरी पुनरावेदन अदालत हेटौँडाबाट मिति २०७२।३।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : ऋतु राई / श्रद्धा विष्ट

इति संवत् २०७८ साल असोज १२ गते रोज ३ शुभम्।

## इजलास नं.२

**८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सपना प्रधान मल्ल**, *०७४-CI-०४२०, जग भत्काइ जग्गा*

*खाली गराई चलनसमेत, कृष्णबहादुर मानन्धरसमेत वि. कमला सुब्बा*

मिति २०७२।०९।१३ मा बाबा श्रेष्ठ महर्जनले तारेख थमाइपाउँ भन्ने निवेदन दिएको भन्ने वादीको जिकिरतर्फ हेर्दा, वादीका वारेस शिखर कुमार भट्टराईलाई मिति २०७२।०८।०८ गते हाजिर हुन तारेख अदालतबाट तोकिएकोमा उक्त तारेख गुज्रेको कुरामा विवाद देखिँदैन । निजले उक्त मितिअगाडि नै मिति २०७१।०३।११ मा ८ दिन र मिति २०७२।०४।१७ मा २० दिन गरी जम्मा २८ दिन गुज्रेको तारेख थामिसकेको अवस्था छ । मिति २०७२।०८।०८ को तारेखमा हाजिर हुन वारेस पाएका बाबा श्रेष्ठ महर्जन मिति २०७२।०८।०७ मा सुत्केरी भई तारेख गुज्रन गएको र सो तारेख थामिपाउन मिति २०७२।०९।१३ मा निवेदन दिएको भन्ने जिकिर लिएको पाइन्छ । मुलुकी ऐन अदालती बन्दोबस्तको ६२(२) नं. मा "म्याद तारेखमा हाजिर हुनुपर्ने स्वास्नी मानिस सुत्केरी भई म्याद तारेख गुज्रेकोमा सुत्केरी भएको मितिले बाटाका म्यादबाहेक पैंतिस दिनभित्र अड्डामा हाजिर भई निवेदन पत्र दिएमा म्याद तारेख थामिदिनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । बाबा श्रेष्ठ महर्जन मिति २०७२।०८।०७ मा सुत्केरी भएको मितिबाट गणना गर्दा मिति २०७२।०९।१३ मा ३६ दिन (मङ्सिरको २३ दिन र पौषको १३ दिन गर्दा) पुग्ने देखिन्छ । अ.बं.६२(२) नं. को सुविधा लिन पैँतिस दिनभित्र अदालतमा प्रवेश गर्नुपर्नेमा सो अवधिसमेत व्यतीत गरी छत्तिसौँ दिनमा निवेदन दिन आएको भन्ने पुनरावेदक वादीको अपुष्ट दाबी पनि कानूनसम्मत देखिन आएन ।

पुनरावेदकले दोहोऱ्याइपाउँ निवेदनमा उल्लेख गरी यस अदालतबाट मिति २०७४।०९।०५ मा अनुमति प्रदान गर्ने आदेश गर्दा आधार लिइएको ने.का.प. २०६३, अङ्क २, नि.नं.७६५० मा प्रतिपादित सिद्धान्त अनुसार फराकिलो व्याख्या गरी हेर्दा पनि तारेख थामिपाउँ भनी दिएको निवेदन दर्ता नभएको तथा वारेस बदला गरी नियुक्त भएको भनिएको वारेस बाबा श्रेष्ठ महर्जन सुत्केरी भएको मितिबाट कानूनबमोजिम थमाउन पाउने म्यादभित्र (पौष १२ गतेभित्र) निवेदन परेको भनी पुनरावेदन जिकिरसमेत रहेको देखिँदैन । अतः यस अदालतबाट मिति २०७४।०९।०५ मा अनुमति प्रदान गर्दा उल्लिखित आधार प्रमाणसँग सहमत हुन सकिएन ।

तसर्थ, माथि विवेचित आधार प्रमाणबाट वादीको मिति २०७२।०८।०८ गतेको तारेख लिनको निमित्त वारेस पाएकी बाबा श्रेष्ठ महर्जनले सुत्केरी भएका कारणले उक्त मितिको गुज्रेको तारेख थमाउन कानूनका म्यादभित्र अदालतमा निवेदन नपरेको हुँदा गुज्रेको तारेख थमाइपाउने म्याद विद्यमान नरहेको अवस्थामा वादीको दाबी डिसमिस हुने ठहराएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७२।०८।२३ को फैसलालाई सदर हुने ठहर गरी पुनरावेदन अदालत पाटनबाट मिति २०७३।०२।२७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : शिवहरि पौड्याल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७८ साल चैत्र ८ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७४-CI-०४२१, दूषित बिक्री स्वीकृति निर्णय बदरसमेत, कृष्णबहादुर मानन्धरसमेत वि. चमला पाण्डेसमेत
- ०७४-CI-०४२२, दूषित निर्णय दर्ता बदर हक कायमसमेत, कृष्णबहादुर मानन्धरसमेत वि. चमला पाण्डेसमेत
- ०७४-CI-०४२३, जग भत्काइ जग्गा खाली गराई चलनसमेत, कृष्णबहादुर मानन्धरसमेत वि. सुवेदी आचार्य
- ०७४-CI-०४२४, घर टहरा भत्काइ जग्गा

खाली गराई चलनसमेत, कृष्णबहादुर मानन्धरसमेत वि. चन्द्रकुमारी मानन्धर

- ०७४-CI-०४२५, जग भत्काइ जग्गा खाली गराई चलनसमेत, कृष्णबहादुर मानन्धरसमेत वि. विद्या मानन्धर
- ०७४-CI-०४२६, जग भत्काइ जग्गा खाली गराई चलनसमेत, कृष्णबहादुर मानन्धरसमेत वि. ऋषिराम पण्डित
- ०७४-CI-०४२७, जग भत्काइ जग्गा खाली गराई चलनसमेत, कृष्णबहादुर मानन्धरसमेत वि. तिर्थबहादुर मानन्धर
- ०७४-CI-०४२८, दूषित हालसाबिक निर्णय दर्ता बदर, कृष्णबहादुर मानन्धरसमेत वि. गुठी संस्थान, गुठी तहसिल शाखा कार्यालय, कालमोचन, काठमाडौंसमेत
- ०७४-CI-०४२९, दूषित रैतानी निर्णय दर्ता बदर, कृष्णबहादुर मानन्धरसमेत वि. चमला पाण्डेसमेत

९

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७१-CI-०७९२, जग्गा खिचोला, कुलानन्द शर्मा वि. मिश्रीलाल दास तत्मासमेत*

विवादित सो जग्गामा प्रतिवादीले घर बनाएको भन्ने वादी दाबी र मैले आफ्नै कि.नं. ३३४० मा परापूर्वदेखि नै घर बनाएको हो भन्ने प्रतिवादी जिकिर रहेको सन्दर्भमा प्रतिवादीले घर निर्माण गरेको कुरामा पनि विवाद रहेन । तर सो घर प्रतिवादीले आफ्नै कि.नं. ३३४० मा बनाएका हुन् वा वादीको जग्गामा बनाएका रहेछन् भन्ने मुख्य प्रश्न रहेको प्रस्तुत विवादमा घरको अवस्थिति के कहाँ रहेको छ सो छुट्याउनुपर्ने हुन आयो । यस सन्दर्भमा सुरू जिल्ला अदालतबाट भइआएको नक्सा प्रकृति मुचुल्काको विश्लेषण गर्नुपर्ने देखियो । उक्त नक्सा प्रकृति मुचुल्का हेर्दा न.नं. १ सा.कि.नं. ३३३९ को कपल्लेश्वरीदेवी तत्माको हकभोगको जग्गा, न.नं. २ सा.कि.नं. ३३३९ विवादित जग्गा र सोमा रहेको सङ्केत (क) को दुई कोठाको कच्ची घर प्रतिवादीको हकभोगमा रहेको देखिन्छ भने न.नं. ३ साबिक ३३३९ को जग्गा र सिमेन्टको गारो र टायलको छानो भएको सङ्केत नं. क को घर रहेको छ भने न.नं. ४ प्रतिवादीको कि.नं.३३४० को जग्गा रहेको पाइन्छ । यसप्रकारको नक्सा प्रकृति विवरण हेर्दा न.नं. २ को जग्गाको उत्तरपूर्वतर्फ सङ्केत नं. क को घर र सोको पश्चिमउत्तरतर्फको घर नै मूल विवादको रूपमा रहेको पाइयो । सो घरहरू तीन पुस्तापहिले नै बनाएको भन्ने प्रतिवादी जिकिर रहेको पाइए पनि उक्त विवादित सा.कि.नं. ३३३९ को जग्गा गाउँब्लकबाट लगत कायम गर्ने प्रयोजनका लागि खडा भएको काचन गा.वि.स.को सर्जमिन मुचुल्कासमेत को मिति २०६६।८।१९ को सिफारिस पत्रसाथ संलग्न मुचुल्का हेर्दा सो जग्गा ऐलानी पर्ती, गौचर सार्वजनिकस्थल, पानी, धारा इत्यादि केही नभएको र हरिनारायणलाल देव वंशको आफ्नो हकभोगको र सोमा घर निर्माण भएको जग्गा हो भन्ने बेहोरासमेत उल्लेख भएको देखिन्छ । सो मुचुल्कालाई आधार मान्दा उक्त जग्गाका दाताकै पालामा साबिकमा एउटा घर रहेको देखिए पनि हाल भइआएको नक्सा मुचुल्काबाट प्रस्ट रूपमा दुइवटा घर देखिएकाले पनि सो जग्गामा प्रतिवादीले हाल घर निर्माण गरेको प्रस्ट हुन आउँछ ।

यसप्रकार विवादित कि.नं. ३३३९ वादीको हक स्वामित्वको जग्गा भएकोमा भइ आएको नक्सा मुचुल्कासमेतका प्रमाणबाट आफ्नो हक स्वामित्व नै नभएको जग्गामा यी प्रतिवादीले घर निर्माण गरेको तथ्य प्रमाणित हुन आएको अवस्थामा घरसमेत उठाई चलन चलाउने ठहरेको सुरू सप्तरी जिल्ला अदालतको फैसला केही उल्टी गरी घर उठाउनेतर्फ वादी दाबी पुग्न नसक्ने ठहरेको पुनरावेदन अदालत राजविराजको मिति २०७१।२।१३ को फैसला सो हदसम्म मिलेको

नदेखिँदा केही उल्टी हुने । न.नं.२ को झगडा जनिएको सो जग्गा वादीले र.नं.४४२७ बाट खरिद गरी लिएको जग्गा हुँदा सो जग्गा प्रतिवादीहरूले भोग गरी घरसमेत बनाएको देखिँदा सो न.नं.२ को जग्गामा प्रतिवादीहरूले घर निर्माण गरी खिचोला गरेको ठहर्छ र सो घरहरू हटाई वादीले चलनसमेत चलाई पाउने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

इति संवत् २०७९ साल भदौ २८ गते रोज ३ शुभम् ।

१०

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०७१-CI-१२७०, लिखत बदर, सुनिता श्रेष्ठसमेत वि. प्रेमबहादुर श्रेष्ठसमेत*

प्रस्तुत लिखतमा नै घर खर्चबापत सो जग्गा बिक्री गरेको भन्ने बेहोरा जनिएको र सो लिखत हुँदाका बखत जग्गा बिक्री गर्ने प्रतिवादी प्रेमबहादुर श्रेष्ठसँग कि.नं.७७७ र १७३४ को घर जग्गासमेत बाँकी रहेको पाइन्छ । निजसँग तत्काल बाँकी रहेका घर जग्गा र मोहीसमेतको आधा भाग लाग्ने देखिएको उक्त कि.नं.७९ को जग्गाको क्षेत्रफलमा बराबर नदेखिए पनि जग्गाको मूल्याङ्कनको आधारमा कम बढी के हो ? सो छुट्याउनुपर्छ भन्ने विषयमा यस अदालतबाट सिद्धान्तसमेत स्थापित भइरहेको पाइन्छ । जस्तै धनमाया दरै विरूद्ध डिलबहादुर दरैसमेत भएको लिखत बदर मुद्दामा (ने.का.प.२०७५, अङ्क ६, नि.नं.१००३४) "मूल्यको आधारमा सम्पत्तिको मूल्याङ्कन हुने हो । जग्गाको क्षेत्रफल ज्यादा हुनेबित्तिकै वा आधाभन्दा बढी हुनेबित्तिकै सम्पत्ति आधा हुने होइन । सम्पत्तिको मूल्याङ्कन क्षेत्रफलको आधारमा नभई खरिद बिक्री हुने मूल्य अनुसार गर्नुपर्ने हुन्छ" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ । यसैगरी यस अदालतबाट ने.का.प. २०५५, नि.नं.६५२५ मा "घर खर्च गर्न भनी रूपैयाँ लिई बिक्री गरेको घर व्यवहार चलाउन लिएको सम्झनुपर्छ" भन्ने न्यायिक सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ ।

अतः साबिक मुलुकी ऐन, अंशबन्डाको १० नं. को कानूनी व्यवस्थासमेतका आधारमा प्रतिवादीमध्येका प्रेमबहादुर श्रेष्ठले घर खर्च गर्न भनी र.नं.६९९४(ख) मिति २०६६।१०।१७ को लिखतबाट कि.नं. ७९ को जग्गा सो जग्गाकै मोहीका छोराहरूलाई बिक्री गरेको लिखत बदर गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहरेको सुरूको फैसला सदर गरेको पुनरावेदन अदालत पाटनको मिति २०६९।०९।०४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भाद्र २८ गते रोज ३ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७१-CI-१२६९, अंशबन्डाको लिखत बदर, सुनिता श्रेष्ठसमेत वि. कृष्णबहादुर खत्री क्षेत्रीसमेत
- ०७१-CR-११७६, जालसाजी, सन्दिपा श्रेष्ठ, प्रेमबहादुर श्रेष्ठसमेत

११

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७७-CR-०२४२, कर्तव्य ज्यान, भवानी थापा भन्ने गौरीकुमारी थापा वि. नेपाल सरकार*

प्रतिवादी कसुरमा साबित रही बयान गरेको, आमाछोरी भएर वारदात घटित भएको, प्रस्तुत वारदात आवेश प्रेरित हत्याको श्रेणीको नपर्ने बेहोरा माथि विवेचित परिस्थिति तथा चुलेसी जस्तो धारिलो हतियारले घाँटी रेटी मृतकको हत्या गरिएको जस्ता समग्र परिस्थिति एवं प्रमाणको विवेचनाबाट प्रस्तुत वारदात मनसाय प्रेरित हत्या भएको प्रमाणित हुन आएको अवस्थामा निजलाई साबिक मुलुकी ऐन ज्यानसम्बन्धी महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहराएको सुरूको फैसला सदर गरेको

उच्च अदालतको फैसला मिलेकै देखियो । जहाँसम्म निजलाई उपर्युक्तानुसारको सजाय ठहर गरी १२ वर्ष कैद हुने राय व्यक्त गरेकोमा सोभन्दा कम सजाय हुने गरी राय व्यक्त गरिपाउँ भन्ने पुनरावेदन जिकिर छ सो सम्बन्धमा हेर्दा यी प्रतिवादीले कसुरमा साबित रही बयान गरी न्यायिक प्रक्रियामा सहयोग गरेको, मृतकको ज्यान लिने रिसइवी नरहेको, वारदातपश्चात् फरार नरहेको र नाबालक छोरीसँग मृतकले यौनजन्य कार्य गरेको शङ्का लागी आवेशमा आई वारदात घटित हुन गएकोसमेतको कसुर गर्दाको परिस्थितिलाई विचार गरी निजलाई १२ वर्ष कैद सजाय गर्ने राय व्यक्त भएको पाइन्छ । कसुर गर्दाको तत्कालअघि र पछिको परिस्थिति र निजले न्यायिक कार्यमा पुऱ्याएको सहयोगसमेतको समग्र अवस्थालाई मध्यनजर गर्दा निजलाई सोबमोजिम नै कैद गर्ने गरी व्यक्त भएको रायभन्दा घटी सजाय गर्न सकिने अवस्था विद्यमान रहेको देखिँदैन । मृतक १६ वर्षको उमेरको रहेको, वारदात घटित हुनुपूर्व निजले यी प्रतिवादीसँग माफी मागेको अवस्थामा चुलेसी जस्तो धारिलो हतियारको प्रयोग गरी घाँटी रेटेर गरिएको हत्या जस्ता कसुरको गम्भीरता बढाउने अवस्थाको विद्यमानता रहेको प्रस्तुत मुद्दामा प्रतिवादीलाई तोकिएको सजाय घटाई १२ वर्ष मात्र कैद हुने गरी व्यक्त भएको रायबाट नै निजलाई राहत प्रदान भइसकेकोसमेतको समग्रतामा हेर्दा सोभन्दा कम कैद गर्ने गरी राय व्यक्त गर्न सकिने अवस्थाको विद्यमानता रहेको पाइएन ।

तसर्थ, उपर्युक्त आधार, कारणबाट यी पुनरावेदक प्रतिवादी भवानी थापा भन्ने गौरीकुमारी थापालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. बमोजिमको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहराएको सुरू बारा जिल्ला अदालतको फैसला सदर गरी निजलाई फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७(क) बमोजिम १२ वर्ष कैद सजाय गर्ने गरी रायसमेत व्यक्त भएको उच्च अदालत जनकपुर, अस्थायी इजलास वीरगन्जको मिति २०७६।१०।८ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ २६ गते रोज १ शुभम् ।

**१२**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-१४४८, लागु औषधी ब्राउन सुगर, नेपाल सरकार वि. प्रतिक उपाध्याय*

प्रतिवादीलाई उच्च अदालत पाटनबाट तोकिएको कैदको न्यूनतम हद अर्थात् ५ वर्ष कैद कायम भएको सम्बन्धमा हेर्दा निजलाई कसुर गरेकामा मौकामा र अदालतमा समेत साबित भई न्यायको मार्गलाई सहयोग गरेको देखिएको र निजको उमेर अवस्थासमेतका दुइवटा आधार कारण जनाई कैदको हद घटाइएको पाइन्छ । मिसिल संलग्न कागज प्रमाणबाट निजको उमेर २० वर्ष रहेको र निज जेभिएर कलेजमा कक्षा १२ मा अध्ययनरत रहेको देखिन्छ । निजले आफ्नो सँगसाथबाट लागु औषध बरामद भएको, नेपाल गन्जबाट खरिद गरी ल्याएको, आफू सेवनकर्ता रहेको आदि सबै विषय स्वीकार गरी साबिती बयान गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएको पाइन्छ । निज यसपूर्व यस्तै प्रकृतिको कसुरको पटके कसुरदार पनि रहेको देखिँदैन । लागु औषधसम्बन्धी कसुर समाज विरूद्धको मात्र नभई कसुरदार स्वयं पनि मानसिक, शारीरिक, आर्थिक र पारिवारिक विभिन्न दृष्टिकोणबाट पीडित हुने भएकाले प्रतिवादी स्वयं पनि त्यस्तो कुलतबाट पीडित र प्रभावित नै हुने गर्छ । कक्षा १२ मा अध्ययनरत २० वर्षको व्यक्तिलाई तोकिएको न्यूनतम हदको कैद तोक्दा कानूनको मकसद पनि पूरा हुने र प्रचलित दण्ड प्रणालीको मर्म अनुसार भविष्यमा सुधार हुनसक्ने भएकाले पनि आधार कारणसहित प्रतिवादीलाई सुरूले तोकेको ६ वर्षको कैद सजाय

घटाई ५ वर्ष मात्र कैद हुने ठहऱ्याएको उच्च अदालत पाटनको मिति २०७६।०५।१६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ २६ गते रोज १ शुभम्।

## १३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-१३४१, ०७७-CR-१४२९, कर्तव्य ज्यान, नेपाल सरकार वि. डिकबहादुर बस्नेत भन्ने हिकबहादुर बस्नेत, डिकबहादुर बस्नेत भन्ने हिकबहादुर बस्नेत वि. नेपाल सरकार*

प्रतिवादीले मैले मृतकलाई मार्नुपर्ने कुनै रिसइवी थिएन, मैले एक दुई पटक मात्र हानेको भए पनि सोही चोटले मरेको नभई अन्य दुर्घटना पनि भएको हुन सक्छ भन्ने पुनरावेदन जिकिर छ। सो सम्बन्धमा हेर्दा निजबाहेक वारदातमा कोही कसैको संलग्नता नरहेको तथा निज स्वयम्ले मृतकलाई कुटपिट गरेकोमा साबित रही बयान गरेको एवं निजले उल्लेख गरे अनुसारकै स्थानमा मृतकको लास रहेको देखिने बेहोराको घटनास्थल तथा लास प्रकृति मुचुल्का रहेको देखिन्छ। यसै गरी निजसँगै रक्सी सेवन गर्ने र निजलाई रक्सी बिक्री गर्ने व्यक्तिहरूको भनाइ, मिसिल संलग्न कागज प्रमाणबाट पनि निजबाहेक अन्य व्यक्तिको संलग्नता वा अन्य कुनै घटना दुर्घटनाबाट मृतकको मृत्यु भएको तथ्य स्थापित हुन नसकेको अवस्थामा आफ्नो निर्दोषिता प्रमाणित गर्ने वा सजायबाट रिहाई पाउने कुराको जिकिर प्रमाणबाट पुष्टि गर्नुपर्ने भार प्रतिवादीमा रहने भन्ने प्रमाण ऐन, २०३१ को दफा २७ को कानूनी व्यवस्था एवं फौजदारी न्यायको मान्य सिद्धान्तसमेतको परिप्रेक्ष्यमा पनि निजको पुनरावेदन कथन विश्वासप्रद देखिन आएन।

प्रतिवादीउपर अभियोग दाबीबमोजिम जबरजस्ती करणीको वारदातमा पनि सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरको सम्बन्धमा विचार गर्दा मृतकको शवबाट निकालिएको Vaginal swab को परीक्षण गर्दा पुरूष वीर्य (semen) तथा शुक्रकीट (sperm cell) नपाइएको भन्ने केन्द्रीय प्रहरी विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनबाट देखिन्छ। प्रतिवादी हिकबहादुर बस्नेतले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मैले मृतक शान्ति राई तामाङलाई जबरजस्ती करणी गरी ढुंङ्गासमेतले हिर्काई कर्तव्य गरी मारेको हो भनी कसुरमा साबिती भई बयान गरे तापनि अदालतमा बयान गर्दा मृतकले मलाई करणी गर्नको लागि उक्साएको हुँदा करणीको बातबाट बच्नका लागि उम्कने क्रममा ढुङ्गा प्रहार गरी त्यसै छाडी हिँडेको भनी करणीको कसुरमा इन्कार रही बयान गरेको देखिन्छ। प्रतिवादी र मृतक दुबै मादक पदार्थको नसामा मातेको सुरमा रातमा भेट भएको तथ्य प्रतिवादीको बयानमा उल्लेख छ। मृतक र प्रतिवादीबिच मादक पदार्थ सेवन गरी मातेको अवस्थामा भेट भएको मृतकलाई प्रतिवादीले जबरजस्ती करणीको कसुर गरेको भन्ने वस्तुगत प्रमाण पेस भएको पाइएन। मृतकको Vaginal swab परीक्षण र प्रतिवेदनले vaginal swab मा पुरूषको सिमेन तथा शुक्रकीट कोष नपाइएको भन्ने देखिएको तथ्यले पीडितउपर मृत्युअगाडि जबरजस्ती करणी भएको थियो भनी निष्कर्षमा पुग्ने ठोस आधार देखिन आएन।

तसर्थ, माथि विवेचित आधार एवं कारणहरूबाट प्रतिवादी डिकबहादुर भन्ने हिकबहादुर बस्नेतलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १, १३(३) नं. को कसुर अपराधमा ऐ.को १३(३) नं. बमोजिम जन्मकैद र जबरजस्ती करणीको कसुर नठहर्ने गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७८।०७।२८ को फैसला सदर गर्ने गरेको उच्च

अदालत, विराटनगरको मिति २०७६।०५।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

इति संवत् २०७९ साल भाद्र २६ गते रोज १ शुभम्।

## १४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७५-CR-२४०६, जबरजस्ती करणी, नेपाल सरकार वि. मेषराम वि.क. (कामी)*

वादी पक्षले यी प्रतिवादी र पीडितको नातापुस्ता खुलाई हाडनाताभित्रका व्यक्ति रहे भएको प्रमाणसहित अभियोग दाबी पुष्टि गर्न सकेको देखिँदैन। फौजदारी मुद्दामा कसुर प्रमाणित गर्ने भार वादी पक्षमा रहने प्रमाण कानूनको सर्वमान्य सिद्धान्त र शंकाको सुविधा अभियुक्तले पाउने फौजदारी न्यायको सिद्धान्तसमेतको रोहबाट हेर्दा पनि यी प्रतिवादीको मौकाको बयान तथा पीडितको जाहेरी तथा बकपत्रकै आधारमा नातासम्बन्ध स्पष्ट खुल्न नसकेको र सोको यथोचित प्रमाण पेस नभएको अवस्थामा अभियोग दाबी अनुसारको हाडनातामा जबरजस्ती करणीको वारदात भएको पुष्टि हुन नआएकाले हाडनाता करणीतर्फसमेत थप सजाय गर्ने गरेको सुरू कास्की जिल्ला अदालतको फैसला केही उल्टी हुने ठहराएको उच्च अदालत पोखराको मिति २०७५।१२।१० को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भदौ २६ गते रोज १ शुभम्।

## १५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री कुमार रेग्मी,** *०७२-CR-०००४, वैदेशिक रोजगार कसुर, श्यामराज पाण्डे वि. नेपाल सरकार*

मिसिल संलग्न मिति २०६५।०३।१६ को लिखतमा जाहेरवालासँग प्रतिवादी श्यामराज पाण्डेले रू.९,७५,०००।- रकम लिई वैदेशिक रोजगारीका लागि संयुक्त राज्य अमेरिका यो कागज भएको मितिले ६० दिनभित्र पठाइदिन्छु भनी कागज गरेको देखिन्छ। अनुसन्धानका क्रममा र अदालतमा बयान गर्दा मैले जाहेरवालालाई विदेश पठाइदिन्छु भनी निजसँग रकम लिएको नभई पेस भएको लिखत ६/७ जना व्यक्तिहरूले हतियारसहित आई मलाई उठाई गोंगबु बसपार्कको होटलमा लगी जबरजस्ती सहीछाप गराएकोले अभियोग मागदाबीबाट सफाइ पाउँ भनी जिकिर लिएको पाइयो। यी प्रतिवादीले निजको इच्छा विरूद्ध लिखत गराएको भन्ने जिकिर लिए तापनि सो विवादित मिति २०६५।३।१६।२ को लिखत बदर गराउनेतर्फ सम्बद्ध निकायमा कारबाही चलाई कानूनी मान्यता शून्य वा बदर गराउनुपर्नेमा सो नगरेको कुरा निजले नै अदालतमा गरेको बयानबाट देखिन आउँछ। प्रतिवादीका बाबु रामप्रसाद पाण्डेको वैदेशिक रोजगार न्यायाधिकरणमा भएको बकपत्रमा मेरो छोरा श्यामराज पाण्डे बानेश्वर प्रहरीमा थुनिएको छ भन्ने सुनेर भेट्न जाँदा जबरजस्ती लिखतमा सही गराएको भन्ने बेहोरा देखिन्छ। प्रतिवादी श्यामराज पाण्डेको बयानमा निजलाई गोंगबु बसपार्कको होटलमा लगी जबरजस्ती साहीँछाप गराएको भनी बयानमा उल्लेख गरेको अवस्था एकातिर छ भने लेखतका साक्षीका रूपमा उपस्थित भएका निजका बुबा रामप्रसाद पाण्डेले बानेश्वर प्रहरीमा छोरा थुनिएको छ भनी भेट्न जाँदा जबरजस्ती लिखतमा छाप लगाइदिएको भनी बकपत्रमा लेखाइदिएको पाइन्छ। के, कुन प्रयोजनका लागि छोरा थुनिएको हो खुलाउनसकेको पाइँदैन। सो विवादित लिखतको आधारमा पक्राउ परेको निजको छोरा भेट्न बानेश्वर प्रहरी जाँदा सो लिखतमा ४, ५ जनाले जबरजस्ती ल्याप्चे छाप लगाइदिएका हुन् भन्ने बेहोराको निजको भनाइ विश्वसनीय र पत्यारलाग्दो देखिँदैन। जुन लिखतका कारण उजुरी परी प्रतिवादी छोरा थुनामा रहेको अवस्थामा सोही लिखतका साक्षी प्रतिवादीका बाबु (पिता) ले छोरा थुनामा रहेको

अवस्थामा भेट्न जाँदा ४/५ जनाले समाती जबरजस्ती सोही लिखतमा ल्याप्चे लगाउन लगाए भन्ने कथन प्रथम दृष्टिद्वारा नै बनावटी रहेको स्वतः देखिन्छ।

तसर्थ, जाहेरवाला पुरूषोत्तम खतिवडालाई वैदेशिक रोजगारका लागि संयुक्त राज्य अमेरिका पठाइदिन्छु भनी रकम बुझी मिति २०६५।०३।१६ मा गरिदिएको लिखत र वैदेशिक रोजगारमा पठाउने अनुमतिसमेत लिएको नदेखिएकोसमेतबाट निज प्रतिवादी श्यामराज पाण्डेले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुरमा ऐ.ऐनको दफा ४३ बमोजिम १ वर्ष ६ महिना कैद र रू.१,५०,०००।- जरिवाना तथा बिगो रू.९,७५,०००।- र सोको ५०% हर्जाना रू.४,८७,५००।- समेत जाहेरवालाले प्रतिवादीबाट भराइलिन पाउने ठहऱ्याई भएको वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंको मिति २०६८।०८।२६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : भेषराज भट्टराई

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७८ साल फागुन १६ गते रोज २ शुभम्।

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CR-१५८५, बहुविवाह, नेपाल सरकार वि. पदमबहादुर भुजेलसमेत*

जाहेरवाला देवी भुजेलले प्रतिवादीहरूबिच विवाह भएको कुरा थाहा पाई मिति २०६९।०२।१८ मै जिल्ला प्रहरी कार्यालय पर्सामा निवेदन दिएकोमा सोउपर कुनै अनुसन्धान नगरी पुनः यिनै प्रतिवादीहरूले विवाह गरी बहुविवाहको कसुर गरेको कुरा आफूले मिति २०७१।०५।१३ मा थाहा पाएको भनी मिति २०७१।०५।१६ मा जाहेरी दिई मिति २०७१।०६।०८ मा मा अभियोग पत्र दायर भएको देखिँदा उल्लिखित कानूनको हदम्यादभित्र प्रस्तुत अभियोगपत्र दायर भएको देखिन आएन। साथै प्रस्तुत वारदातको तथ्य र प्रकृति एवं कानूनी प्रश्न र यस अदालतबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्दा आधार लिइएको कृष्णचन्द्रलाल श्रीवास्तव विरूद्ध नेपाल सरकार भएको बहुविवाह मुद्दा (२०६३ सालको स.फौ.पु.नं. ००४४ सर्वोच्च अदालत बुलेटिन, २०६६, पूर्णाङ्क ४१७, अङ्क १५, पृष्ठ ६) को तथ्यगत अवस्थासमेत एकआपसमा सामञ्जस्यता कायम भई आकर्षित हुने प्रकृतिको नदेखिँदा यस अदालतबाट उल्लिखित नजिरको आधारमा दिएको निस्सासँग सहमत हुन सकिएन।

अतः माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूसमेतका आधारमा कानूनले तोकेको हदम्यादको समय सीमाभित्र अभियोगपत्र दायर भएको नदेखिएकोले प्रतिवादीहरू पदमबहादुर भुजेल र ज्योती माझीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई पर्सा जिल्ला अदालतबाट मिति २०७१।११।११ मा भएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत हेटौंडाको मिति २०७२।०४।२६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादीहरू पदमबहादुर भुजेल र ज्योती माझीलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : राजन खनाल

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल भदौ २ गते रोज ५ शुभम्।

१७

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७२-CI-०५३३, अंशबन्डा गरिपाऊँ, राकेश विलास वि. क्षमता ढकाल विलाससमेत*

विवादित का.जि. मच्छेगाउँ गा.वि.स. वडा नं.४ (ख) कि.नं. ४६ को जग्गा यी प्रतिवादी क्षमता

ढकालको नाउमा के कसरी प्राप्त भएको रहेछ भन्ने सम्बन्धमा हेर्दा कि.नं. ४६ को जग्गा क्षमता ढकाललाई २०५३।८।२६ मा निजका पिता ईश्वर ढकालले हालैको बकसपत्र गरिदिएको देखिन्छ । निज क्षमता ढकाल २०५८।६।१० मा मात्र वादीका भाइ रोशन विलाससँग विवाह गरेको पाइन्छ । वस्तुतः कि.नं. ४६ को जग्गा प्रतिवादीको भाइ रोशन विलाससँग विवाह नहुँदै आफ्नै पिताले बकस दिएको भन्ने तथ्यमा विवाद छैन । पछि विवाह भइसकेपछि सो जग्गा मिति २०६४।३।१८ मा क्षमता ढकालले बिमाकुमारी श्रेष्ठलाई बिक्री गरेकोमा पुनः बिमाकुमारी श्रेष्ठले निज क्षमता ढकलालाई नै मिति २०६४।६।१८ मा बिक्री गरेको देखियो । हाल क्षमता ढकाल अष्ट्रेलियामा रही प्रतिवादी रोशन विलाससँग अष्ट्रेलियामा सन् २०१३ नोभेम्बर २० मा सम्बन्ध विच्छेद गरिसकेको भन्ने पनि प्रमाण पेस भएको छ । कि.नं. ४६ को जग्गा बैंक फाइनान्समा धितो राखी कर्जा लिएको स्थिति पनि देखिएको र सो कर्जा फरफारक गर्ने कार्यसमेत क्षमता ढकालले गरेको देखिन्छ । अतः कि.नं. ४६ को जग्गा विवाह नहुँदै माइतीतर्फबाट प्राप्त गरेको आफूखुसी गर्न पाउने निजी सम्पत्ति बिक्री गरी पुन: खरिद गरेको भन्ने देखियो । सो खरिद गर्दा पैत्रिक सम्पत्ति लगानी भएको प्रमाण वादीले पेस पनि गरेको पाइएन । का.जि. मच्छेगाउँ गा.वि.स. वडा नं.४ (ख) कि.नं. ४६ को जग्गा बन्डा नलाग्ने गरी सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।०२।२५ मा भएको फैसला सदर गर्ने गरी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१३ मा भएको फैसल मिलेकै देखिँदा अन्यथा परिवर्तन गरिरहनु परेन ।

अतः माथि विवेचित आधार र कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७१।२।२५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने भनी तत्कालीन पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१२।१३ मा भएको फैसला मिलेकै देखिन्छ । सुरू फिराद दाबीबमोजिम निर्णय गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

इजलास अधिकृत : लिलाधर सुवेदी

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल असोज ३१ गते रोज २ शुभम् ।

- यसै लगाउका ०७२-CI-०५३४, निषेधाज्ञा, राकेश विलास वि. क्षमता ढकाल विलाससमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ ।

१८

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७१-CI-०३२६, दूषित लिखत दर्ता बदर दर्ता, किरणकुमार खनाल वि. कान्छी श्रेष्ठ*

यिनै पुनरावेदक किरणकुमार खनालसमेत प्रतिवादी र प्रत्यर्थी कान्छी श्रेष्ठ वादी भई चलेको लगाउको मु.नं. ०७१-CI-०३५६ को दूषित लिखत दर्ता बदर दर्ता मुद्दामा विवादित कि.नं. १०१ को जग्गा पुनरावेदक प्रतिवादी किरणकुमार खनालका नाउँमा कायम नरहेको, अर्का प्रतिवादी जगदिशप्रसाद शर्मा अधिकारीकै नाउँमा कायम रहने गरी यिनै पक्षहरूबिच मिलापत्र भई विवादको टुङ्गो लागिसकेको अवस्थामा पुनरावेदक प्रतिवादी किरणकुमार खनालले दायर गरेको प्रस्तुत पुनरावेदन पत्रको औचित्य समाप्त भइसकेको पाइयो ।

अतः माथि विवेचित तथ्य र आधार कारणबाट पुनरावेदक प्रतिवादी किरणकुमार खनालको पुनरावेदन दाबीको औचित्य नै समाप्त भइसकेको अवस्थामा सो सम्बन्धमा यस अदालतबाट थप केही बोलिरहनुपर्ने अवस्था विद्यमान रहेको नदेखिँदा प्रस्तुत पुनरावेदन पत्रतर्फ विचार नै गरिरहन परेन ।

इजलास अधिकृत : कृतिबहादुर बस्नेत

कम्प्युटर : विकेश गुरागाई

इति संवत् २०७९ साल भाद्र ९ गते रोज ५ शुभम् ।

- यसै लगाउका ०७१-CI-०३२८, लिखत दर्ता बदर, अनुपा खनाल वि. कान्छी श्रेष्ठ

भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**१९**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७९-WO-००२७, उत्प्रेषणसमेत, दिपक सापकोटा वि. सार्वजनिक खरिद अनुगमन कार्यालय, ताहाचल, काठमाडौंसमेत*

रिट निवेदकलाई ठेक्का सम्झौता अनुसारको कामको लागि पटक-पटक म्याद थप, ताकेता गर्दा पनि ठेक्का सम्पन्न हुन नसकेको परिस्थितिमा ठेक्का तोडी कालो सूचीमा राख्न सिफारिस गरिएको भन्ने देखिन आएको अवस्था छ । यस अवस्थामा, निवेदकलाई उल्लिखित सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) बमोजिम कालो सूचीमा राख्ने गरी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट भएको निर्णयसमेत निवेदकले दाबी जिकिर लिएजस्तो कानूनविपरीत रहेको देखिएन। कसैको संवैधानिक वा कानूनी हकको स्पष्ट उल्लङ्घन भएको देखिएमा वा प्राकृतिक न्यायकै बर्खिलाप हुने गरी कुनै काम कारबाही गरे भएको अवस्था देखिएमा त्यस्तो गैरकानूनी काम कारबाहीलाई बदर गरी हनन भएको हक अधिकारलाई पुनर्स्थापित गर्नका खातिर अदालतको असाधारण अधिकारक्षेत्रअन्तर्गत जारी गरिने उत्प्रेषणको आदेश प्रस्तुत रिट निवेदनमा जारी गर्नुपर्ने अवस्थाको विद्यमानता रहेको देखिन आएन।

अतः उल्लिखित आधार कारणबाट पटक-पटकको म्याद थप, ताकेता हुँदासमेत सुरू १५ महिना म्याद रहेको ठेक्का करिब ९ वर्षको लामो समय व्यतीत भइसक्दा पनि ठेक्का कार्य सम्पन्न हुन नसकेको स्थितिमा ठेक्का तोडी रिट निवेदक मिलेनियम / शंकरमाली जे.भी. लाई सुनुवाइको मौका दिई सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६३ को उपदफा (१) को खण्ड (ग) को कसुरमा ऐ. ऐनको दफा ६३ को उपदफा (१) बमोजिम निज निवेदकलाई २ वर्षको लागि कालो सूचीमा नाम समावेश गर्ने भनी विपक्षी सार्वजनिक खरिद अनुगमन कार्यालयबाट मिति २०७९।०१।२६ मा भएको निर्णय तथा सोही सम्बन्धमा मिति २०७९।०१।२७ को गोरखा पत्रमा प्रकाशित सूचनासमेत कानून विपरीत रहेको नदेखिँदा उल्लिखित निर्णय तथा सूचनासमेत उत्प्रेषणको आदेशले बदर गरिपाउँ भन्नेसमेत रिट निवेदकको मागबमोजिमको आदेश जारी गरिरहनपर्ने देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल आश्विन ५ गते रोज ४ शुभम्।

**२०**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा.श्री कुमार चुडाल,** *०७८-CR-००८२, ०७८-CR-०१७७, वैदेशिक रोजगार कसुर, मनोज थापा वि. नेपाल सरकार, नेपाल सरकार वि. मनोज थापा*

प्रतिवादीले जाहेरवालासँग वैदेशिक रोजगारमा क्यानडा पठाइदिन्छु भनी रू.१३,०८,०००।– लिएको पुष्टि भएको देखिन्छ । प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिएको भनी खुलाउन सकेको अवस्था छैन। प्रतिवादी हाल वैदेशिक रोजगारमा रहेको भन्ने निजकै ससुराबाट खुल्न आए तापनि प्रतिवादीले नै जाहेरवालालाई विदेश पठाएको अवस्था छैन । निज प्रतिवादीले जाहेरवालालाई विदेश रोजगारमा क्यानाडा पठाउने भनी रकम लिएकोसम्म देखिन्छ। बिगोको सम्बन्धमा प्रतिवादीले जाहेरवालासँग रू.१३,०८,०००।– रकमसम्म लिएको देखिएको अवस्था छ। यस अवस्थामा प्रतिवादी मनोज थापालाई १ वर्ष ९ महिना कैद र रू.१,६५,०००।- जरिवाना गर्ने तथा बिगो रू.१३,०८,०००।– कायम गरी बिगो र बिगोको ५०% ले हुने हर्जानासमेत गरी रू.१९,६२,०००।– प्रतिवादीबाट जाहेरवालाले भराइपाउने ठहर गरी सुरू वैदेशिक रोजगार

न्यायाधिकरण काठमाडौंबाट भएको फैसला न्यायोचित देखिँदा अन्यथा गरिरहनपर्ने देखिएन ।

अतः उल्लिखित आधार, कारणबाट, प्रतिवादी मनोज थापाले वैदेशिक रोजगार व्यवसाय गर्ने इजाजतपत्र प्राप्त नगरी जाहेरवाला मनिषा थापालाई वैदेशिक रोजगारमा क्यानाडा पठाउने भनी निजसँग रू.१३,०८,०००।- रकम लिई वैदेशिक रोजगारसम्बन्धी कसुर गरेको देखिँदा, निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही दफा ४३ बमोजिम १ वर्ष ९ महिना कैद र रू.१,६५,०००।– जरिवाना हुने तथा बिगो रू.१३,०८,०००।- र बिगोको ५०% ले हुने हर्जाना रू.६,५४,०००।- गरी जम्मा रू.१९,६२,०००।– निज प्रतिवादीबाट जाहेरवालाले भराइपाउने ठहर गरी सुरू वैदेशिक रोजगार न्यायाधिकरण काठमाडौंबाट मिति २०७८।०१।०६ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : वसन्तप्रसाद मैनाली

कम्प्युटर : राधिका घोरासाइने

इति संवत् २०७९ साल आश्विन ४ गते रोज ३ शुभम् ।

**२१**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री नहकुल सुवेदी,** *०७५-CI-०००४, अंश दर्ता, संझादेवी मण्डल राजधोब वि. रामगोविन्द मण्डलसमेत*

मूलतः वादीले प्रतिवादीहरूका नाउँमा भएको सम्पूर्ण सम्पत्तिको ४ भागको १ भाग अंश पाउँ भन्ने दाबी गरेकोमा प्रतिवादीहरूले रीतपूर्वक अंशबन्डा नभएको कुरामा सहमत भए पनि आफ्नो निजी आर्जनबाहेकको सम्पत्ति मात्र बन्डा लाउनुपर्छ भन्ने कुरामा जिकिर गरेको देखियो । वादी र प्रतिवादी सत्यनारायण मण्डलका नाउँमा संयुक्त दर्ता रहेको कि.नं. ७७, २५४, २७८ र ३९५ का जग्गाहरूमा वादीले ४ भागको १ भाग अंश छुट्याइपाउने र सोबाहेक अन्य प्रतिवादीहरूका नाउँमा रहेको सम्पत्ति निजी आर्जन ठहरेकोमा सो विषयमा प्रतिवादी सत्यनारायण मण्डलको पुनरावेदन परेको नदेखिँदा सो विषयमा थप केही बोलिरहनु परेन ।

प्रतिवादीहरूले विभिन्न तवरले खरिद गरी प्राप्त गरेको सम्पत्ति बन्डा लाग्ने नलाग्ने के हो भन्ने सम्बन्धमा सम्बद्ध कानूनी व्यवस्था हेर्दा साबिक मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा "........कुनै अंशियारले आफ्नो ज्ञान वा सीप वा प्रयासबाट निजी आर्जन गरेको वा कसैबाट निजी तवरले दान वा बकस पाएको वा कसैको अपुताली परेको वा स्त्री अंश धनको महलको ५ नम्बरबमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँछ । बन्डा गर्न कर लाग्दैन ।....." भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । यसैगरी यस अदालतबाट चित्रबहादुर खड्का विरूद्ध पुष्पाकुमारी खड्का भएको अंशबन्डा मुद्दामा (ने.का.प. २०५७, अङ्क ३४, नि.नं.६९९१) "सरकारी नोकरी गरेबापत कर्मचारीको हैसियतले प्राप्त गर्ने कर्मचारी सञ्चय कोषबाट सापटीसमेत लिएको भन्ने कुरा कोषको पत्रबाट देखिँदा निजका नाउँमा रहेको घरसमेत निजकै निजी प्रयासबाटै निर्माण भएको भन्ने देखिन आउँछ" भन्ने सिद्धान्तसमेत प्रतिपादन भएको पाइन्छ ।

अतः पुनरावेदक संझादेवी मण्डल र प्रतिवादी सत्यनारायण मण्डलका नाउँमा संयुक्त दर्ता रहेको कि.नं. ७७, २५४, २७८ र ३९५ का ४ कित्ता जग्गाबाट ४ भागको १ भाग बन्डा लाग्ने र अन्य प्रतिवादीहरूका नाउँ दर्ताको सम्पत्ति निजहरूको निजी आर्जन ठहऱ्याई सुरूको फैसला केही उल्टी हुने ठहरेको तत्कालीन पुनरावेदन अदालत राजविराजको मिति २०७३।०५।२७ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : इन्द्रबहादुर कठायत

इति संवत् २०७९ साल भाद्र ३० गते रोज ५ शुभम्

## इजलास नं. ३

२२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७९-RB-०१३६, बैंकिङ कसुर, कान्छाराम तामाङ (लामा) भन्ने कान्छाराम थिङ वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी कान्छाराम तामाङ (लामा) भन्ने कान्छाराम थिङउपर आफ्नो बैंक खातामा पर्याप्त रकम नभएको जानीजानी जाहेरवालालाई चेक काटीदिएकोमा उक्त चेक सटहीका लागि सम्बन्धित बैंकमा जाँदा सटही हुन नसकेकोले कानूनबमोजिम सजायसमेत गरिपाउँ भनी विष्णुप्रसाद श्रेष्ठको किटानी जाहेरी परी प्रस्तुत मुद्दाको कारबाही प्रारम्भ भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले मौकामा अनुसन्धानको क्रममा र सुरू अदालतमा बयान गर्दा आफूले जाहेरीमा उल्लिखित चेक काटी जाहेरवालालाई दिएको र उक्त चेकमा भएको सहीछाप आफ्नो रहेको भन्ने तथ्यमा साबितै रही बयान गरेको देखिन्छ । प्रतिवादीले जाहेरवाला विष्णुप्रसाद श्रेष्ठलाई खातामा रकम नभई चेक काटिदिएको हुँदा कानूनबमोजिम कारबाही हुनुपर्छ भनी बुझिएका गम्भीरमान श्रेष्ठले घटना विवरण कागज गरिदिएको देखिन्छ । पुनरावेदक प्रतिवादीले जाहेरवालालाई दिएको चेक लिई सटही गर्नका लागि मेगा बैंक लिमिटेडसमक्ष पेस गर्दा चेकलाई खाम्ने पर्याप्त रकम प्रतिवादीको खातामा नभएकोले चेक भुक्तानी हुन नसकेको भन्ने मिसिल संलग्न रहेको बैंकले लेखिदिएको पत्र एवं सोसम्बन्धी बैंक स्टेटमेन्टबाट पुष्टि भएको देखियो । यसका साथै जाहेरीलाई समर्थन गरी आफूले चेक अनुसारको रकम नपाएको भनी जाहेरवालाले सुरू अदालतमा गरेको बकपत्रसमेतका मिसिल संलग्न आधार प्रमाणहरूबाट यी पुनरावेदक प्रतिवादीले आफूले काटिदिएको चेकलाई पुग्ने पर्याप्त रकम आफ्नो बैंक खातामा छैन भन्ने जानी जानी जाहेरवालाका नाममा रू.६,५०,०००।- (छ लाख पचास हजार रूपैयाँ) को चेक जारी गरी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर गरेको पुष्टि भएकोले निज प्रतिवादीलाई ऐ.ऐनको दफा १५(१) बमोजिम चेकमा लेखिएको रकम रू.६,५०,०००।- (छ लाख पचास हजार रूपैयाँ) बिगो कायम भई प्रतिवादीबाट उक्त बिगो रकम जाहेरवालाले भराइलिन पाउने र प्रतिवादीलाई बिगोबमोजिम रू.६,५०,०००।- (छ लाख पचास हजार रूपैयाँ) जरिवाना र ३(तीन) दिन कैद हुनुका साथै प्रतिवादीलाई भएको जरिवाना रकमको चार प्रतिशतले हुने रू.२६,०००।– (छब्बिस हजार रूपैयाँ) अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम प्रतिवादीले क्षतिपूर्ति शुल्कबापत बेहोर्नुपर्ने गरी सुरू उच्च अदालत पाटनबाट भएको फैसला अन्यथा नभई मिलेकै देखिँदा प्रतिवादीको पुनरावेदन जिकिर अनुसार प्रत्यर्थी झिकाउनुपर्ने अवस्था नदेखिने ।

अत: उच्च अदालत पाटनबाट मिति २०७६।१०।२१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम् ।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७९-RB-०१३७, बैंकिङ कसुर, कान्छाराम तामाङ (लामा) भन्ने कान्छाराम थिङ वि. नेपाल सरकार
- ०७९-RB-०१३८, बैंकिङ कसुर, कान्छाराम तामाङ (लामा) भन्ने कान्छाराम थिङ वि. नेपाल सरकार

**२३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-RB-०३१९, बैंकिङ कसुर, देवकी घिमिरे थापा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले जाहेरवालाको नाममा

नेपाल एस.वि.आई. बैंक लिमिटेड शाखा कार्यालय रत्ननगरको खाता नं.२३५१५२४२५०००६९ NPR/SBA बाट भुक्तानी हुने गरी जारी गरेका माथि उल्लिखित सक्कल चेकहरू लिई जाहेरवाला भुक्तानीका लागि उक्त बैंकमा जाँदा यी पुनरावेदक प्रतिवादी देवकी घिमिरे थापाको उक्त खातामा चेकबमोजिमको पर्याप्त रकम नभएको कारण भुक्तानी हुन नसकेको भनी फिर्ता भएको भन्ने मिसिल संलग्न रहेको उक्त बैंकको फिर्तासम्बन्धी पत्रबाट देखियो । मौकामा कागज गर्ने मन्जु श्रेष्ठको कागज बेहोरा, जाहेरवालीले दिएको मौकाको जाहेरी दरखास्त तथा यी पुनरावेदक प्रतिवादीले अदालतमा गरेको बयानसमेतमा आफ्नो खातामा पर्याप्त रकम नभएको कुरा स्वीकार गरेको देखिन्छ । यस अवस्थामा पुनरावेदक प्रतिवादीको अनुसन्धान एवं अदालतमा भएको बयान, जाहेरवालाको जाहेरी दरखास्त, बैंकको पत्र र स्टेटमेन्टसमेतका आधार प्रमाणबाट प्रतिवादीले आफ्नो बैंक खातामा पर्याप्त मौज्दात नभएको जानी जानी जाहेरवालालाई बैंकको चेक दिइ बाउन्स भएको अवस्था पुष्टि भएकोले यी पुनरावेदक प्रतिवादीले अभियोग दाबी अनुसार बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) को कसुर गरेको प्रमाणित भएकोले निजलाई सोही ऐनको दफा १५(१) बमोजिम जाहेरवालाको बिगो भराई पाँच दिन कैद र बिगोबमोजिम जरिवाना गरी अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) र (४) बमोजिम प्रतिवादीलाई ठहर भएको जरिवानाको ४% ले हुन आउने रकमसमेत जाहेरवालालाई क्षतिपूर्ति शुल्कबापत भराइदिने ठहऱ्याई भएको सुरू फैसला अन्यथा नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिर एवं छलफलका निमित्त प्रत्यर्थी झिकाइपाउँ भन्ने पुनरावेदक प्रतिवादी तर्फबाट उपस्थित विद्वान् अधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने ।

उच्च अदालत पाटनबाट मिति २०७६।०३।३१ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम् ।

## २४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७८-RB-०३७३, बैंकिङ कसुर, विनोदकुमार अग्रवाल वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेका हुन् वा होइनन् भन्ने सम्बन्धमा विचार गर्दा, यी पुनरावेदक प्रतिवादीले जाहेरवालाको नाममा चेक जारी गरेकोमा उक्त चेकबमोजिमको पर्याप्त रकम बैंक खातामा मौज्दात नभएकोमा पटकपटक उक्त चेक सटहीका लागि सम्बन्धित बैंकमा पेस गर्दा खातामा पर्याप्त रकम नभई चेक बाउन्स भएकोले प्रतिवादीलाई कानूनबमोजिम कारबाही गरी चेकमा उल्लिखित रकम दिलाई भराइपाउँ भन्ने जाहेरी दरखास्तबाट प्रस्तुत मुद्दाको कारबाही प्रारम्भ भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादी विनोदकुमार अग्रवाल प्रस्तुत मुद्दा अनुसन्धानको क्रममा उपस्थित भएको देखिँदैनन् । यी पुनरावेदक प्रतिवादीले सुरू अदालतसमक्ष उपस्थित भई बयान गर्दा आफ्नो खाता सञ्चालन गर्न उक्त खाताको चेकसहित भतिज नाता पर्ने रमेशकुमार अग्रवाललाई अख्तियारी दिएकोमा प्रस्तुत चेक निज रमेशकुमार अग्रवालले किर्ते गरी जाहेरवालालाई दिई आफूलाई फसाएका हुन् भनी बयान गरेको भए तापनि मिसिल संलग्न रहेको बैंकको पत्रमा यी प्रत्यर्थी प्रतिवादी विनोदकुमार अग्रवालको नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडमा रहेको बैंक खातामा भएको सहीसँग चेकमा भएको सही भिडेको भनी लेखिआएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले सुरू अदालतमा गरेको बयानमा जाहेरलालालाई दिएको चेकमा भएको सहीछाप आफ्नो नभई आफूले अख्तियारी दिएका

भतिज नाता पर्ने रमेशकुमार अग्रवाल र जाहेरवालाले मिली किर्ते गरी आफूलाई फसाउन चेक दिए लिएको भनी बयान गरे पनि उक्त चेकमा भएको सही जाँच गरिपाउँ भनी कहीँकतै माग गरेको अवस्थासमेत देखिएन। जाहेरवाला ईश्वरलाल साह तेलीले उक्त चेक सटही गर्न इन्भेष्टमेन्ट बैंक लिमिटेडमा जाँदा खातामा पर्याप्त रकम नरहेको कारण बैंकबाट चेक फिर्ता भएको भन्ने अभियोगपत्रसाथ संलग्न चेक र मिसिल संलग्न रहेको नबिल बैंक लिमिटेडले लेखिदिएको पत्रबाट समेत देखियो। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ मा कसैले पनि बैंक वा वित्तीय संस्थामा खाता खोल्दा वा रकम भुक्तानी माग गर्दा देहायको कार्य गर्न हुँदैन भन्ने व्यवस्था गर्दै सोही दफाको खण्ड (ग) मा आफ्नो खातामा मौज्दात रकम नभएको जानी जानी चेक काटिदिनु हुँदैन भन्ने बेहोरा उल्लेख गरेको देखिन्छ। उक्त खण्ड (ग) मा रहेको व्यवस्थाले कसैले कसैलाई आफ्नो खातामा रकम नभएको वा खातामा पर्याप्त रकम नभएको अवस्थामा उक्त कुरा जानी जानी खातामा भएको रकमभन्दा बढी हुने गरी चेक जारी गर्न नहुने र जारी गरेमा उक्त कार्य बैंकिङ कसुर हुन्छ भन्ने मनसाय राखेको पाइयो। उक्त कानूनी व्यवस्थाको सन्दर्भमा यी पुनरावेदक प्रतिवादी बिनोदकुमार अग्रवालले निजको नाममा नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेडमा रहेको ०१२१२४०२१ नं. को खातामा पर्याप्त मौज्दात नभएको जानी जानी जाहेरवाला ईश्वरलाल साह तेलीलाई चेक काटिदिएको भन्ने पुष्टि भइरहेको देखिँदा यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) ले निषेध गरेको कार्य गरी बैंकिङ कसुर गरेको पुष्टि हुने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ को उपदफा (१) मा कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ भन्ने व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाको सन्दर्भमा यी पुनरावेदक प्रतिवादीले आफ्नो बैंक खातामा पर्याप्त रकम नभएको जानी जानी जाहेरवालालाई चेक जारी गरेको र बैंकमा पर्याप्त रकम नभएको कारण चेक फिर्ता भएको भन्ने सम्बन्धित बैंकले लेखिदिएको मिसिल संलग्न पत्रबाट देखिँदा यी पुनरावेदक प्रतिवादीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ को उपदफा (१) बमोजिम ५(पाँच) दिन कैद, रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) जरिवाना र बिगो रकम रू.५,००,०००।- (पाँच लाख रूपैयाँ) जाहेरवालाले यी पुनरावेदक प्रतिवादीबाट भराइलिन पाउने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (३) बमोजिम जरिवानाको चार प्रतिशतले हुन आउने रकमसमेत सोही ऐनको दफा ४१ (४) बमोजिम प्रतिवादीले क्षतिपूर्तिबापत बुझाउनुपर्ने गरी निर्धारण गरिदिएको उच्च अदालत पाटनको फैसला अन्यथा नभई मिलेकै देखिँदा प्रतिवादीको पुनरावेदन जिकिर अनुसार प्रत्यर्थी झिकाउनुपर्ने अवस्था नदेखिने।

उच्च अदालत पाटनबाट मिति २०७८।०७।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम्।

२५

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-RB-००७१, राजस्व चुहावट, नेपाल सरकार वि. घनश्याम यादवसमेत*

बरामद भएको सामान १०३२ पिस लेडिज उलन कुर्ता सुरूवालमध्ये ९२९ थान कुर्ता सुरुवाल यी प्रत्यर्थी प्रतिवादी घनश्याम यादवले खरिद गरी भन्सार प्रज्ञापन पत्र भरी भन्सारमा लाग्ने दस्तुर तिरी आयात गरी ल्याएको देखिन्छ भने सोमध्ये नपुग १०३ थान उलन कुर्ता सुरूवालको हकमा के रहेछ

भन्नेतर्फ हेर्दा यी प्रत्यर्थी प्रतिवादी घनश्याम यादवले मौकामा बयान गर्दा आफूले भन्सारबाट जाँचपास गराई ल्याएको सामानमध्ये ९२९ थान लेडिज उलन कुर्ता सुरूवाल मात्र रहेको अवस्थामा क्रेताहरू पंकज इम्पोरियम बुटवल र नव पौडेल ब्रदर्स बुटवलले १०३६ थान माग गरेकोले साजन साडी इम्पोरियम बुटवलबाट १०७ थान खरिद गरी उक्त फर्मलाई बिक्री गरेको हुँ, सो को बिक्री बिजक जारी गर्न बाँकी छ, उक्त सामान नगदमा लिएको हो, मालवस्तु जाँचपास गराई मेरो घर गोदाममा राखेको थिएँ, अब गोदाममा मालवस्तु छैन, छठ पर्वको कारण अघिल्लो दिन जारी गरेका बिल अनुसारका सामान भोलिपल्ट पशुपति ट्रान्सपोर्टसम्म पठाई सो ट्रान्सपोर्टले झिकाइदिएको लु.१.च.८१०७ नं.को पिकअपबाट बुटवलतर्फ पठाएको थिएँ भन्ने बेहोरा उल्लेख गरी साजन साडी इम्पोरियमबाट १०७ थान उलन सुट खरिद गरेको मिति २०७५।७।२५ को बिजक नं.१९५ नं.को कर बिजक (बिल) पेस गरेको देखिने।

प्रत्यर्थी प्रतिवादी घनश्याम यादवले भन्सार प्रज्ञापन पत्र भरी ल्याएको ९२९ थान र निजले साजन साडी इम्पोरियम बुटवलबाट खरिद गरेको १०७ थान सामानसमेत राजस्व अनुसन्धान कार्यालय बुटवलले बरामद गरेको बिजक नं. २ र ३ को सामानहरू रहे भएको देखिन्छ । प्रत्यर्थी प्रतिवादी घनश्याम यादवले सञ्चालन गरेको लक्ष्मी इन्टर प्राइजेजबाट बरामद भएको मिति २०७५।७।२६ को बिजक नं.२ र बिजक नं.३ मा उल्लिखित सामानको मूल्य र १३% ले हुन आउने करसमेतको बिल जारी गरेको देखिन्छ । उक्त दुवै बिजकहरू र माथि उल्लिखित भारतबाट आयात गरी भन्सार प्रज्ञापन पत्र भरी लाग्ने दस्तुर भन्सार बुझाई ल्याएको सामान ९२९ थान र नेपालमै खरिद गरेको १०७ थान लेडिज उलन कुर्ता सुरूवाल भैरहवाबाट बुटवलतर्फ लक्ष्मी इन्टर प्राइजेजले नव पौडेल ट्रेडर्स बुटवलको लागि ७३१ पिस र पंकज इम्पोरियम बुटवलको निमित्त ३०५ पिस पठाउँदै गरेको अवस्थामा नियन्त्रणमा लिई बरामद गरेको देखिन आएकोले प्रतिवादी घनश्याम यादवले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन,२०५२ को दफा ३ र दफा ४ को (क) (ख) र (ग) मा उल्लिखित कार्य गरी राजस्व चुहावट गरेको भन्ने अभियोग दाबी पुष्टि हुन नसकेको र नेपाल सरकारलाई बुझाउनुपर्ने राजस्व बुझाई विधिवत् कारोबार गरेकै अवस्थामा सामान बरामद भएको देखिनआएकोले यी पुनरावेदक प्रतिवादी घनश्याम यादवउपरको वादी नेपाल सरकारको अभियोग माग दाबी पुग्न नसकी निजले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट भएको फैसला अन्यथा नदेखिने।

म प्रत्यर्थी प्रतिवादीहरू कृष्णप्रसाद गुप्ता र जितेन्द्र मल्लाहको हकमा हेर्दा यी प्रत्यर्थी प्रतिवादी कृष्णप्रसाद गुप्ता पशुपति ट्रान्सपोर्ट भैरहवाका म्यानेजर र प्रत्यर्थी प्रतिवादी जितेन्द्र मल्लाह लु.१.च.८१०७ का गाडीधनी भएका भन्ने देखिन्छ । यी प्रत्यर्थी प्रतिवादीहरूले मौकामा अनुसन्धानको क्रममा र अदालतमा गरेको बयानसमेतबाट सहप्रतिवादी घनश्याम यादवले निजको सामान बुटवलसम्म पुऱ्याइदिनु भनेकाले प्रत्यर्थी प्रतिवादी कृष्णप्रसाद गुप्ताले सामान बुझिलिई अर्का प्रत्यर्थी प्रतिवादी जितेन्द्र मल्लाहलाई उक्त सामान बुटवल पठाउन गाडी पठाइदिनु भनी गाडी धनी प्रत्यर्थी प्रतिवादी जितेन्द्र मल्लाहको गाडी मगाएको र प्रत्यर्थी प्रतिवादी कृष्णप्रसाद गुप्ताले भनेबमोजिम यी प्रत्यर्थी प्रतिवादी जितेन्द्र मल्लाहले आफ्नो गाडी पठाई उक्त गाडीमा प्रतिवादी घनश्याम यादवको सामान बुटवल पठाएको भन्ने देखिन्छ। राजस्व अनुसन्धान कार्यालय बुटवलले उक्त गाडीबाट बुटवलतर्फ जाँदै गर्दाको अवस्थामा बरामद गरेका लेडिज उलन सुटहरू १०३२ थानमध्ये ९२९ थान सामान प्रत्यर्थी प्रतिवादी घनश्याम यादवले भारतबाट खरिद गरी ल्याई भन्सार प्रज्ञापन पत्र भरी भन्सारमा लाग्ने दस्तुर बुझाई ल्याएको सामान

देखिएको र बाँकी १०७ थान लेडिज उलन सुट साजन साडी इम्पोरियम बुटवलबाट खरिद गरेकोमध्येको सामान देखिन आएको र मुख्य रूपमा आरोपित प्रत्यर्थी प्रतिवादी घनश्याम यादवले अभियोग दाबीबाट सफाइ पाइसकेको अवस्थामा अन्य सहप्रतिवादीहरू कृष्णप्रसाद गुप्ता र जितेन्द्र मल्लाहले प्रत्यर्थी प्रतिवादी घनश्याम यादवलाई राजस्व छली गर्ने कार्यमा सहयोग गरेकोले मतियार कायम गरी सजायसमेत गरिपाउँ भन्ने वादी नेपाल सरकारको अभियोग माग दाबी पुष्टि हुनसक्ने अवस्था नदेखिँदा यी प्रत्यर्थी प्रतिवादीहरूले समेत आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई भएको सुरू फैसला अन्यथा नदेखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं सुरू फैसला उल्टी गर्ने प्रयोजनार्थ छलफलका लागि प्रत्यर्थी झिकाइपाउँ भन्ने पुनरावेदक वादीका तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रत्यर्थी प्रतिवादीहरू घनश्याम यादव, कृष्णप्रसाद गुप्ता र जितेन्द्र मल्लाहले आरोपित कसुरबाट सफाइ पाउने ठहऱ्याई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७७।०४।२८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम्।

२६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७९-RB-०२००, राजस्व चुहावट, मोहम्मद साहिर अन्सारी वि. नेपाल सरकार

पुनरावेदक प्रतिवादी प्रोप्राइटर रहेको हसनैन फेन्सी कपडा पसलबाट Neha Fancy Pasal, Kathmandu (स्थायी लेखा नं. ६०८४५६९१७) का नाममा काटेको बिल नं. ४२, ४३, ४४ र ४५ का बिलहरू राजस्व अनुसन्धान विभागबाट बरामद भएको र उक्त बिलहरू मेरो हो र मैले काटेको हुँ भनी मौकामा बयान गर्दा यी पुनरावेदकले स्वीकार गरी बयान गरेको देखिन्छ। पुनरावेदक प्रतिवादीले अदालतमा बयान गर्दा मिसिल संलग्न बरामदित उक्त बिलहरूलाई आफ्नो पसलको नभएको भनी अस्वीकार गरेको भए पनि उक्त इन्कारीलाई कुनै प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था मिसिल संलग्न प्रमाणबाट देखिँदैन। सामान्यतया पुनरावेदक प्रतिवादीको पसलबाट बरामद भएका उक्त बिलको जिम्मेवारी यी प्रतिवादीले नै लिनुपर्ने हुन्छ। पुनरावेदक प्रतिवादीले उक्त बिलमा उल्लेख भएका सामान पैठारी गर्दा भन्सार तिरेको वा सो सामान आन्तरिक बजारबाट खरिद गरेको भए सोको बिल पेस गर्नुपर्नेमा सोसम्बन्धी कुनै प्रमाण पेस गर्न सकेको अवस्था देखिँदैन। यसका साथै राजस्व अनुसन्धान विभागबाट भएको अनुसन्धानबाट यी पुनरावेदक प्रतिवादीले लुज बिल प्रयोग गरी भा.रू.२,०७,०७३।- बराबरको सामान पैठारी गरेको भन्नेसमेत देखिएकोमा सोको भन्सार महसुल बुझाएको अवस्थासमेत मिसिलबाट देखिँदैन। पुनरावेदक प्रतिवादीको पसलबाट बरामद भएका बिक्री तथा खरिद बिलहरू भन्सार प्रज्ञापन पत्रहरूको आधारमा कारोबार भिडान गर्दा खरिदभन्दा बिक्री बढी देखिन्छ। पुनरावेदक प्रतिवादीले भन्सार नतिरी गैरकानूनी रूपमा मालसामान पैठारी गरी बिक्री गरेको भन्ने वादी नेपाल सरकारको अभियोग दाबी मिसिल संलग्न राजस्व अनुसन्धान विभागको प्रतिवेदन र वादी पक्षका साक्षी गवाह प्रतिवेदक लोकेन्द्रकुमार रिजाल र प्रकाश बुढाथोकीले अदालतसमक्ष गरेको बकपत्रबाट समर्थित भइरहेको देखियो। यसका साथै यी पुनरावेदक प्रतिवादीले व्यक्तिगत रूपमा सामान ल्याउने, लुज बिलबाट पैठारी गर्ने र स्टिमेट बिलबाट बिक्री गर्ने गरेको तथ्यलाई मौकाको बयानमा स्वीकारै गरेको पाइएकोले उक्त कार्यलाई कानूनसम्मत मान्न मिल्ने नदेखिएबाट यी पुनरावेदक प्रतिवादीले अभियोग दाबी अनुसार राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण)

ऐन, २०५२ दफा ४ को खण्ड (क) र (ग) बमोजिमको कसुर गरेको पुष्टि हुने।

प्रतिवादीउपर राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३(१) र (३) बमोजिम सजाय गरी बिगो रकम सोही ऐनको दफा ३२ख बमोजिम सरकारी बाँकीसरह असुल गरिपाउँ भन्ने अभियोग दाबी लिएको सन्दर्भमा प्रस्तुत मुद्दाको वारदात हुँदाका बखत राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) मा राजस्व चुहावटको कसुर गर्ने व्यक्तिलाई बिगोको दोब्बरसम्म जरिवाना गरी कसुरको मात्रा हेरी तीन वर्षसम्म कैद गर्न सक्ने छ भन्ने व्यवस्था रहेको र उपदफा (३) मा उपदफा (१) बमोजिम बुझाउनुपर्ने राजस्व रकममा राजस्वसम्बन्धी प्रचलित कानूनबमोजिमको ब्याजसमेत लाग्ने छ भन्ने व्यवस्था रहेकोमा मुद्दा अदालतमा विचाराधीन रहेकै अवस्थामा उक्त ऐनको दफा २३ मा भएको पहिलो संशोधनबाट उपदफा (१) मा राजस्व चुहावटको कसुर गर्ने व्यक्तिबाट बिगो असुल वा जफत गरी त्यस्तो व्यक्तिलाई बिगोको शतप्रतिशत जरिवाना तथा कसुरको मात्रा अनुसार देहायबमोजिमको कैद हुने छ भन्ने व्यवस्था गर्दै खण्ड देहाय (क) मा एक करोड रूपैयाँसम्मको बिगोमा एक महिनादेखि छ महिनासम्म कैद हुने कानूनी व्यवस्था गरिएको पाइन्छ। फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ५ मा कुनै कसुरका सम्बन्धमा कसुर गर्दाका बखतभन्दा सजाय निर्धारण गर्दाका बखत कानूनबमोजिम घटी सजाय हुने रहेछ भने घटी सजाय हुने गरी सजाय निर्धारण गर्नुपर्ने छ भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा यी पुनरावेदक प्रतिवादीको हकमा पनि सजाय निर्धारण गर्दाको बखत हाल बहाल रहेको राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को संशोधित दफा २३ (१) मा रहेको सजायको व्यवस्थाबमोजिम नै सजाय गर्नुपर्ने।

बिल नं.४२, ४३, ४४ र ४५ सँग सम्बन्धित बिगो रू.५८,०००।– र लुज बिल प्रयोग गरी पैठारी गरेको मालसामानको जम्मा बिगो रू.४,७५,८५०।– पुनरावेदक प्रतिवादीले राजस्व चुहावट गरेको तथ्य मिसिल संलग्न प्रमाणबाट पुष्टि भएको देखिन्छ। यी पुनरावेदक प्रतिवादीले गरेको कसुरसँग सम्बन्धित कुल बिगो रू.४,७५,८५०।–(चार लाख पचहत्तर हजार आठ सय पचास रूपैयाँ) कायम गर्नुपर्ने देखिँदा उक्त बिगो राजस्वसम्बन्धी प्रचलित कानूनबमोजिम लाग्ने ब्याजसहित असुल गरी निजलाई बिगोको शतप्रतिशत अर्थात् रू.४,७५,८५०।– (चार लाख पचहत्तर हजार आठ सय पचास रूपैयाँ) जरिवाना र एक महिना कैद हुनुका साथै नेपाल सरकारलाई बुझाउनुपर्ने राजस्व यी पुनरावेदक प्रतिवादीबाट सरकारी बाँकीसरह असुल गर्नुपर्ने गरी उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट भएको फैसला मिलेकै देखिँदा प्रतिवादीको पुनरावेदन जिकिरअनुसार प्रत्यर्थी झिकाउनुपर्ने अवस्था नदेखिने।

उच्च अदालत तुलसीपुर, नेपालगन्ज इजलासबाट मिति २०७८।०९।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम्।

**२७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-RB-०३६६, बैंकिङ कसुर, बेणीमाधव भट्टराई वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेका हुन् वा होइनन् भन्ने सम्बन्धमा विचार गर्दा, यी पुनरावेदक प्रतिवादीले जाहेरवालाको नाममा चेकहरू जारी गरेकोमा उक्त चेकबमोजिमको पर्याप्त रकम बैक खातामा मौज्दात नभएकोमा पटकपटक उक्त चेकहरू सम्बन्धित बैंकमा पेस गर्दा खातामा पर्याप्त रकम नभई चेक बाउन्स भएकोले प्रतिवादीलाई कानूनबमोजिम कारबाही गरी चेकमा उल्लिखित रकम दिलाई भराइपाउँ भन्ने जाहेरी

दरखास्तबाट प्रस्तुत मुद्दाको कारबाही प्रारम्भ भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूले जाहेरवालाबाट व्यवसाय गर्न रू.१०,००,०००।- (दश लाख रूपैयाँ) रकम सापटी लिएको, जाहेरवालाले उक्त रकम फिर्ता मागेपछि तत्काल नगद नहुँदा केही समयपछि बैंक खाताबाट भुक्तानी लिनु भनी नबिल बैंक लिमिटेड शाखा काठमाडौंको खाता नं. ०२१००१७५३८५०६ को चेक नं. ०५७५३०७७ बाट भुक्तानी लिने गरी मिति २०७७।०९।१६ मा रू.१०,००,०००।-(दश लाख रूपैयाँ) को चेक जाहेरवाला मिनबहादुर प्रधानले पाउने गरी जारी गरी दिएको, व्यापार व्यवसायबाट आउनुपर्ने रकम नआएको कारण उक्त चेकमा उल्लिखित रकम जम्मा गर्न नसकेको अवस्थामा जारी गरेको उक्त चेक जाहेरवालाले बैंकमा भुक्तानीको लागि पेस गर्दा पर्याप्त रकम नभएको कारण चेक बाउन्स गराइदिएपछि जाहेरवालाले प्रहरीमा जाहेरी दरखास्त दिएको भन्ने बेहोरा उल्लेख गरी बयान गरेको देखियो। यी पुनरावेदक प्रतिवादीले सुरू अदालतसमक्ष बयान गर्दा चेक काटी जाहेरवालालाई दिएको र चेकमा रहेको हस्ताक्षरसमेत आफ्नो रहेको तथ्यलाई स्वीकार गरी बयान बेहोरा लेखाएको देखिन्छ । जाहेरवाला मिनबहादुर प्रधानले उक्त चेक सटही गर्न नबिल बैंक लिमिटेडमा जाँदा प्रतिवादीको खातामा रकम पर्याप्त नरहेको कारण बैंकबाट चेक फिर्ता भएको भन्ने अभियोगपत्र साथ संलग्न चेक र मिसिल संलग्न रहेको नबिल बैंक लिमिटेडले लेखिदिएको Ref: HO ।Ops-rpl ।७२७।२०७७।७८ को पत्रबाट समेत देखिने।

पुनरावेदक प्रतिवादी बेणीमाधव भट्टराईले निजको नाममा नबिल बैंक लिमिटेडमा रहेको ०२१००१७५३८५०६ नं. को खातामा मौज्दात रकम पर्याप्त नभएको जानी जानी जाहेरवाला मिनबहादुर प्रधानलाई चेक काटिदिएको भन्ने पुष्टि भएको देखिँदा यी पुनरावेदक प्रतिवादीले अभियोग दाबीबमोजिम बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ को खण्ड (ग) ले निषेध गरेको कार्य गरी बैंकिङ कसुर गरेको पुष्टि हुने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ को उपदफा (१) मा कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ भन्ने व्यवस्था रहेको पाइन्छ । उक्त कानूनी व्यवस्थाको सन्दर्भमा यी पुनरावेदक प्रतिवादीले आफ्नो बैंक खातामा पर्याप्त रकम नभएको जानी जानी जाहेरवालालाई चेक जारी गरेको र बैंकमा पर्याप्त रकम नभएको कारण चेक फिर्ता भएको भन्ने सम्बन्धित बैंकले लेखिदिएको पत्रबाट देखिँदा यी पुनरावेदक प्रतिवादीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा १५ को उपदफा (१) बमोजिम ३(तीन) दिन कैद, रू.१०,००,०००।- (दस लाख रूपैयाँ) जरिवाना र बिगो रकम रू.१०,००,०००।- (दस लाख रूपैयाँ) जाहेरवालाले यी पुनरावेदक प्रतिवादीबाट भराइलिन पाउने र अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१ (३) र (४) बमोजिम जरिवानाको ४% ले हुने रकम रू.४०,०००।– (चालिस हजार रूपैयाँ) प्रतिवादीले क्षतिपूर्ति शुल्कबापत बुझाउनुपर्ने गरी भएको उच्च अदालत पाटनको फैसला अन्यथा नभई मिलेकै देखिएको र प्रत्यर्थी झिकाउनुपर्ने अवस्था नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिर एवं पुनरावेदक प्रतिवादीका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस बुँदासँग सहमत हुन नसकिने।

उच्च अदालत पाटनबाट मिति २०७८।०७।२६ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम्।

२८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-RB-०५३२, बैंकिङ कसुर,*

*उत्तम तिमल्सिना वि. नेपाल सरकार*

प्रतिवादीले निजको नामको बैंक खातामा पर्याप्त रकम नभएको कुरा जानी जानी जाहेरवालाको नाममा NIC ASIA बैंकको रू.२,१४,०००।– को चेक दिएकोमा उक्त चेक साट्न पटकपटक बैंकमा जाँदा प्रतिवादीको खातामा पर्याप्त रकम नभएको कारण रकम भुक्तानी हुन नसकेकोले प्रतिवादीलाई कानूनबमोजिम कारबाही गरिपाउँ भनी जाहेरवाला अशोक पौडेलले यी पुनरावेदक प्रतिवादीउपर किटानी जाहेरी दिएकोमा उक्त जाहेरी बेहोरालाई समर्थन गरी जाहेरवालाले अदालतमा समेत बकपत्र गरिदिएको पाइयो । यसका साथै अनुसन्धानको क्रममा कागज गर्नेमध्येका इन्द्रराज सुवेदीले आफ्नो मौकाको भनाइलाई पुष्टि गर्दै अदालतमा समेत बकपत्र गरिदिएको देखिने ।

पुनरावेदक प्रतिवादी उत्तम तिमल्सिनाले आफ्नो नाउँमा NIC ASIA बैंकमा सञ्चालनमा रहेको खाता नं. १३५५३४२९८७५२४००१ बाट जाहेरवाला अशोक पौडेलले भुक्तानी पाउने गरी मिति २०७५।१२।२५ मा चेक नं. ००२२७९६२०८ को चेक जारी गरिदिएको देखिन्छ । उक्त चेकमा यी पुनरावेदक प्रतिवादी उत्तम तिमल्सिनाको लेखात्मक सही रहेको भन्नेमा पनि विवाद देखिँदैन । यी पुनरावेदक प्रतिवादीले चेकमा भएको लेखात्मक सही आफ्नो भए पनि चेकमा उल्लेख भएको अङ्क अक्षर आफूले भरेको होइन भनी सुरू अदालतमा बयान गरे पनि विवादित चेक आफ्नो सहमति मन्जुरीले नै जाहेरवाला अशोक पौडेललाई रकम भुक्तानीको लागि दिएको भन्नेमा विवाद देखिँदैन । यसका साथै विवादित चेक अन्यथा हो भनी सो सम्बन्धमा यी पुनरावेदक प्रतिवादीले अधिकार प्राप्त कुनै निकायमा कुनै उजुर बाजुर गर्नसकेको अवस्थासमेत देखिँदैन । यस्तो अवस्थामा विवादित चेकमा भएको अङ्क अक्षर आफूले भरेको होइन भन्नेसम्मको भनाइको आधारमा मात्र दाबीको चेक यी पुनरावेदक प्रतिवादीले जाहेरवालालाई रकम भुक्तानीको लागि दिएको र खातामा पर्याप्त रकम नभएको भन्ने कारणबाट चेक बाउन्स भएको तथ्यलाई अन्यथा भन्न नमिल्ने ।

जाहेरवाला अशोक पौडेल यी पुनरावेदक प्रतिवादीले दिएको NIC ASIA बैंकको विवादित चेक लिई clearing मार्फत सटहीका लागि सन् २१।०४।२०१९, २४।०४।२०१९ र २८।०४।२०१९ मा गरी ३ पटकसम्म सिटिजन्स बैंक इन्टरनेसनलमा गएकोमा उक्त बैंकबाट ३ पटक नै जारी गरिएको CHEQUE INFORMATION REPORT मा CHEQUE RETURN REASON-INSUFFICIENT FUND भनी उल्लेख भएको पाइयो । मिसिल संलग्न रहेको NIC ASIA बैंकबाट प्राप्त पुनरावेदक प्रतिवादी उत्तम तिमल्सिनाको नाममा रहेको बैंक स्टेटमेन्ट हेर्दा, जाहेरवाला चेक साट्न गएको मिति सन् २१।०४।२०१९ मा रू.१९,९४१।१६, सन् २४।०४।२०१९ मा रू.९,९४१।१६ र सन् २८।०४।२०१९ मा रू.३३,९४१।१६ रूपैयाँ रकम मौज्दात रहेको देखियो । यसबाट जाहेरवालालाई यी पुनरावेदक प्रतिवादीले दिएको चेकले खाम्नसक्ने जति पर्याप्त रकम यी पुनरावेदक प्रतिवादीको खातामा नभएकोले नै उक्त चेक फिर्ता हुन गएको तथ्य पुष्टि हुने ।

उच्च अदालत पाटन, हेटौँडा इजलासबाट मिति २०७६।०७।२० मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० वैशाख ६ गते रोज ४ शुभम् ।

## २९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-RB-०६८९, बैंकिङ कसुर, नेपाल सरकार वि. ज्ञानबहादुर क्षेत्री*

प्रत्यर्थी प्रतिवादी ज्ञानबहादुर क्षेत्रीले अदालतमा बयान गर्दा यी जाहेरवाला दिपक बस्नेतलाई तिर्नुपर्ने जाहेरीमा उल्लिखित चेकबमोजिमको सम्पूर्ण रकम जाहेरवालालाई बुझाइसकेकोले अभियोग

दाबीबमोजिम सजाय हुनुपर्ने होइन भनी मिति २०७८।०४।०८ मा रकम बुझे बुझाएको भर्पाईको प्रतिलिपि पेस गरी उक्त भरपाई जाहेरवालाले सनाखतसमेत गरेको देखियो । यसका साथै आफूले दाबी गरेको जाहेरीबमोजिमको सम्पूर्ण रकम पाइसकेको भनी जाहेरवाला दीपक बस्नेतले मिति २०७८।०९।०७ मा सुरू अदालतमा निवेदन दिई उक्त बेहोरा सनाखतसमेत गरेको मिसिल संलग्न रहेको उक्त निवेदन र सोको पिठमा गरिदिएको सनाखत बेहोराबाट देखियो । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३ मा कसैले पनि बैंक तथा वित्तीय संस्थामा खाता खोल्दा वा रकम भुक्तानी माग गर्दा देहायको कार्य गर्न हुँदैन भन्ने व्यवस्था गर्दै सोही दफाको खण्ड (ग) मा "आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटिदिन" नहुने भन्ने कुरा उल्लेख भएको देखिन्छ। सोही ऐनको दफा १५ (१) मा "कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दाको तथ्यलाई हेर्दा यी प्रत्यर्थी प्रतिवादीले जाहेरवालालाई भुक्तानीका लागि काटिदिएको उल्लिखित चेक बराबरको रकम जाहेरवालालाई नगदै बुझाई जाहेरवालाले भरपाईसमेत गरिदिएको अवस्था हुँदा प्रस्तुत मुद्दामा बिगो कायम हुनसक्ने देखिएन । बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को उपदफा (१) बमोजिम बिगो नै कायम हुन नसकेको अवस्थामा प्रतिवादीलाई कसुरदार कायम गरी सजाय गरिपाउँ भन्ने वादीको पुनरावेदन जिकिर न्यायोचित नदेखिने।

प्रतिवादीले जाहेरवालालाई बुझाउनुपर्ने चेकबमोजिमको रकम बुझाइसकेको स्थितिमा प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्नु मनासिब नदेखिँदा प्रतिवादीले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याएको उच्च अदालत पाटनको फैसला अन्यथा नभई मिलेकै देखिँदा वादी नेपाल सरकारको पुनरावेदन जिकिर तथा छलफलको निमित्त प्रतिवादीलाई झिकाइपाउँ भन्ने सोतर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताको बहस बुँदासँग सहमत हुन नसकिने।

उच्च अदालत पाटनबाट मिति २०७८।०९।१८ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम्।

**३०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-RB-०१०४, बैंकिङ कसुर, अंख भन्ने अङ्कबहादुर बुढा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादीले जाहेरवालालाई रू.७,००,०००।- (सात लाख रूपैयाँ) को चेक काटिदिएकोमा जाहेरवाला उक्त चेक लिई सम्बन्धित बैंकमा साटन जाँदा पुनरावेदक प्रतिवादीको खातामा पर्याप्त रकम नभई चेक भुक्तानी हुन नसकी बाउन्स भएको भन्ने मिसिल संलग्न उक्त चेक तथा बैंकको जवाफबाट देखिन्छ । जाहेरवालालाई दिनुपर्ने रू.७,००,०००।- (सात लाख रूपैयाँ) रकमबापत आफूले जाहेरवालालाई चेक दिएको हो भनी यी पुनरावेदक प्रतिवादीले अनुसन्धान तथा अदालतमा गरेको बयानमा समेत स्वीकार गरेको देखिन्छ। जाहेरवालाले अदालतमा बकपत्र गर्दासमेत बैंक खातामा पर्याप्त रकम नभएको चेक प्रतिवादीले नै दिएको र उक्त रकम आफूले हालसम्म पनि भुक्तानी नपाएको भनी बकपत्र गरेको पाइयो । बुझिएका पृथ्वीबहादुर कार्कीले समेत अदालतमा बकपत्र गर्दा विवादित चेक प्रतिवादी अंख भन्ने अङ्कबहादुर बुढाले जाहेरवालालाई दिएका र उक्त चेकबमोजिमको रकम खातामा नभएको सुनी थाहा पाएको भनी लेखाएको देखियो । मिसिल संलग्न रहेको राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय, मुगुको च.नं.४५१ मिति

२०७५।१२।२८ को पत्र हेर्दा पुनरावेदक प्रतिवादी यी अंख भन्ने अङ्कबहादुर बुढाको उक्त बैंकको शाखा कार्यालयमा रहेको खाता नं. ४०६०००७१८२१० मा चेक नम्बर ०००२७३४१२ मा उल्लिखित रकम खाम्न सक्ने मौज्दात नरहेकोले उक्त चेक बाउन्स भएको बेहोरा जानकारी गराइन्छ भन्ने बेहोरा उल्लेख भएबाट यी पुनरावेदकले जाहेरवालालाई दिएको उक्त चेकमा उल्लेख भएको रकम खाम्न सक्ने गरी पुनरावेदक प्रतिवादीको खातामा पर्याप्त रकम नभएको भन्ने प्रस्ट हुने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा " आफ्नो खातामा मौज्दात रकम नभएको जानीजानी चेक काटिदिन" नहुने भन्ने कुरा उल्लेख भएको देखिन्छ भने सोही ऐनको दफा १५(१) मा " कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाबमोजिम प्रस्तुत विवादमा रू.७,००,०००।- (सात लाख रूपैयाँ) बिगो कायम छ भने पुनरावेदक प्रतिवादीले जाहेरवालालाई बैंकमा पर्याप्त रकम नरहेको भन्ने कुरा जानीजानी चेक काटिदिएको भन्ने कुरा प्रमाणित भएको देखिँदा प्रतिवादीले अभियोग दाबीबमोजिमको कसुर गरेको भनी निजलाई दाबीबमोजिम जाहेरवालाको बिगो रू. ७,००,०००।- भराई बिगोबमोजिम जरिवाना र दश दिन कैद सजायका साथै अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(३) बमोजिम बिगोको ४% चार प्रतिशतले हुने रकम रू. २८,०००।- क्षतिपूर्ति रकमसमेत निर्धारण गरिदिएको उच्च अदालत सुर्खेतको फैसला अन्यथा नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, प्रतिवादीलाई बिगोबमोजिम जरिवाना र दश दिन कैद भई प्रतिवादीबाट जाहेरवालाले बिगो भराइपाउने र बिगोको ४% चार प्रतिशतले क्षतिपूर्ति रकमसमेत निर्धारण गरिदिने ठहऱ्याई सुरू उच्च अदालत सुर्खेतबाट मिति २०७६।०३।१९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम्।

### ३१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा**, *०७८-RB-०७१७, बैंकिङ कसुर, सुरेन्द्रबहादुर थापा वि. नेपाल सरकार*

पुनरावेदक प्रतिवादी सुरेन्द्रबहादुर थापाले अधिकार प्राप्त अधिकारीसमक्ष बयान गर्दा आफूले अभियोग दाबीबमोजिमको रकमको चेक लेखी जाहेरवालालाई दिएको कुरा स्वीकार गरी बयान गरेको देखिन्छ भने निजले अदालतको बयानमा आफूले विश्वासको लागि जाहेरवालालाई खाली चेक दिएकोमा जाहेरवालाले खाली चेकमा आफैँ रकम लेखी बैंकमा पेस गरी बाउन्स गराएको भनी बयान गरे तापनि यी पुनरावेदक प्रतिवादीले उक्त कुरा प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था देखिँदैन। जाहेरवाला युवराज श्रेष्ठले अदालतसमक्ष बकपत्र गर्दा आफूले दिएको जाहेरी बेहोरालाई समर्थन गरी बकपत्र गरिदिएको देखिन्छ। यी पुनरावेदक प्रतिवादीले जाहेरवालालाई दिएको चेक सम्बन्धित बैंकमा प्रस्तुत गर्दा चेकमा उल्लिखित रकम खाम्न सक्ने गरी पर्याप्त रकम यी पुनरावेदक प्रतिवादीको बैंक खातामा नभएको भनी सम्बन्धित बैंकले प्रमाणित गरी जाहेरवालालाई चेक फिर्ता दिएको भन्ने मिसिल संलग्न रहेको बैंकको पत्रबाट देखिन्छ। बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) मा "आफ्नो खातामा पर्याप्त मौज्दात रकम नभएको जानीजानी चेक काटिदिन नहुने" भन्ने व्यवस्था भएकोले आफ्नो खातामा चेकबमोजिमको पर्याप्त रकम नभएको जानीजानी चेक काटिदिनु मात्र पनि उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा बैंकिङ कसुर कायम हुन पर्याप्त हुने।

बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को

दफा १५(१) मा "कसैले दफा ३ बमोजिमको कुनै कसुर गरेमा बिगो खुलेकोमा बिगो भराई बिगोबमोजिम जरिवाना र तीन महिनासम्म कैद हुने छ" भन्ने कानूनी व्यवस्था रहेको छ । यी पुनरावेदक प्रतिवादी सुरेन्द्रबहादुर थापाले जाहेरवाला युवराज श्रेष्ठलाई चेक काटिदिएकोमा चेकबमोजिमको रकम सम्बन्धित बैंकबाट जाहेरवालाले भुक्तानी प्राप्त गर्नसकेको भन्ने पनि देखिएन । प्रतिवादीको उल्लिखित बैंक खातामा निजले काटिदिएको चेकबमोजिमको रकम मौज्दात नरहेको बेहोरा बैंकले प्रमाणित गरिदिएको देखिन्छ भने यी पुनरावेदक प्रतिवादीलाई आफ्नो बैंक खातामा चेकबमोजिम भुक्तानी हुन सक्ने पर्याप्त रकम थिएन भन्ने कुरा जानकारी थियो भन्ने निजले सुरू अदालतमा गरेको बयानको स.ज. १० मा उल्लिखित बेहोराबाट देखिन्छ । तसर्थ प्रतिवादीले निजको खातामा पर्याप्त मौज्दात रकम नभएको जानीजानी चेक काटी बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुर गरेको स्थापित भएको देखिँदा यी पुनरावेदक प्रतिवादीलाई बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ को दफा ३(ग) बमोजिमको कसुरमा ऐ.ऐनको दफा १५(१) बमोजिम बिगो रू.२०,००,०००।– (बिस लाख रूपैयाँ) बमोजिम जरिवाना र १०(दश) दिन कैद भई जाहेरवालालाई प्रतिवादीबाट बिगो रू.२०,००,०००।– (बिस लाख रूपैयाँ) भराइदिने तथा अपराध पीडित संरक्षण ऐन, २०७५ को दफा ४१(४) बमोजिम रू.२००।– क्षतिपूर्ति शुल्कसमेत प्रतिवादीले बुझाउनुपर्ने ठहर्‍याई उच्च अदालत पोखराबाट भएको फैसला मिलेको देखिँदा प्रतिवादीको पुनरावेदन जिकिर तथा छलफलका निमित्त विपक्षी झिकाइपाउँ भनी पुनरावेदक प्रतिवादीको तर्फबाट उपस्थित विद्वान् अधिवक्ताले गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने ।

उच्च अदालत पोखराबाट मिति २०७८।०८।२२ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०८० साल वैशाख ६ गते रोज ४ शुभम् ।

**३२**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-WO-११६५, उत्प्रेषणयुक्त परमादेशसमेत, बिकेन थापा वि. जिल्ला खेलकुद विकास समितिको कार्यालय मोरङ, विराटनगरसमेत*

मोरङ जिल्ला, टेबुल टेनिस सङ्घको कार्य समितिको पदावधि समाप्तिपछि मिति २०७२ साल चैत्र २० गतेका दिन भएको नयाँ कार्यसमितिको निर्वाचनका लागि टेकबहादुर कट्टेलको संयोजकत्वमा ३ सदस्यीय निर्वाचन समिति गठन भएको थियो । उक्त निर्वाचनमा म निवेदक र विपक्षी रोशनकुमार दत्तले अध्यक्ष पदमा मनोनयन दर्ता गराएका थियौँ । निर्वाचनसम्बन्धी छलफलमा प्रोक्सी (मताधिकार) प्रत्यायोजन गर्ने र कागजमा उम्मेदवारको नाम लेखी मतदान गर्ने मतपत्रको सम्बन्धमा मैले असहमति जनाएको थिएँ । मेरो असहमति रहँदाकै अवस्थामा कानूनविपरीत विपक्षी निर्वाचन समितिले निर्वाचन सम्पन्न गरी विपक्षी रोशनकुमार दत्तले बढी मत पाएको भनी अध्यक्ष पदमा विजयी घोषणा गरेको कार्य गोप्य मतदानको सिद्धान्त र अखिल नेपाल टेबुल टेनिस सङ्घको विधानको धारा २५ तथा राष्ट्रिय खेलकुद परिषद् कार्यविधि तथा निर्देशिकाको दफा ६(क) तथा अनुसूची ४ विपरीत भएकोले बदर गरिपाउँ भन्नेसमेत बेहोराको रिट निवेदन रहेको पाइन्छ । निवेदकले निर्वाचन प्रक्रियामा भाग लिएको र निर्वाचन प्रक्रियाउपर तत्कालै निर्वाचन समितिमा प्रतिवाद नगरी निर्वाचन परिणाम घोषणा भइसकेपछि वैकल्पिक उपचारको उपयोग नगरी असाधारण अधिकारक्षेत्रअन्तर्गत दायर भएको रिट निवेदनको औचित्य नभएकोले खारेज गरिपाउँ भन्नेसमेत बेहोराको विपक्षीहरूको लिखित जवाफ

रहेको देखिने।

निवेदकले मिति २०७२।१२।२० को निर्वाचनबाट अध्यक्ष पदमा निर्वाचित रोशनकुमार दत्त नेतृत्वको कार्य समिति गोप्य मतदान र विधानविपरीत भएको हुँदा बदर गरिपाउँ भनी रिट निवेदन दिएको देखिन्छ। अखिल नेपाल टेबुल टेनिस सङ्घ, २०६४ को विधानको धारा ९(५) मा जिल्ला सङ्घको कार्यसमितिको निर्वाचित वा मनोनीत सदस्यहरूको पदावधि ३ वर्षको हुने छ भन्ने पाइएकोले मोरङ जिल्ला, टेबुल टेनिस सङ्घको कार्य समितिको पदावधि वा कार्यकाल निर्वाचन सम्पन्न भएको मिति २०७२।१२।२० बाट ३ वर्ष पूरा भई समाप्त भइसकेको देखिँदा पदावधि बाँकी नरहेको हालको अवस्थामा गैरकानूनी मतदान सम्पन्न निर्वाचन तथा आधिकारिकता प्रदान गर्ने पूर्वाञ्चल क्षेत्रीय खेलकुद विकास समितिको पत्र तथा पत्रसँग सम्बन्धित निर्णयहरू बदर गरिपाउँ भन्ने निवेदन दाबीको कुनै औचित्य र प्रयोजन रहेको नदेखिने।

मोरङ जिल्ला टेबुल टेनिस सङ्घको कार्यसमितिको सम्पन्न निर्वाचनबाट तोकिएको ३ वर्ष कार्यकाल तथा पदावधिसमेत पूरा भइसकेको देखिँदा प्रस्तुत रिट निवेदनको औचित्य समाप्त भई निष्प्रयोजन भएको सन्दर्भमा रिट निवेदन जारी गर्नु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : मेघनाथ चापागाँई

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७६ साल असोज ७ गते रोज ३ शुभम्।

**३३**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CR-१५१२, जालसाजी, पोषणराजपन्त वि. तेजकुमारी पन्तसमेत*

पुनरावेदक वादीले जालसाजी भनी दाबी गरेको लिखतमा उल्लिखित जग्गा मिति २०३१।३।२१ गते र.नं. ३३८१ बाट बकसपत्र (दान) समेतका बेहोराले वादी तेजकुमारीले प्राप्त गरेको जग्गाबाट कित्ताकाट गरी पारित गरेको देखिन्छ। सो स्रोत लिखतबाट प्राप्त सम्पत्ति बन्डा नलाग्ने भनी लगाउको अंश मुद्दामा सुरू र तत्कालीन पुनरावेदन अदालत इलामबाट भएको फैसला सदर हुने गरी आज यसै इजलासबाट फैसला भएको छ। उक्त अंश मुद्दाबाट वादी दाबीको उक्त जग्गा प्रत्यर्थी प्रतिवादी यी तेजकुमारी पन्तले स्त्री अंश धनअन्तर्गत प्राप्त गरी निजको मात्र हक लाग्ने भई आफूखुसी गर्न पाउने सम्पत्ति देखिँदा सोही सम्पत्तिबाट कित्ताकाट भएको दाबीको जग्गा निजले अर्का प्रत्यर्थी प्रतिवादी रन्जु सिग्देललाई गरिदिएको हालैको बकसपत्र लिखतलाई जालसाज भन्न मिल्ने देखिएन। सो बकसपत्र लिखत जालसाज घोषित गरी विपक्षीलाई सजायसमेत गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू झापा जिल्ला अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत इलामको फैसला उल्टी भई जालसाजी ठहर हुनुपर्छ भन्ने पुनरावेदक वादीको पुनरावेदन जिकिर तथा निजहरूका तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीको बहस बुँदासँग सहमत हुन नसकिने।

वादीको फिराद दाबी पुग्न नसक्ने ठहर गरेको सुरू झापा जिल्ला अदालतको मिति २०७१।१२।२ को फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत इलामको मिति २०७३।५।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल पौष ८ गते रोज ६ शुभम्।

**३४**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७३-CI-०९३५, अंश चलन, पोषणराज पन्त वि. तेजकुमारी पन्त*

पुनरावेदक प्रतिवादीहरू र प्रत्यर्थी वादीबिच नाता सम्बन्ध एवं निजहरूबिच बन्डा भई नसकेको तथ्यमा विवाद देखिँदैन। पुनरावेदक प्रतिवादीहरूले

यस अदालतमा दिएको पुनरावेदनमा मुख्यतया प्रत्यर्थी वादी तेजकुमारी पन्तका नाम दर्ताको कित्ता नम्बर १७९२ को जग्गा बन्डा नहुने ठहर भएको हदसम्म हाल विवाद रहेको पाइन्छ। सो सम्बन्धमा हेर्दा प्रत्यर्थी वादी तेजकुमारी पन्तको नाममा रहेको झापा गौरादह ४ को कि.नं. १७९२ को जग्गा निज तेजकुमारी पन्तले आफ्नो आमाबाट हालैको बकसपत्रबाट प्राप्त भएको हुँदा स्त्री अंशधनको महलको ५ नं. बमोजिम निजको शेषपछि मात्र अन्य हकवालामा हस्तान्तरण हुन सक्ने भन्ने तत्कालीन पुनरावेदन अदालत इलामको निष्कर्ष रहेको देखिन्छ। प्रत्यर्थी वादी तेजकुमारीको आमा तारादेवी थपलियाका नाउँको साबिक कि.नं. २४२ को जग्गा कित्ताकाट भई कायम कि.नं. १७९२ को जग्गा मिति २०३१।३।२१, र.नं. ३३८१ बाट बकसपत्रको बेहोराबाट निजको छोरी यी प्रत्यर्थी वादी तेजकुमारीले प्राप्त गरेको भन्ने तथ्यमा समेत विवाद देखिँदैन। तत्कालीन मुलुकी ऐन, अंशबन्डाको १८ नं. मा "कुनै अंशियारले कसैबाट निजी तवरले दान वा बकस पाएको वा स्त्री धनको महलको ५ नं. बमोजिम पाएकोमा त्यस्तो आर्जन वा पाएको सम्पत्ति सो आर्जन गर्ने वा पाउने अंशियारको निजी ठहरी आफूखुसी गर्न पाउँछ। बन्डा गर्न कर लाग्दैन" भन्ने कानूनी व्यवस्था रहेको देखियो। त्यस्तै ऐ.को स्त्री अंशधनको महलको ४ नं. मा दाइजो पेवासम्बन्धी व्यवस्था छ भने ऐ.को ५ नं. मा "स्वास्नी मानिसले आफ्नो दाइजो पेवा आफूखुस गर्न पाउँछन्। ऊ मरेपछि यसले खानु भनी लिखत गरिदिएको रहेछ भने लिखतैबमोजिम हुन्छ। लिखत रहेनछ भने सँग बसेका छोराछोरी भए त्यस्ता छोराछोरीले, त्यस्ता छोरोछोरी नभए भिन्न बसेका छोराछोरीले, त्यस्ता छोराछोरी पनि नभए लोग्नेले, लोग्ने पनि नभए विवाह भएकी छोरीले, ऊ पनि नभए छोराका छोरा वा अविवाहिता छोरीले र निजहरू पनि नभए हकवालाले पाउँछन्" भन्ने व्यवस्था रहेको पाइन्छ। उक्त कानूनी व्यवस्था हेर्दा दाइजो पेवाको सम्पत्ति प्राप्तकर्ताले आफूखुस गर्न पाउने देखिन्छ भने प्राप्तकर्ताको मृत्युपछि पनि कसले खान पाउने हो सोबारे स्पष्ट कानूनी व्यवस्था गरेको पाइयो। प्रस्तुत मुद्दामा यी प्रत्यर्थी वादीले आफ्नी आमाबाट प्राप्त गरेको सम्पत्ति बकसपत्रको माध्यमबाट प्राप्त गरेको र उक्त बकसपत्रमा दाइजो भन्ने उल्लेख नभएको हुँदा सो सम्पत्ति आफूखुस गर्न पाउने प्रकृतिको हो वा होइन भन्ने पनि विवाद उत्पन्न हुन आएको छ। सोही स्त्री अंशधनको महलको ४ नं. मा "स्वास्नी मानिसलाई माइती मावलीपट्टिका नातेदार इष्टमित्रहरूले दिएको चल अचल र त्यसबाट बढे बढाएको सम्पत्ति दाइजो ठहर्छ" भन्ने व्यवस्था भएबाट आफ्नी आमाबाट बकसपत्र प्राप्त गरेको सम्पत्तिलाई दाइजो नै मान्नुपर्ने हुन्छ। दाइजो वा पेवाको माध्यमबाट प्राप्त सम्पत्तिको उपभोग कसले गर्न पाउने हो सो विषयमा तत्काल प्रचलित मुलुकी ऐन, स्त्री अंशधनको महलको ५ नं. मा स्पष्ट कानूनी व्यवस्था रहेको देखिँदा दाइजो पेवाको सम्पत्ति सगोलका सबै अंशियारको बन्डा लाग्छ भन्ने निष्कर्षमा पुग्नु औचित्यपूर्ण नदेखिने।

तत्काल प्रचलित मुलुकी ऐन, स्त्री अंशधनको ५ नं. बमोजिम प्रत्यर्थी वादी तेजकुमारी पन्तले आफ्नो आमा तारादेवी थपलियाबाट मिति २०३१।३।२१ मा र.नं. ३३८१ बाट बकस पाएको साबिक कि.नं. २४२ को जग्गा कित्ता काट भई कायम कि.नं. १७९२ को जग्गामा सगोलका अन्य अंशियारको अंश नलाग्ने ठहर गरेको तत्कालीन पुनरावेदन अदालत इलामको मिति २०७३।५।१९ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल पौष ८ गते रोज ६ शुभम्।

**३५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७४-CI-१०७९, हालैको बकसपत्र लिखत दर्ता बदर दर्ता कायम चलन, पोषणराज पन्त वि. तेजकुमारी पन्तसमेत*

पुनरावेदक वादीले पुनरावेदनमा दाबी लिएको

मूल कि.नं. २४२ को जग्गा यिनै पुनरावेदककी आमा यिनै प्रत्यर्थी प्रतिवादी तेजकुमारी पन्तले आफ्नी आमाबाट मिति २०३१।३।२१ मा र.नं. ३३८१ को बकसपत्र (दान) समेतका बेहोराले प्राप्त गरेकोमा सो जग्गा बन्डा नलाग्ने भनी सुरू झापा जिल्ला अदालतबाट भएको फैसला तत्कालीन पुनरावेदन अदालत इलामबाट सदर भएउपर यस अदालतमा परेको यसै लगाउको मुद्दा नं. ०७३–CI-०९३५ को अंश चलन मुद्दामा आज यसै इजलासबाट सदर हुने ठहरी फैसला भएको छ । सोही बन्डा नलाग्ने आफूखुसी गर्न पाउने ठहर भएको जग्गाबाट नै कित्ताकाट गरी प्रस्तुत विवादित लिखत पारित भएको देखिँदा उक्त लिखतबाट पुनरावेदक वादीहरूको हकमा असर परेको भन्न मिल्ने देखिएन । उक्त फैसलामा लिएका आधार प्रमाणसमेतबाट प्रस्तुत मुद्दामा समेत वादी दाबीको कि.नं. १२१४ को ज.वि. ०७८५२२.६४ मध्ये पश्चिम उत्तरतर्फबाट कित्ताकाट गरी कायम कि.नं. १७९१ को ज.वि.मि.०१६९३.१५ जग्गा दिने तेजकुमारी पन्त र लिने रन्जु सिग्देल भई र.नं. २०१३(ख) मिति २०६९।८।२९ मा पारित हालैको बकसपत्र लिखतमार्फत हक हस्तान्तरण गरेको उक्त जग्गा दाता तेजकुमारी पन्तको मात्र हक लाग्ने स्त्री अंशधनअन्तर्गतको देखिई उक्त अंश मुद्दाका प्रत्यर्थी वादी यस मुद्दाका प्रत्यर्थी प्रतिवादी यी तेजकुमारी पन्तले आफूखुसी गर्न पाउने सम्पत्ति देखिँदा वादीको फिराद दाबी पुग्न नसक्ने ठहऱ्याई सुरूबाट भएको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत इलामको फैसला मिलेकै देखिँदा वादीको पुनरावेदन जिकिर एवं पुनरावेदक वादी तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

वादी दाबी पुग्न नसक्ने ठहर गरेको सुरू झापा जिल्ला अदालतको मिति २०७१।१२।२ को फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत इलामको मिति २०७३।५।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७९ साल पौष ८ गते रोज ६ शुभम् ।

३६

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-CI-०६३३, अंश नामसारी, नगेन्द्रमान पाण्डे वि. धनबहादुर पाण्डेसमेत*

निजी भनी जिकिर लिएको कित्तामध्ये कि.नं. १३५ को सम्बन्धमा सुरू म्याग्दी जिल्ला अदालत र तत्कालीन पुनरावेदन अदालत बाग्लुङबाट भएको फैसलामा सगोलको बन्डा लाग्ने हो वा निजी आर्जनको बन्डा नलाग्ने के हो ? सो सम्बन्धमा कुनै निर्णय भएको नदेखिँदा त्यसतर्फ बोलिरहनु परेन ।

पुनरावेदक प्रतिवादीमध्येका धनबहादुर पाण्डेको नाममा रहेको कि.नं. ३६५, १३७ तथा ५५६ को जग्गाको हकमा विचार गर्दा उक्त जग्गा पुनरावेदक प्रतिवादी मनु पाण्डे तथा पुनरावेदक प्रतिवादी ताराप्रकाश पाण्डेले विदेश जापानमा रोजगारी गरी कमाएको रूपैयाँबाट खरिद गरेको निजी आर्जनको हो भनी जिकिर लिएको पाइन्छ । कि.नं. ४४५ को जग्गा प्रतिवादी भिमादेवी पाण्डेको नाममा जुन प्रक्रियाबाट खरिद भई आएको हो । यी जग्गाको हकमा समेत फरक अवस्था भएको देखिँदैन । विदेश जापानमा बसी कमाएको रूपैयाँबाट खरिद गरेको निजी आर्जनको बन्डा नलाग्ने जग्गा हो भनी पुनरावेदक प्रतिवादी ताराप्रकाश पाण्डेसमेतले जिकिर लिए तापनि उक्त जिकिर समर्थित हुने वस्तुनिष्ठ प्रमाण पेस भएको अवस्था देखिँदैन । आफ्नै नाममा घर जग्गा खरिद गर्न सकिने कानूनी व्यवस्था छँदाछँदै एकाघर सगोलका बाबुको नाममा खरिद गर्नुको औचित्यसमेत यी पुनरावेदक प्रतिवादीले देखाउन सकेको अवस्था नहुँदा उक्त सम्पत्तिसमेत सगोलको बन्डा लाग्ने ठहर गरेको सुरू फैसला सदर गरेको उच्च अदालत बागलुङको

फैसलालाई अन्यथा मान्न मिलेन । तायदाती फाँटवारीमा देखाएको ऋणसमेत बन्डा गर्नुपर्नेमा सो नगरेको फैसला बदर गरी उक्त ऋणसमेत बन्डा गरिपाउँ भनी पुनरावेदक प्रतिवादीहरूले लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा, यी पुनरावेदक प्रतिवादीहरूले बन्डा गर्नुपर्ने सम्पत्तिको तायदाती फाँटवारी पेस गर्दा विभिन्न व्यक्तिसँग लिएको भनी जम्मा रू.१,८२,००,०००।- ऋण देखाएको पाइयो । उक्त ऋणको प्रकृति हेर्दा उक्त ऋण संस्थागत ऋण नभई व्यक्तिबाट लिएको देखियो । त्यसमा पनि उक्त ऋण लिनुको औचित्यपूर्ण प्रयोजन यी पुनरावेदक प्रतिवादीहरूले खुलाउन सकेको पाइएन । यस स्थितिमा साहुले दाबी गरेको बखत ठहरेबमोजिम हुने भनी उक्त ऋण बन्डा नगरेको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत बागलुङको फैसलालाई समेत अन्यथा मान्न मिल्ने अवस्था नदेखिने ।

पुनरावेदक वादीका नाममा वाणिज्य विभागमा दर्ता भएको लोटस ट्रेडिङ कन्सर्न नामको फर्मलाई पुनरावेदक वादीले आफ्नो निजी आर्जनको भनी दाबी गरेको देखिन्छ । सुरू अदालतमा यी पुनरावेदक वादीले यी पुनरावेदक प्रतिवादीबाट पेस भएको तायदाती विवरण सुनी कागज गर्दा उक्त फर्निचरको आम्दानी बाँड्न चाहन्छु भनी बेहोरा लेखाएको देखिन्छ । उक्त बेहोरालाई सुरू अदालतबाट फैसला हुँदा सम्पत्ति परित्याग गरेको अर्थमा लिई सबै अंशियारका बिचमा बन्डा हुने ठहर गरी फैसला गरेको देखियो । यद्यपि, वादीले तायदाती फाँटवारी सुनी लेखाएको उक्त बेहोरा यी पुनरावेदक प्रतिवादीहरूको नाममा भएको निजहरूको नाम दर्ता रहेको सम्पत्तिसमेत बाँड्नुपर्ने र सो बाँडेको अवस्थामा मात्र आफ्नो नामको उक्त फर्निचर उद्योगसमेत बन्डा होस् भन्ने आशय रहेको देखिन्छ । यद्यपि, उक्त फर्निचर पसलमा भएको लगानी यी पुनरावेदक वादीले आफू विदेश ताइवानमा बसी कमाएको रूपैयाँले खरिद गरेको जग्गाको बिक्रीबाट आएको रकमबाट भएको भनी सुरू अदालतमा मिति २०७०।९।२४ मा कागज गर्दा खुलाई लेखाइदिएको देखिन्छ । पुनरावेदक वादीको उक्त भनाइलाई यी पुनरावेदक प्रतिवादीहरूले प्रमाणसहित खण्डन गर्नसकेको अवस्था देखिँदैन । जबकि पुनरावेदक प्रतिवादीहरूले कमाएको सम्पत्तिबाट निजहरूको नाममा खरिद भएको जग्गा निजहरूको निजी ठहर भएको अवस्थामा वादीले निजी तवरबाट कमाएको रकम नै लगानी भएको यी पुनरावेदक वादीका नाम दर्ताको उक्त व्यावसायिक फर्म अन्य अंशियारलाई बन्डा लाग्नुपर्छ भन्ने प्रतिवादीहरूको पुनरावेदन जिकिर न्यायको रोहमा मनासिब नदेखिँदा पुनरावेदक वादीका नाउँमा दर्ता रहेको उक्त व्यावसायिक फर्म निजको निजी आर्जनको ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत बागलुङको फैसला अन्यथा नदेखिने ।

वादी प्रतिवादीहरूबाट पेस भएका तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये पुनरावेदक प्रतिवादीमध्येकी मनु पाण्डेका नाममा दर्ता रहेको धादिङ जिल्ला, छत्रे देउराली गा.वि.स. अन्तर्गतको कि.नं. ४६, ३२२ तथा ३२३ को र पुनरावेदक प्रतिवादी ताराप्रकाश पाण्डेको नाममा रहेको कास्की जिल्ला, पोखरा उपमहानगरपालिका, वडा नं. ८ अन्तर्गतको कि.नं. १७८५, ६१५३ तथा ६२३७ को जग्गा निज दर्तावालाहरूको निजी हुने तथा पुनरावेदक प्रतिवादी मनु पाण्डेको नामको ललितपुर उपमहानगरपालिका वडा नं. २ को कि.नं. ४४५ को घरजग्गा तथा प्रतिवादी धनबहादुर पाण्डेको नाममा दर्ता रहेको म्याग्दी अर्थुङ्गे गा.वि.स. वडा नं. २(ख) को कि.नं. १३७ तथा ३६५ र ऐ. पुला गा.वि.स. वडा नं. ६ (ग) को कि.नं. ५५६ को जग्गासमेत बन्डा लाग्ने ठहर गरेको सुरू म्याग्दी जिल्ला अदालतको मिति २०७१।६।२९ को फैसला सदर हुने र पुनरावेदक वादी नगेन्द्रमान पाण्डेको नाममा दर्ता रहेको लोटस ट्रेडिङ हार्डवेयर तथा फर्निचर उद्योग निजको निजी आर्जनको ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत बागलुङको मिति २०७२।३।७ को फैसला मिलेकै

देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल पौष ८ गते रोज ६ शुभम् ।

**३७**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७८-WO-०६८३, उत्प्रेषणयुक्त परमादेशसमेत, कृष्णकुमार सहनीसमेत वि. रौतहट जिल्ला,* गरूडा नगरपालिका, वडा नं. ४ स्थित गरूडा नगरपालिका कार्यालयसमेत

गरूडा नगरपालिकाको कार्यालयले मिति २०७८।०६।०४ मा स्थानीय हुलाकमार्फत यी निवेदकहरू कृष्णकुमार सहनीसमेतलाई पत्राचार गरी मिति २०७८।०६।१७ मा छैठौं नगरसभाको बैठक बस्नेबारे जानकारी गराएको कुरा मिसिल संलग्न रहेको हुलाकको नगद बिलबाट खुलेको देखिन्छ । त्यस्तै चालु आ.व. २०७८/०७९ को छैठौँ नगरसभासम्बन्धी छलफल प्रयोजनार्थ बैठकमा उपस्थित हुनेबारे सार्वजनिक सूचना जारी गरिएको तथ्य गरूडा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालयबाट मिति २०७८।०५।२९ च.नं. ५८१ र मिति २०७८।०६।०२ च.नं. ५८८ समेतको पत्रबाट देखिने ।

मिति २०७९।०१।३० गते सम्पन्न भएको स्थानीय निकायको निर्वाचनमार्फत हाल नयाँ जनप्रतिनिधिहरू निर्वाचित भई निज निवेदकहरूको पदावधि तथा विपक्षी बनाइएका गरूडा नगरपालिकाको नगर कार्यपालिकालगायतको कार्यकालसमेत समाप्त भइसकेको देखिन्छ । वडा अध्यक्षको हैसियतमा निवेदकहरू आबद्ध रहेको वडा समितिहरूबाट पारित भएका विकास योजनाहरू समावेश नगरेको तथा निवेदकहरूलाई जानकारी नदिई आ.व. ०७८/०७९ को कार्ययोजना र बजेट नगरसभाबाट पारित गरेको निर्णय बदर गरिपाउँ भन्ने निवेदकको दाबी हालको अवस्थामा निवेदकहरूको पदावधि नै समाप्त हुन पुगी औचित्यविहीन हुन पुगेको देखिने ।

विपक्षी गरूडा नगरपालिकाको प्रमुखले जानकारी नगराई हाम्रा वडा समितिहरूबाट पारित भएका विकास निर्माणसमेतका योजनाहरू समावेश नगरी, नगराई छैठौँ नगरसभाबाट पारित गरिएको आ.व. २०७८/०७९ को कार्ययोजना र बजेट कानूनसम्मत नहुँदा सो निर्णयलाई उत्प्रेषणको आदेशद्वारा बदर गरिपाउँ भन्ने निवेदकको दाबी औचित्यविहीन हुन पुगेबाट मागबमोजिम उत्प्रेषणलगायतको आज्ञा आदेश जारी गर्नुपर्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : गगनदेव महतो

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल जेठ २० गते रोज ६ शुभम् ।

३८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CR-१५४७, बहुविवाह, विष्णुबहादुर भण्डारी वि. नेपाल सरकार*

प्रतिवादी विष्णुबहादुर भण्डारीको जेठी श्रीमती गोमा भण्डारी र कान्छी श्रीमती विष्णु मल्ल भण्डारी भएकोमा विवाद रहेको देखिँदैन । जाहेरवाला गोमा भण्डारीले प्रतिवादी विष्णुबहादुर भण्डारीले मबाट एक छोरा र दुई छोरीको जायजन्म भएको अवस्थामा विष्णु मल्ललाई मिति २०७०।७।८ मा दोस्रो विवाह गरी ल्याएको तथा निज प्रतिवादी विष्णु मल्लले घरमा श्रीमती छ भन्ने थाहा हुँदाहुँदै विष्णुबहादुर भण्डारीसँग दोस्रो विवाह गरी आएको हुँदा निजहरूलाई कानूनबमोजिम कारबाही गरिपाउँ भन्ने बेहोराको जाहेरी दरखास्त परी प्रस्तुत मुद्दाको उठान भएको देखिन्छ । प्रतिवादी विष्णुबहादुर भण्डारीले सुरू अदालतमा बयान गर्दा मैले मिति २०६९।८।२२ मा नै प्रतिवादी विष्णु मल्लसँग विवाह गरेको र विवाह गरेको सो तथ्य सोही मितिमा नै जाहेरवालालाई थाहा भएको भनी जिकिर लिएको पाइन्छ । प्रस्तुत मुद्दाको प्रतिवादी यी विष्णुबहादुर भण्डारी विरूद्ध यिनै जाहेरवालाले मिति

२०७१।०७।१७ मा दिएको अंश मुद्दाको फिरादमा ४ वर्षअगाडि विष्णु मल्ललाई कान्छी श्रीमती बनाई घरमा ल्याएको भन्ने बेहोरा उल्लेख गरेबाट प्रस्तुत मुद्दामा जाहेरी पर्न आएको मिति २०७०।०८।०५ भन्दा धेरैअगाडि प्रतिवादी विष्णुबहादुर भण्डारीको विष्णु मल्लसँग विवाह भएको जानकारी जाहेरवालालाई रहेको भन्ने देखिने।

मिति २०७०।०८।०५ गते दिएको जाहेरी भन्दा धेरैअगाडि प्रतिवादीहरूको विवाह भएको भन्ने तथ्य प्रतिवादीहरूको विवाहपश्चात् मिति २०६९।११।१८ मा प्रतिवादी विष्णु मल्लबाट छोरी जन्मिएको सरकारी निकायको जन्म दर्ता प्रमाणपत्रबाट समेत पुष्टि हुन आएको छ । मिति २०७०।८।५ मा जाहेरवाला जेठी श्रीमतीको जाहेरी दरखास्त परेको पाइन्छ र प्रतिवादीको विरूद्ध मिति २०७०।१०।६ मा मात्र अभियोग पत्र दायर भएको देखिन्छ । मुलुकी ऐन बिहाबारीको ११ नं. मा थाहा पाएको मितिले तीन महिनाभित्र नालिस नदिए लाग्न सक्दैन भनी कानूनले निर्दिष्ट गरेको हदम्यादभित्र प्रस्तुत मुद्दा दायर भएको नदेखिने।

प्रतिवादी विष्णुबहादुर भण्डारीलाई बिहाबारीको ९, ९(क) नं. को कसुरमा ऐ. १०नं. बमोजिम १ वर्ष कैद र रू.५,०००।-(पाँच हजार) जरिवानासमेत हुने ठहर्छ भन्नेसमेत बेहोराको सुरू लमजुङ जिल्ला अदालतबाट मिति २०७१।१२।१२ मा भएको फैसला मुलुकी ऐन बिहाबारीको ११ नं. बमोजिम हदम्याद नाघेको भनी अभियोग दाबी खारेज गर्नुपर्नेमा सो नगरी प्रतिवादीलाई कसुरदार ठहऱ्याउने सुरू फैसला सदर गरेको पुनरावेदन अदालत पोखराको मिति २०७२।११।१६ को फैसला मिलेको नदेखिँदा उल्टी भई हदम्याद नघाई दायर भएको अभियोग दाबी खारेज हुने।

इजलास अधिकृत : ताराप्रसाद जोशी

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल फागुन २९ गते रोज १ शुभम्।

३९

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७७-CI-०४१८, लोग्ने स्वास्नीको सम्बन्ध विच्छेद गरिपाऊँ, रूपा भण्डारी वि. गजेन्द्रनारायण विष्ट*

सर्वप्रथम जिल्ला अदालतको फैसला उल्टी गरी उच्च अदालतले गरेको फैसलाउपर यस अदालतमा प्रतिवादीको पुनरावेदन लाग्न सक्ने हो वा होइन भन्ने सम्बन्धमा नै विचार गर्नुपर्ने देखिन आयो। सो सम्बन्धमा हेर्दा, पुनरावेदक प्रतिवादीले यस अदालतमा पुनरावेदन गर्दा प्रस्तुत पुनरावेदन न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ग) बमोजिम यसै सर्वोच्च अदालतको क्षेत्राधिकारभित्र पर्ने भनी उल्लेख गरेको पाइयो। सो सम्बन्धमा न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ग) मा हेर्दा तीन वर्षभन्दा बढी कैदको सजाय वा पाँच लाख रूपैयाँभन्दा बढी जरिवाना वा पच्चिस लाख रूपैयाँभन्दा बढी बिगो भएको मुद्दामा सुरू अदालत, निकाय वा अधिकारीले गरेको निर्णयउपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दामा मात्र सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने अधिकार हुने छ भन्ने कानूनी व्यवस्था गरेको पाइन्छ। प्रस्तुत मुद्दामा वादी प्रतिवादी बिचको सम्बन्ध विच्छेद नहुने र वादीको फिराद दाबी खारेज हुने गरी भएको सुरू अदालतको फैसला उल्टी गरी प्रतिवादीले अंश नपाउने गरी वादी प्रतिवादीका बिचको पति पत्नीको सम्बन्ध विच्छेद हुने र छोरा निसान्तको हित संरक्षणका लागि वादीबाट प्रतिवादीलाई मासिक दश हजार दिलाइदिने गरी उच्च अदालत दिपायल महेन्द्रनगर इजलासले गरेको फैसलाउपर प्रतिवादीले यस अदालतमा पुनरावेदन दायर गरेको देखियो। न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ग) को समग्र बनोटलाई हेर्दा तीन वर्षभन्दा बढी कैदको सजाय भएको, पाँच लाख रूपैयाँभन्दा बढी जरिवाना भएको, पच्चिस लाख रूपैयाँभन्दा बढी बिगो भएको मुद्दामा मात्र सुरू अदालत, निकाय

वा अधिकारीले गरेको निर्णयउपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दामा मात्र सर्वोच्च अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था रहेको पाइयो । उल्लिखित कैद, जरिवाना वा बिगोको अङ्क नभएको वा सोभन्दा कम कैद, जरिवाना वा बिगो भएको अवस्थामा उच्च अदालतको फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था देखिँदैन । प्रस्तुत मुद्दा प्रतिवादीले न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१)(ग) को आधारमा पुनरावेदनको रोहमा दर्ता गराएको देखियो । पुनरावेदनको रोहमा प्रस्तुत मुद्दा दर्ता गर्न मिल्ने देखिँदैन । यसप्रकार प्रस्तुत मुद्दामा उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासले गरेको फैसलाउपर उपर्युक्त कानूनी व्यवस्थाको रोहमा यस अदालतमा पुनरावेदन लाग्न सक्ने नदेखिँदा पुनरावेदनको औचित्यमा प्रवेश गर्न नमिल्ने भएबाट प्रतिवादीको पुनरावेदन जिकिर तथा सोतर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

उच्च अदालत दिपायल, महेन्द्रनगर इजलासले गरेको फैसलाउपर प्रतिवादीको पुनरावेदन लाग्न नसक्ने देखिँदा पुनरावेदनको औचित्यतर्फ विचार गर्नुपर्ने अवस्था नभएकोले प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल चैत २१ गते रोज ३ शुभम् ।

**४०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री कुमार रेग्मी,** *०७३-CI-१८२६, लेनदेन, उदेश शाखकर्मी वि. कृष्णबहादुर श्रेष्ठ*

विपक्षीले व्यापार व्यवसाय गर्नका लागि भनी वादीबाट रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) सावाँ रकम र सोको वार्षिक सयकडा १० प्रतिशतले हुने ब्याजसमेत २ महिनाभित्रमा बुझाउने गरी मिति २०६७।९।१ गते कपाली तमसुक गरी कर्जा लिएको स्वीकार गरेको देखिन्छ । प्रतिवादीले मिति २०७०।९।२८ मा कर्जा चुक्ता गर्ने क्रममा बैंक अफ एसिया नेपालको चेक नं.३३१११९ बाट रू.७,००,०००।- (सात लाख रूपैयाँ) चेकमार्फत भुक्तान गर्ने गरी चेक दिई गरेको भरपाईमा यस चेकबाट रकम भुक्तानी भइसकेपछि योभन्दा पहिलेको तमसुक चेक जुनसुकै कागज भए पनि सो कागजको कुनै पनि अर्थ वा मान्यता हुने छैन भन्नेसमेत उल्लेख गरिएकोले रू.७,००,०००।– (सात लाख रूपैयाँ) बाहेक अरू तिर्न बाँकी छैन भनी जिकिर गरेको र वादीले सो भरपाईको सक्कल कागज सद्दे भए तापनि उक्त चेक नं.३३१११९ मार्फत रकम भुक्तानी भएको छैन भनी उल्लेख गरेको पाइयो । यस अवस्थामा मिसिल संलग्न उक्त बैंक अफ एसिया नेपालको मिति २०७०।९।२८ चेक नं.३३१११९ को रू.७,००,०००।- (सात लाख रूपैयाँ) को सक्कल चेक र सन् २०१४।१।१७ को बैंक अफ एसिया नेपालको चेक अनादर भएको बेहोराको पत्रसमेत हेर्दा प्रतिवादीबाट वादीले रकम पाएको नदेखिने ।

जहाँसम्म, बाँकी रकम नगद नै बुझाई भरपाईसमेत लिएको भन्ने प्रतिवादीको जिकिरतर्फ विचार गर्दा, प्रतिवादीले मिति २०७०।९।२८ को भरपाई कागजबाहेक अन्य कुनै कागजात पेस गरेको नदेखिएको र उक्त वादी प्रतिवादी दुवैले हस्ताक्षर गरेको भरपाईमा बाँकी रकमको बुझिलिएको भनी उल्लेख गरेकोसमेत नपाइएको अवस्था देखिन्छ । यस सम्बन्धमा मुलुकी ऐन लेनदेन व्यवहारको महलको ५ मा "सावाँ जम्मै बुझाउँदा असामीले सोसम्बन्धमा गरिदिएको लिखत फट्टा गराई वा सोही लिखतमा असुली जनाउन लगाई बुझाउनुपर्छ । कुनै कारणले सो लिखत फेला नपरेमा सोही बेहोरा जनाई साहुबाट भरपाई गराई लिनुपर्छ । सावाँमध्ये केही मात्र रकम बुझाउँदा वा ब्याज बुझाउँदा असामीले साहुबाट भरपाई गराई लिई यथासम्भव तमसुक, खाताबही

वा भरपाईसमेत सो सावाँको सम्बन्धमा अघि जुन लिखत भएको छ सो लिखतको पिठमा सो बेहोरा खोली लेखी असामीको सहीछाप गर्नु गराउनुपर्छ" भन्ने कानूनी व्यवस्था रहेको हुँदा प्रतिवादीको बाँकी रकम रू.८,००,०००।- (आठ लाख रूपैयाँ) नगद नै बुझाई भरपाईसमेत लिएको भन्ने भनाइ तथ्यसङ्गत देखिएन । साथै उक्त वादी प्रतिवादी दुवैले हस्ताक्षर गरेको भरपाईको अन्त्यमा यदि मिति २०७०।९।२८ को चेकबाट भुक्तानी नभएको खण्डमा जेसुकै सजाय भोग्न पनि म कृष्णबहादुर श्रेष्ठ तयार छु भनी निज प्रतिवादीले सर्त स्वीकार गरेको देखिन्छ । यस स्थितिमा मिति २०७०।९।२८ को कागजको आधारमा फिराद दाबीको मिति २०६७।९।१ को तमसुक निस्क्रिय हुने भन्न मिल्ने देखिएन । यसप्रकार फिराद दाबी अनुसारको मिति २०६७।९।१ को तमसुकको अस्तित्व कायम भएको र मिति २०७०।९।२८ को भरपाईबमोजिमको रकम रू.७,००,०००।- (सात लाख रूपैयाँ) को चेक अनादर भई वादीले उक्त रकम प्राप्त गर्न नसकेको हुँदा मिति २०६७।९।१ को तमसुकबमोजिमको सावाँ ब्याज वादीले प्रतिवादीबाट प्राप्त गर्न बाँकी नै रहेको देखियो । यसरी हेर्दा, उच्च अदालत पाटनबाट चेक अनादर भई भुक्तानी हुन नसकेको रकम रू.७,००,०००।- (सात लाख रूपैयाँ) सम्म भराइदिनुपर्नेमा फिराद दाबी अनुसार तमसुकबमोजिमको रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) नै र सोको ब्याज भराउने गरेको हदसम्म सुरू फैसला मिलेको नदेखिँदा केही उल्टी भई वादीले प्रतिवादीबाट रू.७,००,०००।-(सात लाख रूपैयाँ) र सोको कानूनबमोजिमको ब्याजसमेत भराइपाउने ठहर्छ भन्नेसमेत बेहोराको मिति २०७३।११।३ मा भएको फैसला मिलेको नदेखिने ।

चेक अनादर भई भुक्तानी हुन नसकेको रकम रू.७,००,०००।- (सात लाख रूपैयाँ) सम्म भराइदिनुपर्नेमा फिराद दाबी अनुसार तमसुकबमोजिमको रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) नै र सोको ब्याज भराउने गरेको हदसम्म सुरू फैसला मिलेको नदेखिँदा केही उल्टी भई वादीले प्रतिवादीबाट रू.७,००,०००।- (सात लाख रूपैयाँ) र सोको कानूनबमोजिमको ब्याजसमेत भराइपाउने ठहर गरेको मिति २०७३।११।३ को उच्च अदालत पाटनको फैसला त्रुटिपूर्ण हुँदा उल्टी भई वादी उदेश शाखकर्मीले वादी दाबीअनुसार मिति २०६७।९।१ को तमसुकबमोजिमको सावाँ रू.१५,००,०००।- (पन्ध्र लाख रूपैयाँ) र मिति २०६७।९।१ देखि भरिभराउ हुँदासम्मको वार्षिक सयकडा १० प्रतिशतले हुन आउने कानूनबमोजिमको ब्याजसमेत प्रतिवादीबाट भराइपाउने ।

इजलास अधिकृत: ताराप्रसाद जोशी

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७८ साल फागुन २९ गते रोज १ शुभम् ।

## ४१

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-२०२२, कर्तव्य ज्यान, डिल्लीबहादुर सार्की वि. नेपाल सरकार*

प्रतिवादी डिल्लीबहादुर सार्कीले श्रीमती रघु सार्कीलाई कुटपिट गर्नुका साथै घाँटी थिचेर कर्तव्य गरी मारेको हुँदा कानूनबमोजिम कारबाही होस् भन्नेसमेत बेहोराको करिब एकै मिलान हुने गरी गोपाल सार्कीसमेतले खुलाई लेखाइदिएको वस्तुस्थिति मुचुल्का भएकोमा मृतककी आमा कुमारीमाया सार्कीले समेत "प्रतिवादी डिल्लीबहादुर सार्कीले मादकपदार्थ सेवन गरी घरमा आई मेरी छोरी घरको तला माथि सुतिरहेको अवस्थामा कुटपिट गर्नुका साथै घाँटी थिची कर्तव्य गरी मारेका हुन्" भनी प्रतिवादीउपर गडाउ गरी घटना विवरण कागज लेखाइदिएको, अनुसन्धानको क्रममा कागज गर्नेहरू प्रिती मगर, लास जाँच प्रकृति मुचुल्काका मानिस मकरबहादुर सार्की र दुर्गाप्रसाद काफ्ले, जाहेरवाला कृष्ण सार्की, मौकामा कागज गर्ने दुर्गामाया सार्की, वस्तुस्थिति मुचुल्काको कागजमा सही गर्ने नरबहादुर सार्कीसमेतका मानिसहरूले अदालतमा उपस्थित भई प्रतिवादी डिल्लीबहादुर

सार्कीको कर्तव्यबाट नै रघु सार्कीको मृत्यु भएको भनी बकपत्र गरिदिएको देखिन्छ । प्रतिवादी डिल्लीबहादुर सार्की स्वयम्ले पनि सुरू अदालतमा बयान गर्दासमेत अनुसन्धानको क्रममा गरेको बयानलाई स्वीकार गरी घाँटी थिची रघु सार्कीलाई मैले नै मारेको हो भनी बयान गरेबाट रघु सार्कीको मृत्यु प्रतिवादी डिल्लीबहादुर सार्कीको कर्तव्यबाट नै भएको भन्ने पुष्टि हुन आएको देखिने।

अब प्रतिवादीले मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. बमोजिम मृतकलाई मार्ने कार्य भवितव्य ठहर गरिपाउँ भनी लिएको पुनरावेदन जिकिरका सम्बन्धमा हेर्दा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ५ नं. मा "ज्यान लिने इविलाग वा मनसाय नभई कसैले आफूले गरेको कर्तव्यले मानिस मर्ला भन्ने जस्तो नदेखिएको कुनै काम कुरा गर्दा त्यसैद्वारा केही भई कुनै मानिस मर्न गएको भवितव्य ठहर्छ" भन्ने व्यवस्था रहेको पाइन्छ । प्रतिवादीले उक्त वारदात भएको रात श्रीमतीलाई एक पटक मात्र नभई निजकै छोरीहरूको भनाइ अनुसार पटकपटक कुटपिट गरेको देखिएको, उक्त बेहोरा प्रतिवादी आफैँले पनि अनुसन्धानको क्रममा र अदालतमा समेत स्वीकार गरेको तथा प्रतिवादीले श्रीमती रघु सार्कीलाई कुटपिट गरिसकेपछि रघु सार्की जिउँदै भएकोमा पुन: रघु सार्कीको घाँटी थिची मारेको देखिन्छ । कुनै पनि मानिसको घाँटी थिच्दा मान्छे मर्नसक्छ भन्ने सामान्य समझको कुरा हो । कुटपिट गरिसकेपछि रघु सार्कीलाई मार्नकै निमित्त नमरेसम्म घाँटी थिची मारेको कार्य भवितव्यको अन्तरतत्त्वभित्र पर्ने देखिँदैन र उल्लिखित तथ्यको विशिष्टतामा यी प्रतिवादी पुनरावेदकका हकमा मुलुकी ऐन, अ.बं. १८८ नं. प्रयोग गर्नुपर्नेसम्मको अवस्थाको विद्यमानतासमेत देखिएन । अतः सुरू ओखलढुंगा जिल्ला अदालतले प्रतिवादी डिल्लीबहादुर सार्कीलाई सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई गरेको फैसला सदर हुने ठहऱ्याई उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुंगाबाट भएको फैसलालाई अन्यथा भन्न मिलेन।

अतः माथि विवेचित आधार, कारणहरूसमेतबाट प्रतिवादी डिल्लीबहादुर सार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू ओखलढुंगा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, ओखलढुंगा इजलासको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ । तर प्रस्तुत मुद्दामा यी प्रतिवादी डिल्लीबहादुर सार्कीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(३) नं.बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू ओखलढुंगा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, ओखलढुंगा इजलासको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भन्ने र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्नेछ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने व्यवस्था नभएकोले प्रस्तुत मुद्दामा प्रतिवादी डिल्लीबहादुर सार्कीलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ निज प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने।

इजलास अधिकृत : टिकेन्द्रवीर जंग राणा

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७७ साल माघ २५ गते रोज १ शुभम्।

## ४२

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७८-WO-०३५४, उत्प्रेषण परमादेशसमेत, डा. सवरी साह वि. स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौंसमेत

निवेदकको आफूभन्दा कनिष्ट विपक्षी डा.शोभाराम सुवेदीलाई सिंहदरबार वैद्यखानाको कार्यकारी निर्देशकको पदमा नियुक्त गरिएकोले विपक्षी डा.शोभाराम सुवेदीलाई अधिकारपृच्छाको आदेशले सो पदका लागि अयोग्य घोषणा गरिपाउँ भन्ने दाबी छ त्यसतर्फ हेर्दा, निवेदक डा.सवरी साहको अधिकृत कविराज सातौँ तहमा २०६०।८।२६ मा, आठौँ तहमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय (मन्त्रीस्तरको) को मिति २०६४।४।११ तथा विभागको मिति २०६४।४।२० को निर्णय अनुसार मिति २०६४।४।२२ मा, नवौँ तहमा स्वास्थ्य मन्त्रालयको मिति २०७३।३।२० को सचिव स्तरीय निर्णयबाट सोही मितिबाट ज्येष्ठता कायम हुने गरी र दशौँ तहमा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिवस्तरीय मिति २०७५।६।१९ को निर्णयानुसार मिति २०७५।१।२४ बाट ज्येष्ठता कायम हुने गरी स्तरवृद्धि भएको देखिन्छ । विपक्षी डा.शोभाराम सुवेदीको अधिकृत सातौँ तहमा स्वास्थ्य मन्त्रालयबाट तह मिलान भई मिति २०५४।२।१४ गतेबाट लागु हुने गरी मिति २०५४।५।१३ मा आठौँ तहमा, स्वास्थ्य मन्त्रालयको सचिवस्तरीय मिति २०५८।६।२३ को निर्णय अनुसार मिति २०५७।४।१ देखि लागु हुने गरी मिति २०५८।७।३ मा नवौँ तहमा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको सचिवस्तरीय मिति २०७५।१।२१ को निर्णयानुसार मिति २०७३।१।२४ देखि ज्येष्ठता कायम हुने गरी मिति २०७५।१।२१ मा स्तरवृद्धि भएको देखिन आउँछ । निवेदक डा.सवरी साह र विपक्षी डा.शोभाराम सुवेदीको स्तरवृद्धिको उल्लिखित तुलनात्मक विवरण हेर्दा सेवा प्रवेश र नवौँ तहसम्म निवेदकभन्दा विपक्षी डा.शोभाराम सुवेदीको स्तरवृद्धिको मिति धेरैअगाडि देखिन्छ । दशौँ तहमा दुवैको स्तरवृद्धिको निर्णय मिति र ज्येष्ठता कायम हुने मिति क्रमशः मिति २०७५।६।१९ र मिति २०७५।१।२४ भए पनि अघिल्ला तहमा विपक्षी डा.शोभाराम सुवेदीको स्तरवृद्धि निवेदकभन्दा अगाडि देखिन आएकोले निवेदक विपक्षी डा.शोभाराम सुवेदीभन्दा ज्येष्ठ नभई कनिष्ठ रहेको देखिन आयो । सङ्घमा समायोजन गर्ने क्रममा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निवेदकलाई सातौँ क्रममा र विपक्षी डा.शोभाराम सुवेदीलाई छैठौँ क्रममा राखेको बेहोरा सो मन्त्रालयबाट जारी भएको सूचीबाट देखिएबाट पनि निवेदकलाई विपक्षी डा.शोभाराम सुवेदीभन्दा नोकरीमा ज्येष्ठ रहेको मान्न मिल्ने देखिँदैन । साथै, सिंहदरबार वैद्यखाना गठन आदेशले वैद्यखानाको कार्यकारी निर्देशकका लागि एघारौँ तहका कर्मचारी हुनुपर्ने अनिवार्यतालाई समेटेको देखिएकोले कार्यकारी निर्देशक पदमा दुवैको योग्यता पुग्ने देखिन आउँदैन । यद्यपि, निवेदक र विपक्षी डा.शोभाराम सुवेदी दुवैजना समानस्तर एवम् पदीय हैसियत भएका दशौँ तहको कर्मचारी रहेकोले निजहरूलाई जुनसुकै बेहोराले कामकाजमा खटाइए पनि उक्त कार्यकारी निर्देशकको पदमा कार्य गर्दा निजहरूको हैसियत निर्विवाद रूपमा निमित्त नै रहने देखिन्छ । यस अवस्थामा समान स्तर र पदीय हैसियत भएकोमध्ये निवेदक निमित्त कार्यकारी निर्देशक पदको लागि योग्य र विपक्षी डा.शोभाराम सुवेदी सो पदको लागि अयोग्य भनी विभेद गरी निवेदकको मागबमोजिम विपक्षी डा.शोभाराम सुवेदीलाई निमित्त कार्यकारी निर्देशकको पदका लागि अधिकारपृच्छाको आदेशद्वारा अयोग्य घोषणा गर्नुपर्नेसम्मको कानूनी आधार नदेखिने ।

निवेदकलेबदरहुनुपर्नेभनीमागगरेकोस्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको राज्यमन्त्रीस्तरीय मिति २०७८।५।१३ को निर्णय र सो निर्णयको आधारमा

भएको कामकारबाही निवेदकलाई सिंहदरबार वैद्यखाना विकास समितिमा काज फिर्ता गर्ने सो मन्त्रालयको मिति २०७८।६।१३ को निर्णय र सो निर्णयको आधारमा जारी च.नं.७/७०२ मिति २०७८।६।१४ पत्रबाट निष्प्रभावी भई निवेदकको मागसमेत सम्बोधन भएकाले रिट निवेदनको औचित्यसमेत समाप्त भएको देखिँदा निवेदकको मागदाबीबमोजिम रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : किरणकुमार सिंह

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल माघ १२ गते रोज ५ शुभम् ।

४३

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-WO-०८३९, उत्प्रेषणयुक्त परमादेशसमेत, राजनप्रसाद पोखरेल वि. स्वास्थ्य कार्यालय, सिन्धुलीका कार्यालय प्रमुखसमेत*

निवेदकको पद हेल्थ इन्स्पेक्सन समूहको खोप सुपरभाइजर अधिकृत सातौँ तहको र जितेन्द्रकुमार साहको पद हेल्थ इन्स्पेक्सन समूहको जनस्वास्थ्य अधिकृत सातौँ तहको देखिन्छ । मिसिल संलग्न रहेको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५।९।९ को निर्णय अनुसार बाग्मती प्रदेशको लागि तयार भएको र प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयबाट स्वीकृत भई स्वास्थ्य निर्देशनालयबाट सिन्धुली जिल्लाका लागि जारी भएको दरबन्दी तेरिज हेर्दा सबैभन्दा उपल्लो क्रममा हेल्थ इन्स्पेक्सन समूहको सातौँ वा आठौँ तहको जनस्वास्थ्य अधिकृत एक जनाको दरबन्दी रहने देखिन आउँछ । त्यसपछि दोस्रो क्रममा मात्र हेल्थ इन्स्पेक्सन समूहका हे.अ.वा सोसरहका पाँचौँ, छैटौँ वा सातौँ तहको पदहरूमा दुई जनाको दरबन्दी रहेको देखिन्छ । सो दरबन्दी तेरिजको तेस्रो र चौथो क्रममा रहेको क्रमशः प.हे.न. र ल्याव टेक्निसियन पदमा समेत सातौँ तहसम्म रहने गरी १-१ जनाको दरबन्दी देखिन्छ । सबैभन्दा उपल्लो क्रममा सातौँ वा आठौँ तहका एक जना मात्र जनस्वास्थ्य अधिकृतको दरबन्दी रहनु र तल्लो क्रममा अन्य सातौँ तहका पदहरूसमेत रहेको देखिनुको तात्पर्य जनस्वास्थ्य अधिकृतले कार्यालय प्रमुखको रूपमा कार्य गर्ने र निजको मातहत सातौँ तहसम्मका खोप सुपरभाइजर वा सोसरहको अन्य पदहरू रहनसक्ने देखिन्छ । त्यसरी कानूनसम्मत रूपमा स्वीकृत दरबन्दी तेरिजले नै जनस्वास्थ्य अधिकृत सातौँ तहका भए पनि त्यस्तो सातौँ तहका जनस्वास्थ्य अधिकृत कार्यालय प्रमुख हुने गरी व्यवस्था गरेको हुँदा त्यस्तो निवेदक जस्ता सातौँ तहका खोप सुपरभाइजरको पदमा कार्यरत कर्मचारीलाई जनस्वास्थ्य अधिकृत कार्यरत रहँदा रहँदैको अवस्थामा स्वीकृत वैधानिक व्यवस्थाको विपरीत हुने गरी ज्येष्ठता वा कनिष्ठतालाई आधार बनाई कार्यालय प्रमुखको पदमा जिम्मेवारी दिन नमिल्ने ।

रिटको मूल विषयवस्तु जितेन्द्रकुमार साहको कनिष्ठता र त्यस्तो कनिष्ठ व्यक्तिलाई कार्यालय प्रमुख बनाइएको कारण निवेदकको इज्जत र आत्मसम्मानमा आँच आई संवैधानिक र कानूनी हकमा समेत आघात पुगेको भनी जितेन्द्रकुमार साहलाई लक्षित गरी रिट दायर गरेको देखिए तापनि निज जितेन्द्रकुमार साहलाई विपक्षी बनाइएको छैन । स्वास्थ्य कार्यालय सिन्धुलीको कार्यालय प्रमुखलाई विपक्षी बनाइएको छ । कार्यालय प्रमुखको पदमा जितेन्द्रकुमार साह जस्तो कुनै एक व्यक्ति सदाको लागि कार्यरत हुने नभई समयक्रमसँगै त्यस्तो पदमा निवेदकभन्दा ज्येष्ठ कर्मचारीहरू पनि कार्यरत रहन सक्ने अवस्था रहन्छ । यस दृष्टिले कार्यालय प्रमुखलाई विपक्षी बनाउनु औचित्यहीन देखिन्छ । निवेदकको विमति कार्यालय प्रमुखको पदसँग नभई कनिष्ठ जितेन्द्रकुमार साहलाई कार्यालय प्रमुख बनाइएउपर रहेको भन्ने देखिँदा निज जितेन्द्रकुमार साहसमेत प्रभावित हुने गरी रिट जारी हुन माग गर्दा निजलाई विपक्षी बनाउनु अनिवार्य हुन्छ । प्रस्तुत विवादमा जितेन्द्रकुमार साहलाई विपक्षी नबनाएको हुँदा

निजका हकमा असर पर्ने गरी प्रस्तुत रिट निवेदनबाट विपक्षी मन्त्रालयको निर्णय बदरका सम्बन्धमा विचार गर्नु कानूनसम्मत नदेखिने।

जितेन्द्रकुमार साह मिति २०७५।५।२५ मा स्वास्थ्य कार्यालय सिन्धुलीमा पदस्थापन भई कार्यरत रहेको देखिन्छ । नेपाल स्वास्थ्य सेवा ऐन र नियमावलीमा रहेको सरूवासम्बन्धी व्यवस्थालाई दृष्टिगत गर्दा सो मितिदेखि सिन्धुली जिल्ला जस्तो भौगोलिक क्षेत्रमा कार्यरत निज जितेन्द्रकुमार साहको त्यत्रो लामो अवधिमा अन्यत्र सरुवा भएको स्वाभाविक र तर्कसङ्गत अनुमान गर्न सकिन्छ। आज सुनुवाइ हुँदा बहसको क्रममा विद्वान् अधिवक्ता तथा विपक्षीहरूको तर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ताले निज जितेन्द्रकुमार साहको सो कार्यालयबाट सरूवा भएको भनी जानकारीसमेत गराएबाट निवेदन जिकिरको औचित्यसमेत नदेखिने।

निवेदक पदस्थापन भई हाजिर हुनुअघि नै जितेन्द्रकुमार साह स्वास्थ्य कार्यालय सिन्धुलीको कार्यालय प्रमुख पदमा कार्यरत रहेको, प्रारम्भमा निवेदकले जितेन्द्रकुमार साहलाई कार्यालय पदमा स्वीकार गरेको देखिएको, स्वास्थ्य कार्यालय सिन्धुलीको दरबन्दी तेरिजमा जनस्वास्थ्य अधिकृत कार्यालय प्रमुख हुने व्यवस्था रहेको, कनिष्ठ जितेन्द्रकुमार साहलाई कार्यालय प्रमुख बनाइएको भन्ने रिट निवेदकको मुख्य विषय रहे पनि निजलाई विपक्षी नबनाइएको एवम् निज जितेन्द्रकुमार साहको सरूवा भएकोले रिट निवेदनको औचित्य नै समाप्त भएकोसमेतका आधार र कारणबाट निवेदकको मागबमोजिम उत्प्रेषणसमेतको रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : किरणकुमार सिंह

कम्प्युटर : सुप्रभा अर्याल

इति संवत् २०७९ साल माघ १२ गते रोज ५ शुभम्।

## ४४

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. हरिप्रसाद फुयाल,** *०७५-WO-०१७४, उत्प्रेषण/ परमादेशसमेत, मदन* भौकाजी वि. नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, रामशाहपथ काठमाडौंसमेत

निवेदकलाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ मा मिति २०६९।१२।२९ मा भएको चौथो संशोधन अध्यादेश तथा मिति २०७०।१२।१२ मा उक्त ऐनमा भएको चौथो संशोधनपश्चात् थप भएको दफा ९(१) को व्यवस्था अनुसार पाचौँ तहबाट छैठौँ तहमा स्तरवृद्धि गरिएको पाइयो । प्रस्तुत रिट निवेदन मिति २०७५।५।३ मा यस अदालतमा दायर भएको देखिन्छ। यो रिट निवेदन दर्ता गर्दा यी रिट निवेदकको उमेर ५६ वर्ष रहेको भन्ने रिट निवेदनमा उल्लेख भएको देखिन्छ। मिति २०४४।१२।१६ मा नागरिकता लिँदाका अवस्थामा निवेदकको उमेर २६ वर्ष रहेको देखिएकोले निजको उमेर आजको मितिमा ६० वर्ष पूरा भइसकेको देखियो । नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ४५ मा साठी वर्ष उमेर पूरा भएको कर्मचारीले सेवाबाट स्वतः अवकाश पाउने छ भन्ने कानूनी व्यवस्था गरेको छ । उक्त कानूनी व्यवस्था अनुसार तत्कालीन अवस्थामा नेपाल स्वास्थ्य सेवामा कार्यरत कर्मचारी यी रिट निवेदकको उमेर हद ६० वर्ष पूरा भई सेवाबाट अवकाश पाइसकेको देखिएबाट पनि निवेदन जिकिर विचारणीय नदेखिने।

निवेदकले आधार लिएको नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को चौथो संशोधन, २०७०।१२।१२ मा भएको हो । यस ऐनमा चौथो संशोधन हुनुअगावै मिति २०६९।१०।१ मा निजको सोही सेवा समूहको छैठौँ तहमा स्तरवृद्धि भएकोमा उक्त स्तरवृद्धि गर्ने निर्णय तथा पत्र बदरका लागि करिब ६ वर्षपछि मिति २०७५।५।३ मा मात्र यस अदालतमा रिट निवेदन दायर गराएको देखिन्छ। यी रिट निवेदकले छैठौँ तहमा

स्तरवृद्धि भई करिब ६ वर्षसम्म उक्त वृद्धि भएको तहको अधिकार प्रयोग तथा सेवा सुविधा उपभोग गरेर मात्र अनुचित विलम्ब गरी प्रस्तुत निवेदन दिएको देखियो। अनुचित विलम्ब गर्नुको मनासिब आधार, कारणसमेत रिट निवेदनमा खुलाउन सकेको देखिँदैन । प्रस्तुत रिट निवेदन विलम्बको सिद्धान्तका आधारमा समेत ग्रहणयोग्य नदेखिने।

निवेदन मागबमोजिमको आदेश जारी हुनसक्ने अवस्थाको विद्यमानता नदेखिँदा निवेदकको रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल साउन २५ गते रोज ४ शुभम्।

**४५**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.डा.श्री मनोजकुमार शर्मा**, *०७५-CI-०३२९, ०७५-CI-३३०, अंश चलन, पूर्णकेशरी श्रेष्ठ वि. अरूणा कार्की, सन्तोष श्रेष्ठ वि. अरूणा कार्की*

पुनरावेदक प्रतिवादीहरू तथा प्रत्यर्थी वादीहरूका बिच नाता एवं पुस्तेवारी सम्बन्धमा विवाद देखिँदैन । प्रत्यर्थी वादीहरूले पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठबाट र यी पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठले यी पुनरावेदक प्रतिवादी पूर्णकेशरी श्रेष्ठबाट यसअघि रीतपूर्वक बन्डा भई अंश पाएको भन्ने देखिँदैन। यस सन्दर्भमा यी पुनरावेदक प्रतिवादीहरू र प्रत्यर्थी वादीहरू एकासगोलका अंशियार भएकोमा समेत विवाद देखिएन । यी पुनरावेदक प्रतिवादी पूर्णकेशरी श्रेष्ठले आफूले आफ्ना पति कृष्णमानबाट अंश छोडपत्र कागज गरी प्राप्त गरेको सम्पत्ति स्त्री अंशधनअन्तर्गतको भएकोले सोमा कसैको बन्डा नलाग्ने भनी प्रतिउत्तरमा जिकिर लिएको देखिन्छ । सो सम्बन्धमा विचार गर्दा यी पुनरावेदक प्रतिवादी पूर्णकेशरी श्रेष्ठले आफ्ना पति स्वर्गीय कृष्णमानबाट मिति २०४२।४।२७ मा र.नं. ५७०२ बाट आफ्नो अंश बुझी लिई अंश छोडपत्र कागज गरिदिएको भन्ने मिसिल संलग्न रहेको उक्त लिखतको प्रतिलिपिबाट देखिन्छ । प्रतिवादी पूर्णकेशरीले अरू पनि अंशियार छन्, अ.बं. १३९ नं. बमोजिम बुझिपाउँ भनी जिकिर लिएकोमा पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठले सुरू अदालतमा अ.बं. १३३ नं. बमोजिम कागज गर्दा बाबु कृष्णमानको २०६४ सालमै मृत्यु भएको, आमा पूर्णकेशरी श्रेष्ठकी सौता धनमायाका छोराहरू राजेन्द्र, जितेन्द्र र छोरी रेखा रहेकामा सबैजना भारतमा बसोबास गरेका भन्ने बेहोरा देखाई नेपालमा कुनै सम्पत्ति रहे भएको भए निजहरूले २०६४ सालमा बाबुको मृत्युपश्चात् आफ्नो हक कायम गराई लिएको भनी सोतर्फ कुनै जिकिर नै लिएको देखिएन । यस अवस्थामा यी पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको अंश हक अलग्गै रहेको हुँदा पुनरावेदक प्रतिवादी पूर्णकेशरीका नाउँमा भएको सम्पत्तिमा निजको अंश हक नलाग्ने भनी अर्थ गर्न मिल्ने अवस्था देखिएन । पुनरावेदक प्रतिवादी पूर्णकेशरीले मिति २०४२।०४।२७ मा आफ्ना लोग्ने कृष्णमानबाट अंश भरपाई गरी अंश बुझेको देखिन्छ । निजका पति कृष्णमानको मृत्यु भइसकेको भन्ने मिसिलबाट देखिन्छ । पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको नागरिकता प्रतिलिपि हेर्दा निजको जन्म मिति २०४२।०५।२० मा भएको देखिन्छ । यी पुनरावेदक प्रतिवादी पूर्णकेशरीले आफ्नो अंश बुझी छुट्टी भिन्न भएपश्चात् निजको छोरा यी प्रतिवादी सन्तोष श्रेष्ठको जन्म भएको देखिन्छ । जन्मेपश्चात् निज आमा पूर्णकेशरीसँगै बसी हुर्की बढी मिति २०६४।८।११ मा वादी अरूणा कार्कीसँग विवाह गरेको भन्ने यी वादी प्रतिवादीले पेस गरेको फिराद प्रतिउत्तर लेखबाट देखिन्छ । यी पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको अंश हक बाबु कृष्णमानसँग रहेको भन्ने मिति २०४२।०४।२७ को अंश भरपाई लिखतमा समेत उल्लेख भएको अवस्था नहुँदा पूर्णकेशरीको अंश भागमा परेको सम्पत्तिमा निजका छोरा यी पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको समेत अंश हक निहित रहेको अवस्थामा पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको अंश

भागबाट अंश प्राप्त गर्ने यी प्रत्यर्थी वादीहरूको उक्त सम्पत्तिमा समेत अंश लाग्नेमा कुनै द्विविधा नदेखिने।

प्रमाण ऐन, २०३१ को दफा ६(क) मा अन्यथा प्रमाणित नभएसम्म एकाघरसँगका अंशियारहरूमध्ये जुनसुकै अंशियारका नाउँमा रहेको सम्पत्ति सगोलको सम्पत्ति हुन्छ भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ। त्यस्तै आमा बाबुका नाममा जुनसुकै स्रोतबाट आएको सम्पत्ति निजहरूका सन्तान अर्थात् दोस्रो तहका अंशियार छोरा छोरीका लागि पैत्रिक सम्पत्ति मान्नुपर्ने र त्यस्तो सम्पत्ति छोरा छोरीलाई बन्डा लाग्छ भनी यसै अदालतबाट सानुमाया महर्जन विरूद्ध बुद्धि महर्जनसमेत भएको अंश चलन मुद्दामा मिति २०६८।१२।२२ मा फैसला भएको पाइन्छ (ने.का.प. २०६९, अङ्क ३, नि.नं. ८७८८ पृष्ठ ४३६)। प्रस्तुत मुद्दामा पनि यी पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको जन्म निजको आमाले बाबुबाट अंश प्राप्त गरिसकेपछि भएको, निज जन्मेपछि आमासँगै बसी निजको विवाह पनि आमासँगै सगोलमा बसेको अवस्थामा यी प्रत्यर्थी वादी अरूणा कार्कीसँग भएको र आमा वा बाबु जोसुकैका नाउँमा जुनसुकै स्रोतबाट प्राप्त सम्पत्ति भए पनि छोराछोरीका लागि पैत्रिक सम्पत्ति मान्नुपर्ने भन्ने यस अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधारमा यी पुनरावेदक प्रतिवादी पूर्णकेशरी श्रेष्ठका नाममा रहेको सम्पत्ति निजले आफ्ना पति कृष्णमानबाट अंश भरपाई गरी बुझी लिएको भए पनि उक्त सम्पत्ति निजको निजी आर्जनको अन्य अंशियारलाई बन्डा नलाग्ने अवस्थाको नभई दोस्रो तहको अंशियारको हक लाग्ने अवस्था भएको र पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठ स्वतः अंशियार भएपछि निजले पाएको अंशमा निजका छोरी/श्रीमती यी प्रत्यर्थी वादीहरूको स्वतः अंश हक लाग्ने नै देखियो। अतः पेस भएको तायदाती फाँटवारीमा उल्लिखित सम्पत्तिमध्ये दर्ता नभएका सम्पत्ति दर्ता भएपछि बन्डा हुने र दर्ता भएका सम्पूर्ण सम्पत्तिलाई २ भाग गरी सोमध्ये पुनरावेदक प्रतिवादी सन्तोष श्रेष्ठको हुने १ भागलाई पुनः ३ भाग गरी सोमध्ये वादीहरूले २ भाग अंश पाई नाबालक प्रत्यर्थी वादी सयना श्रेष्ठ साबालक नभएसम्म कुनै किसिमको हक हस्तान्तरण गर्न नपाउने गरी निज नाबालक र संरक्षकसमेत रहेकी प्रत्यर्थी वादी अरूणा कार्की श्रेष्ठसमेतको संयुक्त नाममा रहने गरी भएको सुरू फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला अन्यथा मान्न मिल्ने नदेखिँदा प्रतिवादीहरूको पुनरावेदन जिकिर, यस अदालतबाट दोहोऱ्याई पाउने निस्सा प्रदान गर्दा लिइएको आधार तथा पुनरावेदक तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहस जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, माथि उल्लिखित आधार, कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७०।०९।०९ मा भएको फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७२।०९।१२ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली
कम्प्युटर : मन्जिता ढुंगाना
इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम्।

**४६**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. डा. श्री मनोजकुमार शर्मा**, *०७२-CI-०३६०, ०७३-CI-१८०८, दूषित शेषपछिको बकसपत्र लिखत बदर, पुनम शाही वि. बद्रीराम शाहीसमेत, बद्रीराम शाहीसमेत वि. पुनम शाही*

पुनरावेदक वादी एवं प्रतिवादीहरू स्वर्गीय रत्नबहादुर शाहीका छोरा छोरी रहेकोमा विवाद देखिँदैन। निज रत्नबहादुर बिरामी परी विभिन्न अस्पतालहरूमा उपचार गराएको भन्ने कुरा मिसिल संलग्न कागजातबाट देखिन्छ। यी पुनरावेदक प्रतिवादी पुनम शाहीले आफ्ना पिता र दाजुहरूउपर अंश मुद्दा गरी अंश पाउने ठहर फैसला भए पनि बन्डा छुट्याउन बाँकी रहेको भन्ने दुवै पक्षले तत्कालीन पुनरावेदन

अदालत पाटन र यस अदालतमा दिएको पुनरावेदन लेखबाट देखिन्छ । यी पुनरावेदकहरूका पिता स्वर्गीय रत्नबहादुरले आफू बिरामी भएको अवस्थामा यी पुनरावेदक छोरा र छोरीबिच भेदभाव गर्नुपर्ने अवस्था रहेको भन्ने मिसिल संलग्न प्रमाणबाट देखिन आउँदैन। अन्यथा प्रमाणित नभएसम्म सो कुरालाई अदालतले अनुमान गर्न मिल्ने पनि हुँदैन । यस स्थितिमा शेषपछिको बकसपत्र गरिदिने रत्नबहादुर शाही र लिने पुनम शाही भई र.नं. १२१०ग मिति २०६७।०९।०७ मा पारित उक्त लिखत निज रत्नबहादुर शाहीले अचेत अवस्थामा गरिदिएको भनी अनुमान गर्न मिल्ने अवस्था देखिएन । उक्त लिखत रत्नबहादुरले आफू होसमा छँदै लिखतको परिणाम बुझी गरिदिएको मान्नुपर्ने देखिने ।

साबिक मुलुकी ऐन, दान बकसको १ नं. मा "आफ्नो हक पुग्ने सम्पत्ति दान वा बकस गरिदिन हुन्छ । यो नम्बरबमोजिम दान वा बकस गरिदिँदा हकवालालाई बकस भनी र अरूलाई दान वा बकस जुन बेहोराले दिए पनि हुन्छ । आफूखुस गर्न पाउने बाहेक अरूमा अंशियार र हक पुग्नेहरूको मन्जुरीको लिखत नलिई वा साक्षी नराखी दान बकस गरिदिन हुँदैन" भन्ने कानूनी व्यवस्था गरेको देखिन्छ । तर प्रस्तुत मुद्दामा वादी दाबीको पारित उक्त शेषपछिको बकसपत्र लिखतमा यी पुनरावेदक वादीहरूलाई साक्षी राखेको वा निजहरूले मन्जुरीको लिखत गरिदिएको देखिएन । यस अवस्थामा यी पुनरावेदक वादीहरूको हकसम्म पारित उक्त लिखतले कानूनी मान्यता पाउन सक्ने अवस्था देखिएन । अन्यथा प्रमाणित नभएसम्म सगोलका अंशियारहरूमध्ये जोसुकैका नाउँमा रहेको सम्पत्ति सगोलको हुने र प्रत्येक अंशियारले कानूनबमोजिम आ-आफ्नो हक हिस्सा पाउने नै हुँदा यी पुनरावेदक वादी प्रतिवादीका पिता रत्नबहादुर शाहीले पुनरावेदक प्रतिवादी पुनम शाहीलाई र.नं. १२१०ग मिति २०६७।०९।०७ मा पारित गरिदिएको उक्त शेषपछिको (अष्टलोह) बकसपत्र लिखतमध्ये पुनरावेदक वादीहरूको हकजति ३ भागको २ भाग लिखत पारित गरेको कार्यले कानूनी मान्यता पाउने अवस्था देखिँदैन । पुनरावेदक प्रतिवादी पुनम साहीको मिति २०७९।५।२९ मा मृत्यु भएको, निज अविवाहिता भएको, निजको हक खाने हकदार यी वादीहरूबाहेक अन्य कोही नभएको र निजको तर्फबाट मुद्दा सकारसमेत कसैले नगरेको कारण प्रस्तुत मुद्दामा केही गरिरहन परेन भनी पुनरावेदक वादीहरूको तर्फबाट यस अदालतमा पर्न आएको निवेदन मिसिल सामेल रहेको अवस्थासमेतबाट वादीहरूको हकजति ३ भागको २ भाग उक्त बकसपत्र लिखत बदर हुने ठहऱ्याएको सुरू फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत पाटनको फैसला मिलेकै देखिँदा पारित शेषपछिको बकसपत्र लिखत पूरै बदर हुनुपर्ने भन्ने वादीहरूको पुनरावेदन जिकिर र पारित शेषपछिको बकसपत्र लिखत पूरै सदर हुनुपर्ने भन्ने प्रतिवादीको पुनरावेदन जिकिर स्वीकारयोग्य नदेखिने ।

अतः माथि उल्लिखित आधार, कारणबाट सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०६९।१२।२२ मा भएको फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत पाटनको मिति २०७१।०७।०३ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत : यज्ञमूर्ति ज्ञवाली

कम्प्युटर : मन्जिता ढुंगाना

इति संवत् २०७९ साल माघ १७ गते रोज ३ शुभम् ।

## इजलास नं. ४

### ४७

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री डम्बरबहादुर शाही,** *०७३-CR-०७३१, जबरजस्ती करणी, नेपाल सरकार वि. देवराज पण्डितसमेत*

विकसित घटनाक्रम र परिस्थितिको समुचित विश्लेषण गर्दा चुकुल लगाइराखेको एक बन्द कोठाभित्र श्रवणशक्ति र वाकशक्तिसमेत कमजोर भएकी फरक

तर सीमित शारीरिक क्षमता (आवाज निकालेर बोल्न र ध्वनि स्पष्ट सुन्न नसक्ने) की एउटी बालिकाले दुस्स्वप्न (Nightmare) बाट बिउँझेर चिच्याएको कारणले मात्र एकातर्फ अर्को घरमा रहेका छिमेकी मध्यरातमा सो हल्लाखल्ला सुनी घटनास्थल आए होलान् भनी विश्वास गर्न सकिने अवस्था देखिँदैन भने अर्कोतर्फ एउटा विद्यार्थी निद्राबाट ब्युझिई हावा हावा भनी कराएकै कारणले मात्र मध्यरातमा घरमा रहेकी शिक्षिकालाई फोन गरेर बोलाउनुपर्ने आवश्यकता पर्‍योहोला भनी पत्यार लाग्ने परिस्थितिको विद्यमानता देखिन आएन। प्रतिवादी रहेकी छात्रावासकी आया शान्ति चौधरी त्यहाँ २०५८ साल अर्थात् ९ वर्ष पहिलेदेखि काम गरिरहेको भन्ने देखिन आएकोले निजलाई विद्यालय, छात्रावास र त्यहाँ रही आफैँले हेरचाह गर्नुपर्ने छात्राहरूको बारेमा राम्रै ज्ञान र अनुभव भएको मान्नुपर्ने हुन्छ। एउटी अनुभवी आयाले माधवपुर क सो रात हावा हावा भनी कराएकी मात्र हुन्, अरू केही होइन भनी स्वीकार गरेको अवस्थामा त्यतिमात्र कारणले आफ्नो घरमा रहेकी शिक्षिका संजीवनीलाई फोन गरी खबर गर्नु र निज शिक्षिकाले पनि आफू टाढा भएको कारण नजिकै रहेकी अर्की शिक्षिका दिव्यरूपालाई तत्कालै घटनास्थल पठाउनुको प्रयोजन यी पीडित छात्रा माधवपुर क अन्य बाह्य कारणबिनै त्यसै डराएको कुरासम्म मात्र सीमित हुन्छ भनी मान्न सकिएन। शान्ति चौधरीको सहयोग लिई देवराज सरले आफूलाई जबरजस्ती करणी गरेको भन्ने जाहेरी बेहोरा र करणीपश्चात् शान्तिले नै पीडितलाई कट्टु लगाइदिएको तथा देवराज सर करणी गरी त्यहाँबाट भागेपछि शान्तिले ढोकामा चुकुल लगाएकी हुन् भनी बुझिएका मानिस बिमलाले अदालतमा आई बकपत्र गरेको पाइन्छ। एउटै कोठामा रहेका अन्य छात्राहरूले देवराज सर त्यस रात त्यहाँ आएको नदेखेको भनी बकपत्र गरे तापनि एउटै ओछ्यानमा सँगै सुतेकी बिमलाले देवराज सरले नै सो रात माधवपुर क लाई करणी गरेको र पालेदाइ (भिमप्रसाद) आउनुअघि उनी (देवराज) त्यहाँबाट भागेको आफूले देखेको भनी बताएकी छिन् भने भिमप्रसादले पनि आफू आएको समयमा ढोकाको चुकुल भित्रबाट लागेको भनी बताएका छन्। घटनास्थलमा तत्काल विद्यमान यस्तो परिस्थितिजन्य अवस्था हेर्दा छात्रालाई करणी गर्ने कार्यमा देवराजलाई मद्दत गर्ने शान्ति चौधरी त्यसबखत कोठाभित्रै रहे भएको भन्ने देखिन आउँछ। निज शान्तिले नै यौन कार्यको लागि तारतम्य मिलाएको र परिस्थिति असहज बन्दै गएपछि देवराज होहल्ला नहुँदै हतार हतार त्यहाँबाट भाग्न सफल भएको परिस्थिति सिर्जना भएको देखिन्छ। सबैजना सुतेको मौका पारी चुपचाप करणी गर्दाको बखत मध्यरातमा गहिरो निद्रामा परेका श्रवणशक्ति सीमित भएका अन्य बालिकाहरूले छोटो समयको त्यो घटनाक्रम थाहा नपाएको भन्ने तथ्य, पीडितसँगै सुतेकी बिमलाको बकपत्रको बेहोरा, जाहेरी एवं भिममप्रसादले मौकामा व्यक्त गरेको कुरासँग मेल खाएको देखिँदा घटनाको सामीप्याता र प्रत्यक्षदर्शिताको आधारमा समेत बिमलाले गरेको उक्त बकपत्रलाई विश्वसनीय प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने देखिन्छ। माधवपुर क को प्रतिवादी देवराज सर र आया शान्ति चौधरीसँग त्यस घटनाअघिसम्म कुनै प्रकारको रिसइवी र दुश्मनी वा विशेष प्रकारको सम्बन्ध भएको भनी अनुसन्धान प्रतिवेदनबाट खुलेकोसमेत देखिन आउँदैन। जाहेरावाली उर्फ पीडितले अरूले करणी गरेको नभनी देवराज सरले नै करणी गरेको भनी किटान गरी जाहेरी दिएको कुरालाई उल्लिखित कारणबाट अन्यथा भन्नुपर्ने अवस्थाको विद्यमानता नहुँदासमेत विकसित घटनाक्रमले जाहेरीकै बेहोरा समर्थन भएको देखिने।

पीडित महिलाको योनि र प्रतिवादी रहेका पुरूषको लिङ्गबाट स्वाब लिई भरतपुर अस्पतालको प्रयोगशालामा नमुना परीक्षण गरिएको भन्ने कुरा मिसिल संलग्न सो अस्पतालको स्वास्थ्य परीक्षण प्रतिवेदनबाट देखिन्छ। उक्त प्रतिवेदनमा प्रयोगशाला परीक्षणबाट वीर्य नदेखिएको (Sperm cell not

seen) भनी उल्लेख भएको देखिए तापनि दुवै जनाले लगाएका कट्टुहरूको समेत फरेन्सिक जाँच आवश्यक छ भन्ने राय सोही अस्पतालद्वारा नै व्यक्त गरेको पाइन्छ। यसबाट, भरतपुर अस्पतालले दिएको स्वास्थ्य परीक्षण प्रतिवेदन पीडित महिला र प्रतिवादीले लगाएको कट्टुको प्रयोगशाला परीक्षणमा अधारित नभई उनीहरूको योनि र लिङ्गबाट निकालिएको स्वाबमा आधारित थियो भन्ने देखिन्छ। भरतपुर अस्पतालमा पेस गरिएका ती कट्टुहरू नै फरेन्सिक जाँचको लागि केन्द्रीय विधि विज्ञान प्रयोगशालामा पठाइएको भन्ने कुरा प्रहरीले विधि विज्ञान प्रयोगशालालाई लेखेको च.नं. २९०२ मिति २०६७/१२/०७ को पत्रबाट समेत खुल्दछ। अर्थात्, उल्लिखित दुई प्रयोगशाला परीक्षणको नमुनाको स्रोत नै फरक फरक रहेको पाइन्छ। फरक फरक स्रोतको नमुना परीक्षणबाट प्रयोगशालाको नतिजा फरक फरक आउनुलाई अस्वाभाविक मानिहाल्नुपर्ने अवस्था हुँदैन। करणीको वारदात भइसकेपछि मानव शरीर र सम्बद्ध वस्तुस्थितिमा प्रकारान्तरले विकसित हुँदै जाने परिवर्तित र स्वाभाविक घटनाक्रमदेखि नमुना सङ्कलनको स्रोत, तौरतरिका र प्रयोगशालाको गुणस्तर जस्ता यावत् कुराहरूले फरेन्सिक जाँचको नतिजामा प्रभाव पारिरहेको हुन्छ। तसर्थ, कट्टुमा वीर्य फेला परेपछि योनिमा पनि वीर्य देखिनैपर्छ भन्ने अनिवार्यता हुँदैन। महिलाको मन्जुरीबेगरको करणीयुक्त कार्य नै जबरजस्ती करणीको कसुर भएको हो भन्नलाई पर्याप्त हुने अवस्थामा पीडित महिलाको कन्याजाली च्यातिएको र निजले लगाएको कट्टुमा मानव वीर्यसमेत फेला परेको भन्ने केन्द्रीय विधि विज्ञान प्रयोगशालाको प्रतिवेदनले समेत आफूमाथि जबरजस्ती करणी भएको भनी पीडितले लेखाएको जाहेरीको बेहोरा समर्थित भएको अवस्था छ। जबरजस्ती करणी भएको भन्ने पीडितको किटानी जिकिर र तत्कालीन मनोदशा, यिनै प्रतिवादीले करणी गरेका हुन् भन्ने अनुसन्धानको क्रममा व्यक्त माथि उल्लिखित मौकाका कुरा, पीडितले त्यसबखत लगाएको कट्टुमा वीर्य देखिएको भन्ने प्रयोगशालाको नतिजा, करणी गर्ने पुरूषमा देवराजबाहेक अन्य व्यक्तिको संलग्नता र सो वारदातसँग जोडिन आउने अन्य वस्तु परिवेश खुल्न देखिन नआएको अवस्थामा प्रतिवादी देवराजले यी पीडित महिलालाई जबरजस्ती करणी गरेका होइनन् भनी विश्वास गर्न सकिने वस्तुगत आधार नदेखिने।

विधि विज्ञान प्रयोगशालाले महिलाको कट्टुमा मानव वीर्य फेला परेको प्रतिवेदन दिएपश्चात् मात्र सो प्रतिवेदलाई चुनौती दिँदै प्रतिवादी देवराज पण्डितले आफ्नो DNA परीक्षण गरी यकिन गरिपाउँ भनी पुनरावेदन अदालतमा निवेदन दिएको देखिन्छ। अदालतले पनि निजको DNA परीक्षणका लागि सम्बद्ध निकायमा लेखापढी गरेको, तत्कालीन अवस्थामा नेपालमा DNA परीक्षण हुन नसक्ने भनी ती निकायहरूले जवाफमा भनेको र प्रतिवादीहरूले सफाइ पाउने गरी निर्णय भएको अवस्थामा उक्त DNA परीक्षणको लागि पछि कुनै अनुगमन भएको देखिँदैन। तर, जाहेरीको बेहोरालाई समर्थन गर्ने पीडित स्वयंको बयान तथा माथि वर्णित आधार कारण, स्थापित नजिर सिद्धान्त र प्रचलित कानूनको समुचित मूल्याङ्कनबाट प्रतिवादी देवराजले नै यी जाहेरवालीलाई निजको इच्छाविपरीत करणी गरेको देखिँदा नेपालमा DNA परीक्षणको सुविधा नभएकै कारणले मात्र प्रतिवादीले आरोपित कसुरबाट उन्मुक्ति पाउने अवस्था सिर्जना हुनुलाई न्यायको रोहबाट हेर्दा उचित मान्न सकिँदैन। प्रतिवादीले पुनरावेदन तहमा लिएको जिकिर प्रमाणित गर्ने भार पनि प्रतिवादीमै रहन्छ। प्रतिवादीको पुनरावेदन तहको सो दाबी जिकिर विश्वसनीय प्रमाणद्वारा पुष्टि समर्थन हुन नसकिरहेको अवस्थामा समेत प्रतिवादी देवराज पण्डितले अर्की प्रतिवादी शान्ति चौधरीको सहयोगमा अभियोगदाबीबमोजिमको जबरजस्ती करणीको कसुर अपराध गरेकै देखिन आयो। तसर्थ, पुनरावेदन अदालत हेटौँडाबाट भएको उक्त फैसला मिलेको नभई प्रतिवादीहरू देवराज पण्डित र शान्ती चौधरीलाई अभियोगदाबी अनुसारको कसुर ठहरी

सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारले लिएको पुनरावेदन जिकिर मनासिब देखिने।

अतः प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने भनी सुरू चितवन जिल्ला अदालतले गरेको फैसलालाई सदर हुने ठहऱ्याई पुनरावेदन अदालत हेटौँडाले मिति २०७०/११/०४ मा गरेको फैसला माथि विवेचित आधार, कारणबाट मिलेको नदेखिँदा उल्टी भई प्रतिवादी देवराज पण्डितलाई अभियोगदाबी अनुसार मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(४) नं. बमोजिमको कसुरमा सोही महलको ३(४) नं. अनुसार ८ वर्ष र अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेको हुँदा ऐ. को ३क नं. बमोजिम ५ वर्ष थप गरी जम्मा १३ (तेह्र) वर्ष कैद सजाय हुने र प्रतिवादी शान्ती चौधरीलाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको ४ नं. बमोजिमको कसुरमा ऐजनबमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहर्छ। साथै, कसुरदार देवराज पण्डित सोही विद्यालयमा पढाउने जिम्मेवार शिक्षकसमेत भएको र आफ्नै विद्यालयमा अध्ययन गर्ने अपाङ्ग छात्रालाई सुरक्षा संरक्षण गर्नुपर्नेमा उल्टै करणी गरेको तथा पीडित छात्राको शारीरिक तथा मानसिक अवस्थासमेतलाई विचार गर्दा जाहेरवाली माधवपुर क ले मुलुकी ऐन, जबरजस्ती करणीको महलको १० नं. बमोजिम क्षतिपूर्तिबापत दुई लाख रूपैयाँ प्रतिवादी देवराज पण्डितबाट भराइलिन पाउने।

यसमा, छात्रावासमा रही पढ्दै आएकोमा त्यहीँकी आया शान्ति चौधरीको योजनामा प्रतिवादी देवराज पण्डितले मिति २०६७/११/२५ को मध्यरातमा छात्रावासमै आई मलाई जबरजस्ती करणी गरेका हुन् भनी पीडित भनिएकी छात्राले मिति २०६७/११/२८ मा जाहेरी दर्ता गराएको देखिन्छ। इच्छाविपरीत आफूमाथि करणी वा यौनजन्य क्रियाकलाप भएको भनेर पीडित महिलाले कुनै कुरा व्यक्त वा सङ्केत गरेकी थिइनन्, त्यसबखत करणी भएको जस्तो माहोल पनि त्यहाँ थिएन भनी तत्काल घटनास्थल पुगेकी सोही विद्यालयकी शिक्षिका दिव्यरूपा वंशीले घटना विवरण काजमा लेखाएको र सोही बेहोराको बकपत्र अदालतमा पनि गरेकी रहिछिन्। जाहेरवालीलाई साङ्केतिक भाषा सिकाउने अर्की शिक्षिका संजीवनी मल्ल भोलिपल्ट बिहान ६:३० बजे घटनास्थलको छात्रावासमा पुगी के भयो नानी भनी जाहेरवालीलाई सोद्धासमेत हावा आयो, मलाई डर लाग्यो भनी उनले आफूलाई बताएकी थिइन् भनी संजीवनीले अदालतमा आई बकपत्र गरिदिएकी छिन्। जाहेरवाली छात्रालाई अस्पताल लैजाँदा पनि यी दुई शिक्षिकाहरू दिव्यरूपा र संजीवनी साथमै भएको देखिन्छ भने पीडित भनिएकी छात्राले सो बेलासम्म पनि भाषा बुझ्ने र आफैँलाई पढाउने शिक्षिकासँग समेत आफूमाथि करणी वा यौन दुराचार भएको कुरा व्यक्त गरेको देखिँदैन। एकैपटक घरपरिवारको सम्पर्कमा आएको दुई दिनपछि मात्र करणी भएको भनी जाहेरी दर्ता गर्न ल्याएको देखियो। एक महिलामा बलात्कारजस्तो कुकृत्यपछिको पीडाबोधको प्रतिक्रिया र कानूनी उपचारको प्रबन्ध तत्कालै हुनुपर्नेमा त्यसो भएको नदेखिई परिवारिक सल्लाहबाट मात्र जाहेरी दिन गएको भन्ने देखिँदा जाहेरीको बेहोरालाई शंकामुक्त तरिकाले हेर्न सकिने अवस्था नदेखिने।

जाहेरवाली छात्राकी बहिनीले मौकामा कागज गर्दा देवराज सरले दिदीलाई खाटमै करणी गरेको र खाट हल्लिएपछि मात्र आफू ब्युँझिएको भनी लेखाएकी छिन्। उनैले अदालतमा आई गरेको बकपत्रमा देवराजले दिदीलाई खाटबाट तानेर भुइँमा ल्याई करणी गरेको हो भनी जाहेरीको बेहोरासँग मेल खाने किसिमको वस्तुस्थिति त्यसबखत त्यहाँ भएको बताएकी छिन्। यसमा पहिलो कुरा त चस्मदिद गवाह नै पीडितकी सहोदर बहिनी छिन् भने दोस्रो कुरा कहिले खाटमा र कहिले भुइँमा तानी करणी गरेको भन्ने यी चस्मदिद गवाहको भनाइ नै विरोधाभासपूर्ण रहेको देखियो। अर्कोतर्फ त्यहाँ त्यसबखत जबरजस्ती करणीको अपराध भएको भए तत्काल होहल्ला गरी

सँगै सुतेका अन्य साथीहरूलाई बिउँझाइ घटनाबारे बताउनु, मद्दत गुहार माग्नुपर्ने हो, त्यसो भए गरेको पनि देखिँदैन। उही कोठामा सुतेका अन्य तीन जना छात्राहरूले त्यसदिन त्यहाँ बलात्कारको घटना नभएको भनी अदालतमा आई बकपत्रसमेत गरिदिएको देखिन्छ। सो रात एउटै कोठामा सुतेका उषा वि.क. समेतका अन्य छात्राहरूलाई बोलाई बकपत्र गराएकोमा आफूहरू ब्युँझिदा त्यस रात त्यहाँ कोठामा देवराज सर आएको नदेखेको भनी बताएको, तत्कालै घटनास्थल पुग्ने भिमप्रसाद र दिव्यरूपासमेतले त्यसबखत त्यहाँ अन्य बाह्य कोही मानिस आएको नदेखेको भनी बकपत्र गरेको अवस्थामा एउटै कोठामा रहेका अन्य छात्राहरू र तत्काल घटनास्थल पुग्ने व्यक्तिहरूले मौकामा व्यक्त गरेको कुरालाई नजरअन्दाज गरी अन्य स्वतन्त्र प्रमाणको अभावमा जाहेरवालीकी बहिनीले मात्र दिएको विरोधाभासपूर्ण अभिव्यक्तिकै आधारमा निज पीडितकी बहिनीले गरेको बकपत्र र जाहेरीको किटानी बेहोरालाई प्रमाणको रूपमा लिई प्रतिवादीहरूलाई कसुरदार ठहर गर्दा न्याय पर्छ भनी विश्वस्त हुन नसकिने।

केन्द्रीय विधि विज्ञान प्रयोगशालाको मिति २०६८/०२/१३ को प्रतिवेदनमा महिलाले लगाएको कट्टुमा मानव वीर्य भेटिएको भन्ने देखिएपछि प्रतिवादी देवराज पण्डितले उक्त प्रयोगशाला प्रतिवेदनलाई समेत चुनौती दिई त्यसमा फेला परेको वीर्य आफ्नो नभएको र सोलाई DNA परीक्षण गरी यकिन गरिपाउँ भनी मिति २०६८/०९/२१ मा चितवन जिल्ला अदालतमा निवेदन दिएको पाइन्छ। सुरू अदालतले केन्द्रीय विधि विज्ञान प्रयोगशाला जाँचबाट देखिएको वीर्यको DNA परीक्षणका विषयमा बुझ्नलाइसम्म लेखापढी गरे पनि सो जाँच परीक्षण भने गरे गराएको देखिएन। चितवन प्रहरीबाट केन्द्रीय विधि विज्ञान प्रयोगशालामा परीक्षणको लागि पठाइएको कट्टु भरतपुर अस्पतालमा पेस गरिएकै कट्टु हो भनी पत्रमा लेखिए तापनि अस्पतालमा पठाइएका ती कट्टु कुन स्रोतबाट कसरी सङ्कलन गरिए वा कानूनको रीत पुऱ्याई बरामद गरिएको हो भन्ने कुरा मिसिलबाट खुलेकोसमेत नदेखिँदा थप प्रमाणबाट यकिन नभएसम्म परीक्षणको लागि पठाइएका भौतिक सबुद अर्थात् ती कट्टु यिनै महिला र यिनै प्रतिवादीले वारदातकै मौकामा लगाएका थिए भन्ने कुरामा समेत शंका गर्नुपर्ने स्थितिको विद्यमानता देखिने।

वारदातस्थल सार्वजनिक छात्रावास भएको, घटना भएको भनिएको कोठामा सो रात पीडित एक जना मात्र नभई ६ जना छात्राहरू सुतिरहेको र आया शान्ती चौधरीसमेत कोठामै रहेको भन्ने जाहेरी र वादीका साक्षीहरूले गरेको बकपत्रको बेहोराबाटै देखिएको छ। घटनास्थलमै पीडितबाहेक अन्य व्यक्तिहरूसमेत मौजुद रहेको यस्तो अवस्थामा कसुर भएको होइन भनी अन्यले व्यक्त गरेको कुरा र घटनालाई समर्थन नगर्ने स्वास्थ्य परीक्षण प्रतिवेदनसमेतका विवेचित स्वतन्त्र तथ्य प्रमाणलाई नजरअन्दाज गरी केवल पीडितको गवाही र जाहेरीको बेहोरालाई मात्र प्रमाणिक मूल्य दिई प्रतिवादीहरूलाई दोषी करार गर्नुपर्छ भन्ने कुरामा सहमत हुन सकिएन। त्यसैगरी, घटनास्थलको छात्रावास पर्खालले घेरिएको, छात्रावासको गेट छेउमै पालोपहरा दिने चौकीदारको घरसमेत भएको, छात्रावासका नानीहरूको रेखदेखको लागि महिला कर्मचारी शान्ती चौधरी पनि वारदातका बखत सोही कोठामै रहेको भन्ने देखियो। निज शान्ती चौधरीले समेत कोठामै रही अपराध घटाउनमा सहयोग गरेको भनी जाहेरीमै उल्लेख भएको पाइन्छ। प्रतिवादी शान्तीले पीडित महिलालाई करणी गर्ने गराउने कार्यमा अर्का प्रतिवादी देवराज पण्डितलाई सघाउनुपर्ने कारण के थियो भनी वादी पक्षले वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सकेको अवस्था छैन। शान्तीले बालिकालाई करणी गराउनुपर्ने अर्थपूर्ण परिस्थिति मौजुद नरहेको वर्णित अवस्थामा, महिला पीडित हुने जबरजस्ती करणी जस्तो अपराधमा बिना कुनै वैरभाव र लोभलालच आफैँले रेखदेख गर्दै आएकी बालिकालाई करणी गर्ने कार्यमा प्रतिवादी शान्तीले देवराजलाई सघाइन् होला

वा आफैँले रेखदेख गरिआएकी नानीलाई आफ्नै कोठामा आई आफ्नै आँखाअगाडि कसैले करणी गरेको टुलुटुलु हेरिबसिन् होला भनी विश्वास गर्न सकिने वस्तुनिष्ठ आधारसमेत प्रस्तुत वारदातमा देखिन आएन। पीडितको चिच्याहट सुनी पाले भीमप्रसाद पनि तत्कालै घटनास्थल पुगेको भन्ने देखिएको छ। निज भिमप्रसादले अदालतमा बकपत्र गर्दासमेत त्यहाँ जबरजस्ती करणीको वारदात नभएको भनी किटानीका साथ लेखाएका छन्। घटना, रातको समयमा भएको भनिए तापनि बिहान ६ बजेसम्म पीडितको भाषा बुझ्ने तथा निजलाई सांकेतिक भाषामा पढाउने शिक्षिका र अन्य व्यक्तिहरूको समेत उपस्थिति भइसकेको देखिन्छ तापनि, त्यहाँ रातमा भएको घटनाको बारेमा कुनै कुरा भए गरेको, विषय प्रसङ्ग निकालेको पाइँदैन, बिहान तत्काल पीडितलाई उपचारको लागि लगिएको चिकित्सकसँग पनि करणीको विषयमा कुनै कुरा भए गरेको पाइँदैन। पीडित यसअघि पनि यसै गरी रूने कराउने गर्थिन् भन्ने कुरा मिसिलबाट समेत खुलेको देखिन्छ भने सो रातको घटनाको प्रकृति पनि त्यस्तै किसिमको देखिएको छ। परिवारको सम्पर्कमा आएपछि मात्र आफूमाथि जबरजस्ती करणी भएको भन्ने पीडितको भनाइ अन्य स्वन्त्र तथ्य प्रमाणको अभावमा सन्देहपूर्ण रहे भएको देखिन आयो। पीडितसँगै सुतिरहेका अन्य छात्राहरूले घटनास्थलमा तत्काल हो-हल्ला र गुहार प्रतिकार नगर्नुका साथै तत्काल घटनास्थल पुगेका व्यक्तिहरूसँग पनि पीडित वा कोठामा रहेका अन्य व्यक्तिहरूले घटनाको बारेमा कुनै कुरा व्यक्त नगर्नुले पनि घटनाको विश्वसनीयतामाथि शंका गर्नुपर्ने अवस्थाको विद्यमानता देखिन आयो। जाहेरवाली र प्रतिवादी देवराजबिच यसअघि कुनै हिमचिम र अन्तरङ्ग सम्बन्ध थियो भन्ने कुरा तथा यी बालिकालाई करणी गर्ने देवराजको पूर्वयोजना थियो भन्ने कुरासमेत मिसिल संलग्न प्रमाणबाट खुलेको देखिँदैन भने त्यस रात आफू परिवारको साथमा घरमै भएको भनी देवराजले अदालतमा बयान गर्दा बताएका छन्। प्रतिवादी देवराज सो रात घटनास्थल वरपर रहे भएको भनी अभियोजन पक्षले भन्नसकेको अवस्थासमेत छैन। यस्तो अवस्थामा अन्यथा प्रमाणित नभएसम्म ७-८ किलोमिटर पर परिवारको साथमा घरमा रहेको मानिस (प्रतिवादी देवराज पण्डित) मध्यरातमा छात्रावासमा सामूहिक रूपमा सुतिरहेकी एउटी छात्रालाई करणी गर्न आए होला भनी विश्वास गर्नसमेत नसकिने।

अतः, प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने भनी पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७०/११/०४ मा भएको फैसला उल्ट्याई प्रतिवादी देवराज पण्डितलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, जबरजस्ती करणीको महलको १ नं. र ३(४) नं. बमोजिमको कसुरमा सोही महलको ३(४) नं. अनुसार ८ वर्ष र अपाङ्ग महिलालाई जबरजस्ती करणी गरेको हुँदा ऐ. को ३क नं. बमोजिम ५ वर्ष थप गरी जम्मा १३ वर्ष कैद सजाय हुने र प्रतिवादी शान्ती चौधरीलाई मुलुकी ऐन जबरजस्ती करणीको महलको ४ नं. बमोजिमको कसुर अपराधमा सोहीबमोजिम ३ (तीन) वर्ष कैद सजाय हुने ठहऱ्याई माननीय न्यायाधीश श्री सपना प्रधान मल्लले व्यक्त गर्नुभएको रायसँग सहमत हुन नसकी खम्बिर र निर्विवाद सबुद प्रमाणको अभावमा जबरजस्ती करणीजस्तो गम्भीर कसुर अपराधमा शंकाकै भरमा प्रतिवादीहरूलाई सजाय गर्न मिल्दैन भन्ने मेरो फरक मत एवम् विवेचित आधार, कारणसमेतका आधारमा प्रतिवादीहरूले अभियोग दाबीबाट सफाइ पाउने भनी सुरूले गरेको फैसला मिलेकै ठहऱ्याएको पुनरावेदन अदालत हेटौँडाको मिति २०७०/११/०४ को फैसला मिलेकै देखिँदा सोही सदर हुने ठहर्छ भनी यो छुट्टै राय व्यक्त गरेको छु। प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २३ को उपनियम (२) को खण्ड (क) बमोजिम सुनुवाइका लागि पूर्ण इजलाससमक्ष पेस गर्नु।

इजलास अधिकृत : ताराप्रसाद डाँगी

कम्प्युटर : चन्द्रा तिमल्सेना

इति संवत् २०७६ साल मङ्सिर १३ गते रोज ६ शुभम्।

## इजलास नं.५

४८

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७९-WH-०२४५, बन्दीप्रत्यक्षीकरण, रेवतीराज ढुंगाना वि. उच्च अदालत पाटन, ललितपुरसमेत

निज निवेदकको विभिन्न ठेगाना देखिएकोमा निजको नाममा तामेल भएको म्यादको प्रति हेर्दा, रिट निवेदक प्रतिवादी हाल बसोबास गरी आएको वतनमा म्याद तामेल भएको नदेखिएबाट निजलाई आफू विरूद्ध चलेको मुद्दाको जानकारी नभई सुनुवाइको मौकाबाट वञ्चित भई प्राकृतिक न्यायको सिद्धान्तविपरीत देखिएकोले उक्त मिति २०७८।०५।०९ मा तामेल भएको निजको नामको म्याद बेरितको देखिँदा उक्त म्याद र सो म्यादको आधारमा ०७६-CB-१६४१ र ०७७-CB-१६८१ को बैंकिङ कसुर मुद्दामा उच्च अदालत पाटनबाट क्रमशः मिति २०७८।०८।१२ र मिति २०७८।०८।२६ मा भएको फैसला र ०७६-CB-१६४१ को बैंकिङ कसुर मुद्दामा भएको कैद र जरिवानाको फैसलाबमोजिमको लगत असुल गर्न कार्यान्वयनको सिलसिलामा भक्तपुर जिल्ला अदालतबाट जारी च.नं. १६९८ मिति २०८०।०२।०२ को पत्रद्वारा कैद म्याद ठेकिएको कैदी पूर्जी कानूनसम्मत् मिलेको नदेखिँदा उत्प्रेषणको आदेशले बदर गरिदिएको छ । निवेदकलाई उच्च अदालत पाटनको फैसलाबमोजिम भक्तपुर जिल्ला अदालतबाट फैसलाअनुसार नै कैदी पूर्जी जारी गरी कैदमा राखिएको देखिएकोले निजको थुना गैरकानूनी भन्न मिल्ने नदेखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु नपर्ने।

तसर्थ, माथि उल्लेखित निवेदनको तथ्य, लिखित जवाफको बेहोरा तथा आधार र कारणहरूबाट समेत निवेदकको हालको वतनमा म्याद तामेल नभएको कारणबाट आफूउपर लागेको आरोपको प्रतिवाद गर्न सुनुवाइको मौका पाएको नदेखिँदा निज निवेदक प्रतिवादी रेवतीराज ढुङ्गानालाई थुनामा रहेको कारागारबाट अदालतमा झिकाई अड्डाकै रोहबरमा म्याद बुझाई बयान लिई थुनछेक आदेश गर्नेसमेतका प्रक्रिया अवलम्बन गरी सुनुवाइको मौका दिई पुनः नियमानुसार फैसला गर्नु भनी विपक्षीहरूका नाममा परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत : रमेशबहादुर कुँवर

कम्प्युटर: मिलन राणा

इति संवत् २०८० साल आषाढ ६ गते रोज ४ शुभम्।

४९

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७५-CI-०६११, हक कायम दर्ता नामसारीसमेत, शेरबहादुर महर्जन वि. गोविन्दप्रसाद खनाल

वादी प्रतिवादीहरूका बिच प्रस्तुत मुद्दाको वादी दाबीको कि.नं.१० को जग्गाको सम्बन्धमा दायर भएको सुरू २०६९ सालको ०६९-CP-०७७७/१५०७ को हक कायम दर्ता मुद्दामा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७१।०८।१४ मा भएको फैसला उल्टी भई दाबीको ललितपुर जिल्ला धापाखेल वडा नं. ५ (ख) कि.नं. १० को जग्गामा सो मुद्दाका वादी गोविन्दप्रसाद खनालको हक कायम भई निजका नाउँमा दर्ता हुनेसमेत ठहर गरेको पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१४ को फैसला आज यसै इजलासबाट सदर हुने गरी यसै लगाउको मु.नं. ०७३-CI-१०२० को हक कायम दर्ता मुद्दामा फैसला भएको हुँदा उक्त मुद्दामा विवेचित आधार, प्रमाण र कारणहरूबाट दाबीको साबिक लगत, ७ नं. फाँटवारीसमेतबाट पुनरावेदकको वादी दाबी पुग्न नसक्ने अवस्था देखिन आएको हुँदा प्रस्तुत मुद्दामा समेत यी वादीको दाबी पुग्न

नसक्ने ठहऱ्याई सुरू तथा पुनरावेदन अदालतबाट भएको फैसला कानूनसम्मत मिलेको देखिँदा यी पुनरावेदक वादीको पुनरावेदन जिकिरसँग सहमत हुन सकिएन। यस अदालतबाट फिल्डबुक, १ नं. र ७ नं. समेतको कागजमा जितबहादुर महर्जन भन्ने उल्लेख भई नाता प्रमाणितको प्रमाणसमेत पेस भएकोमा सोको मूल्याङ्कन र विवेचनाको अभाव भएको आधारमा अनुमति प्रदान गरेको मिति २०७५।०९।०३ गतेको यस अदालतको आदेशसँग मिसिल संलग्न प्रत्यर्थी प्रतिवादीको प्रमाण कागजको आधार र कारणबाट यो इजलास सहमत हुन नसक्ने।

तसर्थ, माथि विवेचित मुद्दाको तथ्य, आधार र कारणहरूबाट समेत वादी दाबीको ललितपुर जिल्ला, धापाखेल वडा नं. ५ (ख) कि.नं. १० को क्षे.फ. १-४-०-० जग्गाको हक कायम गरिपाउँ भनी दाबी लिई वादीले पेस गरेका साबिक दर्तासमेतको प्रमाण भिड्न मिल्न आएको नदेखिँदा वादी दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू ललितपुर जिल्ला अदालतबाट मिति २०७१।०८।१४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७२।१२।१४ को फैसला कानूनसम्मत भई मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: कुमार खतिवडा

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०७९ साल फाल्गुण ११ गते रोज ५ शुभम्।

- यसै लगाउका ०७३-CI-१०२०, हक कायम दर्ता, शेरबहादुर महर्जन वि. गोविन्दप्रसाद खनाल भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**५०**

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या.श्री हरिप्रसाद फुयाल,** ०७३-WO-०५९९, उत्प्रेषणयुक्त परमादेश, दिपकराज जोशी वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

निवेदकले राखेको निवेदन मागदाबी का.म.न.पा. नगर परिषद्को मिति २०७३।०६।०६ को निर्णयलाई मन्त्रालय स्तरीय निर्णयबाट र का.म.न.पा. नगर परिषद्को २९ औं नगर परिषद्को बैठकको निर्णय नं.८ मा भवन निर्माण कार्यविधि, २०७३ मिति २०७३।०९।२५ देखि लागु हुने गरी खारेज गरिएको भन्ने बेहोरा विपक्षीको लिखित जवाफबाट देखिएकोले खारेज भइसकेको मिति २०७३।०६।०६ गतेको निर्णयबाट निवेदकको संविधान प्रदत्त संवैधानिक हक र कानून प्रदत्त कानूनी हक प्रचलनमा आघात पुगेको नदेखिने।

तसर्थ, माथि विवेचित निवेदन मागदाबी, लिखित जवाफको बेहोरा एवं आधार कारणबाट रिट निवेदनमा उठाइएका विषयको औचित्य समाप्त भई प्रयोजन नै सकिएको अवस्थामा निवेदनमा माग गरेको विषयवस्तुभित्र प्रवेश गर्नुको कुनै सार्थकता नरहने हुँदा निवेदन मागदाबीबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन । प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृतः खेमकुमारी बस्नेत

कम्प्युटर: कृष्णमाया खतिवडा (सुस्मिता)

इति संवत् २०८० साल भदौ २१ गते रोज ५ शुभम्।

५१

**मा.न्या.श्री प्रकाशकुमार ढुंगाना र मा.न्या. श्री हरिप्रसाद फुयाल,** ०७९-WH-०१६२, बन्दीप्रत्यक्षीकरण, प्रमोदकुमार खड्का वि. काठमाडौं जिल्ला अदालत, बबरमहल, काठमाडौंसमेत

काठमाडौं जिल्ला अदालतबाट भएको आदेश बेरितको भए वा गैरकानूनी भएमा त्यसलाई बदर गराउन उच्च अदालतमा पनि जान सक्ने नै देखिन्छ। तर निवेदक ती सबै बाटोलाई अङ्गिकार नगरी एकैपटक यस अदालतमा प्रवेश गर्नु सामान्यतया मिलेको देखिँदैन । मुद्दाको काम कारबाहीमा साधारण अधिकारक्षेत्रको उपचार हुँदाहुँदै त्यसतर्फ नगई

एकैचोटी वैकल्पिक उपचार नहुँदा वा प्रभावकारी नहुने अवस्थाको उपचार खोज्दै रिट क्षेत्राधिकारको प्रयोग गर्नु मुनासिब देखिँदैन । रिट क्षेत्राधिकारको प्रयोग त अन्तिम विकल्प हुनुपर्छ । विधिशास्त्रीय मान्यताअनुसार पनि पहिले साधारण अधिकार क्षेत्र अनि मात्र केही नलागे असाधारण अधिकार क्षेत्रको प्रयोग गर्नुपर्ने ।

तसर्थ, माथि उल्लिखित निवेदनको तथ्य, लिखित जवाफको बेहोरा, आधार कारण, प्रमाण र प्रचलित कानूनी व्यवस्थाबाट यी रिट निवेदकले कैदी पूर्जी नमिलेको भए संशोधन गरिपाउँ भनी काठमाडौं जिल्ला अदालत हुँदै उच्च अदालतमा नियमित औपचारिक कानूनी बाटोबाट जान सक्ने नै देखिन्छ । काठमाडौं जिल्ला अदालतबाट भएका काम कारबाही कानूनसम्मत् नै देखिँदा बदर गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनुपर्ने अवस्थाको देखिँदैन । प्रस्तुत बन्दीप्रत्यक्षीकरणको निवेदन खारेज हुने ।

इजलास अधिकृत: कुमार खतिवडा

कम्प्युटर: मिलन राणा

इति संवत् २०७९ साल चैत्र २८ गते रोज ३ शुभम् ।

## इजलास नं.८

### ५२

**मा.न्या.श्री हरिप्रसाद फुयाल र मा.न्या.श्री नहकुल सुवेदी,** ०७०-CI-०४७३, ०७०-CI-०४७४, ०७१-CI-१५४३, ०७५-CI-०१७०, ०७५-CI-०२७९, अबन्डा सम्पत्ति बन्डा गरिपाउँ, राधादेवी बस्नेत वि. नन्दकुमार बस्नेत, श्रीराज बस्नेत वि. नन्दकुमार बस्नेत, नन्दकुमार बस्नेत वि. सुरेशकुमार बस्नेतसमेत, सुरेशकुमार बस्नेत वि. नन्दकुमार बस्नेत, सञ्जयकुमार बस्नेत वि. नन्दकुमार बस्नेत

प्रतिवादी नन्दकुमार बस्नेत र प्रतिवादी सञ्जयकुमार बस्नेतले कि.नं.१६२९ र १६३१ को जग्गा मिति २०५९।६।१५ र ऐ. १८ को कागजमा प्रतिवादी श्रीराज बस्नेतकोरअअर्का विवाह खर्च छुट्याएको भए तापनि प्रस्तुत मुद्दा फैसला हुँदाको अवस्थामा निजको विवाह भइसकेको हुँदा विवाह खर्च पाउने ठहराएको पुनरावेदन अदालतको फैसला मिलेको छैन भनी लिएको पुनरावेदन जिकिरतर्फ हेर्दा अंशबन्डा गर्दाका अवस्थामा निज प्रतिवादी श्रीराज बस्नेत अविवाहित रहेको तथ्यमा विवाद छैन । मुलुकी ऐन, अंशबन्डाको महलको १७ नं. ले अंशबन्डा गर्दा विवाह नभएका छोराछोरीलाई कानूनबमोजिमको विवाह खर्च पर सार्नुपर्ने व्यवस्था गरेको सन्दर्भमा सोही कानूनी व्यवस्थाबमोजिम पर सारिएको विवाह खर्चलाई सो मितिभन्दा पछि निजको विवाह भएको भन्ने कारणले मात्र निजले कानूनबमोजिम पाउने विवाह खर्चलाई अन्यथा भन्न र त्यस्तो सम्पत्तिलाई अबन्डा मानी बन्डा गर्न नमिल्ने ।

अब पुनरावेदक वादीले आफ्नो नाउँमा दर्ता रहेको निजी आर्जनको कि.नं. ३०३ को क्षे.फ. ०-१३-२-० कित्ताकाट गरी कायम कि.न. ७१९ को क्षे.फ ०-५-०-० जग्गासमेत अबन्डा राखेको र प्रतिवादीमध्येका सञ्जयकुमार बस्नेतले आफूले राजीनामाबाट प्राप्त गरेको आफ्नो निजी आर्जनको कि.नं. ६०५ र ६०३ को सम्पत्ति अन्य अंशियारलाई बन्डा नलाग्ने निजी आर्जनको हुँदा बन्डा लाग्ने ठहर गरेको पुनरावेदन अदालतको फैसला मिलेको छैन भनी लिएको जिकिरतर्फ हेर्दा उल्लिखित कित्ता सम्पत्ति यी पुनरावेदकहरूले वादी प्रतिवादीहरू मानो छुट्टिनु अघि एकासगोलमा रहेभएकै अवस्थामा प्राप्त गरेको देखिन्छ । सगोलमा रहेको अवस्थामा प्राप्त सम्पत्ति अन्यथा प्रमाणित नभएसम्म सबै अंशियारहरूको बराबर हक लाग्ने साझा सम्पत्ति भनी मान्नुपर्ने हुन्छ । कसैले आफ्नो निजी ज्ञान, सिप, प्रयासबाट आर्जन गरेको अरूको हक नलाग्ने भनी दाबी गरेको अवस्थामा दाबी गर्नेले नै सो सम्पत्ति निजी आर्जनको वा निजी तवरले दान वा बकस पाएको भनी पुष्टि

गर्नुपर्ने हुन्छ । केवल निजी आर्जनको भनी दाबी लिँदैमा निजी आर्जन पुष्टि हुने होइन । प्रस्तुत मुद्दामा पुनरावेदक वादीले कि.नं. ७१९ को जग्गा श्रीमती निर्मला खड्कालाई पेवा स्वरूप हालैको बकस गरिदिएको देखिन्छ । सगोल परिवारभित्र लोग्नेले श्रीमतीलाई बकस दिएकै आधारमा त्यस्तो सम्पत्ति बकस पाउनेको निजी हुन सक्दैन । यसैगरी पुनरावेदक प्रतिवादी सञ्जयकुमार बस्नेतले दाबीको सम्पत्ति निजी आर्जन भनी दाबी लिए तापनि सो सम्पत्ति निजी आर्जनको हो, सगोलको सम्पत्तिबाट बढे बढाएको होइन भनी कुनै विश्वसनीय प्रमाण पेस गरी पुष्टि गर्न सकेको देखिँदैन । मुख्यतः आफ्नो निजी आर्जनको सम्पतिमा अन्य अंशियारको हक नलाग्ने भनी दाबी गर्ने पुनरावेदक वादी र प्रतिवादीहरूले उल्लिखित कित्ता जग्गाहरू अबन्डा राख्ने भनी मिति २०५९/६/१५ र २०५९/६/१८ को सहमतीको लिखत एवम् मिति २०५९/६/१६ को अंशबन्डाको पारित लिखतमा समेत उल्लेख गरेको अवस्थामा आफैँले सगोलको भनी अबन्डा राख्न स्वीकार गरेको सम्पत्ति हाल आएर अरूको बन्डा नलाग्ने आफ्नो निजी आर्जनको भनी लिएको पुनरावेदन जिकिर तथ्य र प्रमाणबाट समर्थित हुन सकेन । उक्त पुनरावेदन जिकिर तथा निजहरूको तर्फबाट उपस्थित विद्वान् कानून व्यवसायीहरूको बहससँग सहमत हुन नसकिने ।

यस अतिरिक्त पुनरावेदक वादी तथा प्रतिवादी सञ्जयकुमार बस्नेतसमेतले मूल रूपमा प्रतिवादी राधादेवी बस्नेतले कि.नं. १६६६ समेतका जग्गा जिउनीमा राखेकोमा चित्त नबुझाई अबन्डा सम्पत्ति बन्डा गरिपाउँ भनी जिकिर लिएको देखिएको अवस्था छ । जिउनी लिए दिएको कुरामा चित्त नबुझ्नेले मुलुकी ऐन, अंशबन्डाको महलको ३२ नं. का म्यादभित्र उजुर गर्न पाउने कानूनी व्यवस्था रहेकोमा निजहरूले उक्त कानूनी व्यवस्थाबमोजिम जिउनीसमेत मिसाई अंश गरिपाउँ भनी ऐनका म्यादभित्र दाबी लिएको अवस्थासमेत नदेखिँदा प्रतिवादी राधादेवी बस्नेतले लिए पाएको जिउनी तथा अर्का प्रतिवादी श्रीराज बस्नेतको विवाह खर्चसमेतलाई प्रस्तुत मुद्दाको रोहबाट अन्यथा गर्न मिल्ने देखिएन । यस स्थितिमा निज राधादेवी बस्नेतले बन्डाअनुसारको सम्पत्ति लिन्न भनेकोले जिउनीबापत कि.नं. १२९४, १२९६ र १६६६ र भाई श्रीराज बस्नेतको विवाह खर्चबापत कि.नं. १६२९ र १६३१ को जग्गा अलग गरी अन्य बाँकी अबन्डाको सम्पत्तिबाट वादीले छ भागको एक भाग बन्डा छुट्याई लिन पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसला मनासिव देखिँदा अन्यथा गर्नुपर्ने नदेखिने ।

जिउनी र विवाह खर्च छुट्याएका कित्ता अलग गरी अबन्डामा रहेको दर्ता स्रेस्ता भिडेको अन्य सम्पत्तिबाट नरम गरम मिलाई सात भागको एक भाग वादीले बन्डा छुट्याई लिन पाउने ठहऱ्याएको सुरू फैसला केही उल्टी गरी छ भागको एक भाग पाउने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको मिति २०७०।१।८ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: सोनी श्रेष्ठ

कम्प्युटर: सुजन नेपाल

इति संवत् २०७९ साल भाद्र २१ गते रोज ३ शुभम् ।